सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२४ कात्तिक २०८०, शुक्रबार (10 Nov 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २०४ ■ पृष्ठ १२+८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# भूकम्पपीडितलाई तत्काल गुजाराका लागि नगद राहत दिन सवा अर्ब लाग्ने



रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- १ मा पालमुनि परालको ओछ्यानमा बस्न विवश भूकम्पपीडित

रुकुम पश्चिममा **मनीष खड्का**

जाजरकोट र रुकुम पश्चिमका भूकम्प प्रभावितलाई तत्काल गुजाराका लागि नगदै दिइने राहतमा मात्रै सवा एक अर्ब रुपैयाँ लाग्ने प्रक्षेपण गरिएको छ। दुई जिल्लामा ६१ हजार घर क्षतिग्रस्त (पूर्ण र आंशिक) भएको तथ्यांक छ। विपत्बाट आवास क्षतिग्रस्त भएकाहरूलाई प्रतिघरपरिवार २० हजार रुपैयाँसम्म दिने प्रावधान 'विपत् पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७७' मा रहेकाले एक अर्ब २२ करोड रुपैयाँ आसपास खर्च लाग्ने अनुमान गरिएको हो।

प्रारम्भिक रिपोर्टअनुसार रुकुम पश्चिममा १६ हजार पाँच

» पृष्ठ १७ मा क्रमशः

## ■ पीडितको आस अब अस्थायी वास

जाजरकोटको भेरी नगरपालिका- १ रिम्नाकी २६ वर्षीया माया घर्ती ओलीले १७ कात्तिकको मध्यरातमा गएको भूकम्पमा श्रीमान् र छोरा गुमाइन्। २७ वर्षीय श्रीमान् पूर्णबहादुर र पाँच वर्षीय छोरा प्रणवलाई गुमाएकी माया यतिवेला चारजनाको परिवारसहित त्रिपालमुनि बसिरहेकी छिन्। लाउँलाउँ र खाउँखाउँ भन्ने उमेरमा जीवनसाथी र भविष्यको सहारा गुमाएकी माया अहिले आफू पनि बिरामी पर्न थालेकी छिन्। चिसोका कारण हातगोडा सुन्निने, रुघाखोकी लाग्ने, ज्वरो आउनेजस्ता समस्या देखिएको छ। 'चिसो नथेम्ने यो पालमुनि बसेर त कसरी ज्यान जोगाउनू ?' उनले भनिन्, 'गतिला ओढ्ने, ओछ्याउने पनि छैनन्, सानो छाप्रो मात्रै भए पनि केही सहज हुन्थ्यो।'

रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- १ की २५ वर्षीया रञ्जना पुन पनि परिवारका सदस्यसहित पालमुनि छिन्। दाइ, भाउजू र दुई भदै गुमाएको उनको परिवारका बाँकी सदस्यलाई अहिले चिसोले सताउन थालेको छ। 'चिसो दिन प्रतिदिन बढ्दै गएको छ, ओत लाग्नलाई पाल त छ, तर यसले चिसो छेक्न सकेको छैन, बिहान उठ्दा शीतले निथ्रुक भिज्नुपर्ने अवस्था छ, यसरी रात काट्न सकिन्न,' रञ्जिताले भनिन्, 'रुघाखोकीले सताएपछि घरका सबैजसोले औषधि सेवन गरिरहेका छौं। जे बज्रपात हुनु भइगयो, अब सानो छाप्रो भए पनि बनाउन पाए ओत लाग्ने आधार हुन्थ्यो, तर कसले बनाइदेला र ?'

## एक वर्षभित्रै पुनर्निर्माण सक्ने गरी थालियो तयारी

**ध्रुवबहादुर खड्का**, प्रवक्ता, राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण



"पुनर्निर्माणमा विगतको अनुभवलाई पनि हामी समेट्नेछौं। तर, यसपटकको पुनर्निर्माण कार्य वर्ष दिनभित्रै सक्ने गरी हामीले तयारी गरेका छौं।

**टेकराज थामी**/नयाँ पत्रिका

सरकारले जाजरकोट भूकम्पमा क्षति भएका घरहरूको पुनर्निर्माण एक वर्षभित्र सक्ने गरी तयारी थालेको छ। क्षतिग्रत घरहरूको पुनर्निर्माण एक वर्षमा सक्ने गत आइतबारको मन्त्रिपरिषद् बैठकको निर्णय कार्यान्वयनका लागि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रक्रिया थालेको हो।

'जाजरकोट भूकम्पमा क्षति पुगेका घर वर्ष दिनभित्र पुनर्निर्माण गर्न सरकारबाट निर्देशन प्राप्त भएको छ। प्राधिकरणले सोही विषयमा छलफल अघि बढाएको छ। पुनर्निर्माणमा विगतको अनुभवलाई पनि हामी समेट्नेछौं। तर, यसपटकको पुनर्निर्माण कार्य वर्ष दिनभित्रै सक्ने गरी हामीले तयारी गरेका छौं,' प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले भने। यसपटकको पुनर्निर्माण विगतको भन्दा चाँडो हुने उनको दाबी छ।

१२ वैशाख ०७२ मा गएको भूकम्पमा क्षति पुगेका घर पुनर्निर्माण गर्न पाँच वर्ष लागेको थियो। पुनर्निर्माणका लागि सरकारले लाभग्राहीको बैंक खातामा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत तीन चरणमा प्रतिलाभग्राही तीन लाख रुपैयाँ उपलब्ध गराएको थियो। जाजरकोट भूकम्पमा क्षति पुगेका घर पुनर्निर्माणमा पनि लाभग्राहीकै बैंक खातामा रकम उपलब्ध गराउने गरी प्राधिकरणले तयारी थालेको छ। तर, यसपटक जिल्ला प्रशासन कार्यालय नभई सम्बन्धित स्थानीय तहमार्फत रकम उपलब्ध गराउने पक्षमा छलफल अघि बढेको प्राधिकरणका प्रवक्ता खड्काले बताए।

'०७२ को भूकम्पमा ध्वस्त घर पुनर्निर्माण गर्न पाँच वर्ष लागेको थियो।

» पृष्ठ १७ मा क्रमशः

■ क्रिकेटर लामिछानेको मुद्दाको बहस सकियो

### एक महिनाभित्र बहसनोट पेस गर्न जिल्ला अदालतको आदेश



बिहीबार दुवै पक्षका कानुन व्यवसायीले बहस सकाएको र अब बहसनोट माग गरिएको काठमाडौं जिल्ला अदालतले जनाएको छ।

(विस्तृत समाचार पृष्ठ ३)

### पोर्चुगलमा दूतावास खोल्ने सरकारी निर्णय

अब ३३ देशमा नेपालका ३४ राजदूतावास (न्युयोर्कको नियोगसमेत) हुनेछन्



राजदूत नेपाल

सरकारले पोर्चुगलमा आवासीय राजदूतावास स्थापना गर्ने र सनिल नेपाललाई राजदूतमा नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको छ। पोर्चुगलमा करिब ३० हजारको हाराहारीमा नेपाली रहेको अनुमान छ।

(विस्तृत समाचार पृष्ठ ५)

### क्रिकेटले जोड्न सक्छ देश




● मिलन पाण्डे

खेल खेल मात्र होइन, देश जोड्ने सूत्र पनि हो। आजको दिनमा खेल, त्यसमा पनि विशेष गरी क्रिकेटबाहेक अरू के त्यस्तो कुरा छ, जसले सारा देशलाई एउटै भन्डामुनि ल्याउन सक्छ ?

(विचार पृष्ठ ६)

### १०,८०० मेगावाटको कर्णाली चिसापानी अघि बढाउने तयारी



आयोजना निर्माण गर्न विद्युत् प्राधिकरणमार्फत अद्यावधिक अध्ययन गराउने मन्त्रिपरिषद्को निर्णय

(विस्तृत पृष्ठ ११)

### तीन क्रिकेट रंगशाला राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत निर्माण गरिने



मूलपानी, विराटनगर र चितवनका रंगशालालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी चार वर्षभित्र सम्पन्न गर्ने सरकारको लक्ष्य

(विस्तृत पृष्ठ २०)

# सामाजिक सञ्जालमा निगरानी बढाउँदै सरकार

## मन्त्रिपरिषद्द्वारा सामाजिक सञ्जाल सञ्चालन निर्देशिका स्वीकृत, प्रहरीद्वारा आक्रामक कारबाही



■ निर्देशिकाअनुसार सामाजिक सञ्जाल कम्पनीहरू नेपालमा दर्ता हुनुका साथै कार्यालय खोल्नुपर्ने

■ फेक आइडी बनाउन नहुने, अरूलाई होच्याउन नहुने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच हुने सामग्री राख्न नहुने, निजी मामिलाका फोटा अनुमतिविना राख्न नपाइने प्रावधान

नयाँ पत्रिका

सामाजिक सञ्जालका अमर्यादित गतिविधिले देशको सुरक्षामै जोखिम बढेपछि सरकारले कडाइ थालेको छ। मन्त्रिपरिषद्को बैठकले सामाजिक सञ्जाल सञ्चालनसम्बन्धी निर्देशिका स्वीकृत गरेको छ भने प्रहरीले पनि दुरुपयोग गर्नेमाथिको कारबाहीमा कडाइ थालेको छ।

बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले सामाजिक सञ्जाल सञ्चालनसम्बन्धी निर्देशिका, २०८० स्वीकृत गरेको छ। निर्देशिकाले सामाजिक सञ्जाल कम्पनी तथा प्रयोगकर्तालाई नियममा बाँध्ने प्रयास गरेको छ।

निर्देशिकाअनुसार सामाजिक सञ्जाल कम्पनीहरू नेपालमा दर्ता हुनुका साथै कार्यालय खोल्नुपर्ने हुन्छ। नेपालमा फेसबुक, टिकटक, एक्स (ट्विटर), इन्स्ट्राग्राम, युट्युबलगायत सामाजिक सञ्जालका प्रयोगकर्ता धेरै छन्।

निर्देशिका कार्यान्वयनमा आएको तीन महिनामा सामाजिक सञ्जाल कम्पनीले नेपालमा दर्ता हुनुपर्नेछ। नेपालमा दर्ता नभई सञ्चालन हुँदा

» पृष्ठ १७ मा क्रमशः




# गर्भवती प्रहरीलाई अब छुट्टै पोसाक

## नेपाल प्रहरीको ८० हजार जनशक्तिमध्ये सात हजार महिला कर्मचारी

**नवराज मैनाली**/नयाँ पत्रिका

गर्भवती महिला प्रहरीलाई नेपाल प्रहरीले अब छुट्टै पोसाक दिने भएको छ। अहिलेकै पोसाकमा गर्भवती महिला प्रहरीलाई ड्युटी गर्न गाह्रो हुने भएपछि प्रहरी प्रधान कार्यालयले उनीहरूलाई सहज हुने पोसाक दिने निर्णय गरेको छ। नेपाल प्रहरीमा रहेको ८० हजार जनशक्तिमा सात हजार महिला प्रहरी कर्मचारी छन्।

बुधबार बसेको प्रहरीको नीति समन्वय समितिको बैठकले डाक्टर तथा नर्सहरूले प्रयोग गर्ने गाउनजस्तै पोसाक गर्भवती महिला प्रहरीलाई दिने निर्णय गरेको छ। 'गर्भवती अवस्थामा महिला प्रहरीलाई अहिलेकै पोसाक लगाएर काम गर्न गाह्रो हुने भएकाले सहज हुने पोसाक दिन लागेका हौं,' प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायतले भने, 'कतिपटक दिनेलगायतका विषयमा भने अझै छलफल हुँदै छ।'



प्रहरीका अन्य पोसाक वितरणलाई थप व्यवस्थित गर्न पनि प्रहरी प्रधान कार्यालयले छलफल थालेको छ। सिभिलमा काम गर्ने प्रहरीलाई अन्य कपडा खरिदका लागि नगद नै दिने तयारी छ। साथै, कतिपय चुस्त र कार्यालयको काममा लगाउने कपडा पनि आवश्यकताअनुसार वैज्ञानिक ढंगले वितरण गर्ने प्रहरी तयारी छ।

प्रहरीले आफैं पोसाक खरिद गरी कर्मचारीलाई दिँदै आएको छ। खरिदमा हुने चलखेलले कपडाको गुणस्तर भने कमजोर हुने गरेको प्रहरी कर्मचारीको गुनासो छ। साथै, पोसाकलगायत स्केलका सामान समयमा र पर्याप्तसमेत प्रहरीले पाउने गरेका छैनन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## कुमारी बैक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०७/२४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्वन गरी बैकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगताथ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

**तपसिल**

**ऋणीको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग जनकपुर, धनुषामा मिति २०७७/११/०३ मा प्रा.फ.र.नं. १७११५/१८९४/०७७/०७८ कायम भई दर्ता रहेको धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **ईशा ट्रेडर्स एण्ड सप्लायर्स** (प्रोप्राइटर खटर ठाकुर/रगनी देवीको नातिनी, श्याम ठाकुर/प्रभावती देवीको छोरी, दशै ठाकुर/जगतारण देवीको बुहारी, अमर ठाकुरको पत्नी, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १८ (साविक धनुषा जिल्ला, प्र.को.महुवा गा.वि.स. वडा.नं ०९) बस्ने **राज कुमारी देवी** (ना.प्र.नं. ५७९१०४१६, जारी मिति २०५५/१२/३०, जिल्ला प्रशासन कार्यालय धनुषा) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. दशै ठाकुर/जगतारण देवीको नाति, अमर ठाकुर/राज कुमारी देवीको छोरा, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. १८ बस्ने **अमन कुमार ठाकुर** (ना.प्र.नं. १७-०१-७४-०५९१६, जारी मिति २०७४/०५/११, जिल्ला प्रशासन कार्यालय धनुषा) ।
२. बलिराम ठाकुर हजाम/माल भोगिया देवीको नाति, दशै ठाकुर/जगतारण देवीको छोरा, राज कुमारी देवीको पति, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. १८ (साविक धनुषा जिल्ला, प्र.को.महुवा गा.वि.स. वडा.नं ०९) बस्ने **अमर ठाकुर** (ना.प्र.नं. ५७९१०३८४, जारी मिति २०५५/०९/१३, जिल्ला प्रशासन कार्यालय धनुषा) ।
३. जितु ठाकुर/नगिना देवीको नाति, बलिराम ठाकुर हजाम/माल भोगिया देवीको छोरा, जगतारण देवीको पति, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. १८ (साविक धनुषा जिल्ला, प्र.को.महुवा गा.वि.स. वडा.नं ०९) बस्ने **दशै ठाकुर** (ना.प्र.नं. ५७९१०३५०, जारी मिति २०५५/०४/२५, जिल्ला प्रशासन कार्यालय धनुषा) ।
४. बलिराम ठाकुर हजाम/माल भोगिया देवीको नाति, दशै ठाकुर/जगतारण देवीको छोरा, लक्ष्मिनियाँ कुमारीको पति, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. १८ (साविक धनुषा जिल्ला, प्र.को.महुवा गा.वि.स. वडा.नं ०९) बस्ने **दिगम्बर ठाकुर** (ना.प्र.नं. ५७९१०६६५, जारी मिति २०५८/११/०६, जिल्ला प्रशासन कार्यालय धनुषा) ।
५. राम स्वरुप ठाकुरको नातिनी, सहदेव ठाकुर/रतिया देवीको छोरी, बलिराम ठाकुर हजाम/माल भोगिया देवीको बुहारी, दशै ठाकुर को पत्नी, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. १८ (साविक धनुषा जिल्ला प्र.को.महुवा गा.वि.स. वडा.नं ०९) बस्ने **जगतारण देवी** (ना.प्र.नं. ५७९१०४६२, जारी मिति २०५६/०८/२३, जिल्ला प्रशासन कार्यालय धनुषा) ।
६. सुकर ठाकुरको नातिनी, नथुनी ठाकुर हजाम/उर्मिला देवीको छोरी, दशै ठाकुर/जगतारण देवीको बुहारी, डिगम्बर ठाकुरको पत्नी, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. १८ (साविक धनुषा जिल्ला प्र.को.महुवा गा.वि.स. वडा.नं ०९) बस्ने **लक्ष्मिनियाँ कुमारी** (ना.प्र.नं. १७१०६१/६७४, जारी मिति २०७०/०१/१९, जिल्ला प्रशासन कार्यालय धनुषा) ।
७. खटर ठाकुर/रगनी देवीको नातिनी, श्याम ठाकुर/प्रभावती देवीको छोरी, दशै ठाकुर/जगतारण देवीको बुहारी, अमर ठाकुरको पत्नी, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. १८ (साविक धनुषा जिल्ला प्र.को.महुवा गा.वि.स. वडा.नं ०९) बस्ने **राज कुमारी देवी** (ना.प्र.नं. ५७९१०४१६, जारी मिति २०५५/१२/३०, जिल्ला प्रशासन कार्यालय धनुषा) ।

**धितो सुरक्षणको विवरण:**

१. **राज कुमारी देवी**को नाममा मालपोत कार्यालय, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर गा.वि.स./न.पा. वडा नं. १६ स्थित कित्ता नं. ४३० र १७७ को क्षेत्रफल क्रमशः १२०.४६ र ८५.०० (व.मी) जग्गा तथा साको सम्पूर्ण लिगलगापातहरु ।
२. **लक्ष्मिनियाँ कुमारी**को नाममा मालपोत कार्यालय, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर गा.वि.स./न.पा., वडा नं. १६ स्थित कित्ता नं. ६१ को क्षेत्रफल १०१.३० (व.मी)) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय मलंगवा, सर्लाही फोन नं. ०४६-५२१२०६/२०७

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०७/२४ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले कलंकी शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री अर्जुनदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : का.म.न.पा ३१, काठमाडौं । हालको ठेगाना कलंकी १४, काठमाडौं । दर्ता नं: ३८११/०६७/०६८**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | | |
|---|---|---|
| **१) नाम : अर्जुन थापा**<br>**(अध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : मदन बहादुर थापा<br>बाजे : खड्ग बहादुर थापा<br>पत्नी : भगवती थापा<br>ना प्र नं.: ५९७८/४८३८ (काठमाडौं)<br>ठेगाना : का.म.न.पा १३, काठमाडौं | **२) नाम : दिपेन्द्र खड्का**<br>**(उपाध्यक्ष तथा जग्गाधनि)**<br>बाबु : राम भाई खड्का<br>बाजे : मदन बहादुर खड्का<br>पत्नी : नानुमाया थापा<br>ना.प्र.नं: १२३७९ (काठमाडौं)<br>ठेगाना : का.म.न.पा १४,काठमाडौं | **३) नाम : मधुसुदन चन्द ठकुरी**<br>**(सचिव तथा जमानीकर्ता)**<br>बाबु : रधुनाथ चन्द<br>बाजे : शिव बहादुर चन्द<br>पत्नी: रुक्कमणी भण्डारी<br>ना.प्र.नं: ९४९७२ (ललितपुर)<br>ठेगाना : सैवु १ ललितपुर |
| **४) नामः नरेश महर्जन**<br>**(कोषाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : नाति महर्जन<br>बाजे : कालु महर्जन<br>श्रीमती : दिपा महर्जन<br>ना.प्र.नं: २७ १११७५/१४०२६<br>(काठमाडौं)<br>ठेगाना : का.म.न.पा १४, काठमाडौं | **५) नामः सकुन्तलामाया थापा**<br>**(संचालक सदस्य)**<br>बाबु : मदन बहादुर थापा<br>बाजे : खड्ग बहादुर थापा<br>पति : ऋषि गुरुङ्ग<br>ना.प्र.नं: २८७०० (काठमाडौं)<br>ठेगाना : कालिमाटी १३ टंकेश्वर,<br>काठमाडौं | **६) नामः सुरज आले**<br>**(संचालक सदस्य)**<br>बाबु : राम बहादुर आले<br>बाजे : खड्ग बहादुर आले<br>ना.प्र.नं: ५२/३४३७५ (मकवानपुर)<br>ठेगाना : पाँगा, किर्तिपुर, काठमाडौं |
| **७) नामः कबिता राना**<br>**(संचालक सदस्य)**<br>बाबु : शिव बहादुर राना<br>बाजे : भक्त बहादुर राना<br>पति : अजय थापा<br>ना.प्र.नं: २७१०६०/४२९३७<br>(सिन्धुपाल्चोक)<br>ठेगाना : भैसेपाटी, काठमाडौं | **८) नामः तारा सुब्बा**<br>**(तत्कालिन उपाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : बम्ब बहादुर लिम्बु<br>बाजे : लाल बहादुर लिम्बु<br>पति : बिशाल याख्वा<br>ना.प्र.नं: ११२२ (धनकुटा)<br>ठेगाना : सुकेधारा, काठमाडौं | **९) नामः जेनी जोशी**<br>**(तत्कालिन संचालक सदस्य तथा जमानीकर्ता)**<br>बाबु : प्रेमलाल जोशी<br>बाजे : सिद्धिलाल जोशी<br>पतिः दिवेश प्रधान<br>ना.प्र.नं: ९९४६ (काठमाडौं)<br>ठेगाना : का.म.न.पा २०, बागबजार,<br>काठमाडौं |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री मदन बहादुर खड्काको नाति राम भाई खड्काको छोरा का.म.न.पा वडा नं १४ बस्ने श्री दिपेन्द्र खड्काको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेष्ठा कायम रहेको काठमाडौं जिल्ला का.म.न.पा वडा नं १४ कलंकीको कित्ता नं.८० को क्षेत्रफल १०१.८० ब.मी र कित्ता नं ६८ को क्षेत्रफल ४४७.२० ब.मी को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५९८०१८२, Web: www.ncbl.coop

# अर्घाखाँचीको भैरव नाच वसन्तपुरमा देखाइयो



नयाँ पत्रिका

अर्घाखाँचीको प्रसिद्ध ऐतिहासिक भैरव नाचलाई काठमाडौंको वसन्तपुर दरबार क्षेत्रमा प्रदर्शन गरिएको छ । अर्घाखाँचीका स्थानीय तह, सांस्कृतिक संस्था, गुठी संस्था, स्थानीयवासी, हनुमानढोका हेरचाह कार्यालयलगायतको समन्वयमा भैरव नाचलाई बुधबार काठमाडौंमा प्रदर्शन गरिएको हो ।

काठमाडौं उपत्यकाकाभित्र पनि भैरव नाच प्रसिद्ध मानिन्छ । भैरव नाचलाई अर्घाखाँची जिल्लाको ऐतिहासिक, पौराणिक, धार्मिक तथा सांस्कृतिक नाचका रूपमा लिइन्छ । जिल्लाका केही मठ-मन्दिरहरूमा यो नाच हरेक वर्ष प्रदर्शन गरिन्छ । यसप्रकारको नाचमा करिब १० किलोको मखुन्डो भिरेर र डङ्किनीलाई साथमै लिएर लगातार तीन घन्टासम्म प्रदर्शन गरिन्छ । यस हिसाबमा पनि अर्घाखाँचीको भैरव नाच फरक मानिन्छ ।

जिल्लामा सीमित रहेको फरक किसिमको भैरव नाचलाई प्रचारप्रसार गर्न र संस्कृति आदान-प्रदान गर्न काठमाडौंमा भैरव नाच प्रदर्शन गरिएको भैरव नाचका संरक्षकर्ता माधव श्रेष्ठले जानकारी दिए । उनका अनुसार काठमाडौं उपत्यका तथा अन्य ठाउँमा देखाइने भैरव नाचभन्दा अर्घाखाँचीमा देखाइने भैरव नाच भिन्न छ । यहाँ पञ्चेबाजाका साथमा भैरव नाच प्रदर्शन गरिन्छ भने भैरवको मखुन्डो तथा पहिरन पनि फरक हुने गर्छ ।

'भैरव नाच ऐतिहासिक नाच हो, हामीले पञ्चेबाजासहित यो नाच वसन्तपुरमा प्रदर्शन गरेका छौं,' उनले भने, 'ऐतिहासिक जात्रा-पर्वहरूलाई संरक्षण गर्न हामीले यसको प्रचारप्रसार पनि गरेका हौं ।'

जिल्लामा यो नाच विशेष नेवार समुदायसँग सम्बन्धित छ । पछिल्लो समय नयाँ पुस्ताको जात्राप्रति आकर्षण नहुँदा यसको जगेर्ना गर्न कठिन हुन थालेको छ । साथै, ग्रामीण क्षेत्रमा रोजगारका लागि नयाँ पुस्ता बिदेसिने क्रम बढेकाले पनि जात्रा तथा पर्वहरू संकटमा पर्ने डर देखिएको भैरवनाथ व्यवस्थापन समितिका संयोजक अभिमन्यु बस्याललेे जानकारी दिए । उनका अनुसार यस प्रकारको नाचलाई काठमाडौंमा लाखे नाच भन्ने गरिए पनि अर्घाखाँचीमा भैरव नाचले प्रसिद्ध छ । नाच प्रदर्शन गर्दा भैरवको स्वरूपमा लगाइने कालो मुकुटलाई शिवजीको प्रतीक मानिन्छ भने रातो मुकुट देवी र सेतो मुकुट गणेशको प्रतीकका रूपमा रहेका छन् ।

# नगरकोट सडक महोत्सव सुरु

**भक्तपुर**/ गोरखा भूकम्प र कोरोना महामारीले थला परेको नगरकोटको पर्यटनलाई चलायमान बनाउने उद्देश्यले बिहीबारदेखि तीनदिने सडक महोत्सव सुरु भएको छ । नगरकोट नाल्दुम पर्यटन विकास समितिले आयोजना गरेको महोत्सवको मण्डन देउपुर नगरपालिकाका नगर प्रमुख टोकबहादुर वाइबाले उद्घाटन गरेका हुन् ।

विश्वकै आकर्षक पर्यटकीय गन्तव्यमध्येको एक मानिने भक्तपुर र काभ्रेको नगरकोट आफैंमा विश्वप्रसिद्ध पर्यटकीय गन्तव्य भए पनि पर्यटकको आगमन वृद्धि गर्न यस प्रकारको महोत्सव सहयोगी हुने नगर प्रमुख वाइबाले बताए । स्थानीय सरकारले यो क्षेत्रको पर्यटकीय विकासका लागि संयुक्त अवधारणा एवं कार्यक्रम अघि सारेको बताउँदै उनले प्रदेश र केन्द्रीय सरकारले पनि पर्यटन प्रवर्द्धनका लागि कार्यक्रम ल्याउनुपर्ने औंल्याए । समितिका अध्यक्ष नवीन गुरुङले नगरकोटलाई आन्तरिक तथा बाह्य पर्यटनको मुख्य केन्द्र बनाउन एवं पर्यटकको आगमनलाई वृद्धि गराउने मुख्य उद्देश्य तथा रैथाने वस्तुका उत्पादनकर्तालाई लाभान्वित गर्न महोत्सवको आयोजना गरेको बताए । महोत्सवको अवसरमा नगरकोट रात बस्ने गरी जाने पर्यटकलाई यहाँका ठूला तथा साना होटेलले बसाइमा १० प्रतिशतसम्म छुट दिने व्यवस्था गरिएको बताउँदै अध्यक्ष गुरुङले केही होटेलले आन्तरिक रूपमा त्यसभन्दा बढी पनि छुट दिन सक्ने बताए ।

चाँगुनारायण नगरपालिका-६, नगरकोटका वडाध्यक्ष एवं समितिका उपाध्यक्ष धनबहादुर तामाङले नगरकोटमा दिगो पर्यटन विकासका लागि योसँग सिमाना जोडिएको भक्तपुरको चाँगुनारायण, काभ्रेको मण्डन देउपुर र बनेपा नगरपालिका तथा काठमाडौंको शंकरापुर नगरपालिकाले एकीकृत पर्यटकीय विकासको अवधारणा ल्याएर काम गरिरहेको बताए ।

संक्षेपमा उपत्यका

**भोटाहिटी** : सामाजिक सञ्जालको दुरुपयोग गरी चरित्र हत्या गरेको अभियोगमा सिराहा लहान नपा-२४ का ३६ वर्षीय मनोज मानव भन्ने मनोजकुमार महतोलाई प्रहरीले बुधबार पक्राउ गरेको छ । टिकटक र फेसबुकमार्फत पीडित महिलाको तस्बिर तथा श्रव्यदृश्य सामग्री दुरुपयोग गरी चरित्र हत्या गर्ने उद्देश्यले क्याप्सनसमेत लेखी सामाजिक सञ्जालमा प्रकाशन तथा प्रसारण गरेको भन्ने उजुरीका आधारमा साइबर ब्युरो भोटाहिटीबाट खटिएको प्रहरीले अनुसन्धान तथा प्राविधिक विश्लेषण गर्ने क्रममा उक्त कार्यमा महतोको संलग्नता खुल्न आएपछि उनलाई काठमाडौंबाट पक्राउ गरेको हो ।

**माछापोखरी** : अछाममा १८ वर्षीय किशोरको हत्यामा संलग्न रही फरार रहेको अभियोगमा एक महिलालाई प्रहरीले काठमाडौंबाट बुधबार पक्राउ गरेको छ । पक्राउ पर्नेमा अछाम पञ्चदेवल विनायक नगरपालिका-८ घर भएकी ३० वर्षीया लक्ष्मी सुनार रहेकी छिन् । पञ्चदेवल विनायक नगरपालिका-८ बस्ने १८ वर्षीय दीपेन्द्रबहादुर साहीको गत १७ कात्तिक बिहान हत्या गरी फरार रहेकी उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवन काठमाडौंबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-१६, माछापोखरीबाट पक्राउ गरेको हो ।

**बल्खु** : ललितपुर मनपा-३, बल्खु शान्तिबस्ती डेरा गरी बस्ने दोलखा सैलुङ गाउँपालिका-५ घर भएकी २६ वर्षीया मनीषा भुजेलको कोठाबाट सुन तथा चाँदीका गरगहनासमेत गरी करिब एक लाख पाँच हजार रुपैयाँबराबरको धनमाल बुधबार दिउँसो चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## CHANDRAGIRI HILLS LIMITED

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE
Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

### आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित
अनुसूची-१४

**चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

**१. वित्तीय विवरण :**

कम्पनीको हिसाब किताबको लेखांकन अनुसार आर्थिक वर्ष २०८०/०८१ (२०२३/२०२४) को २०८० श्रावण १ देखि असोज ३० -जुलाई १७, २०२३ देखि अक्टोबर १७ ,२०२३ ) सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**(क) आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :**

आर्थिक वर्ष २०८०/०८१ को कम्पनीको प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ ।

प्रथम त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

**(ख) कम्पनीको प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :**

| विवरण | यस आ.व.को प्रथम त्रैमासिक अवधि (असोज ३०, २०८० को अन्त्यमा) | अघिल्लो आ.व. को चौथो त्रैमासिक अवधि (आषाढ ३०, २०८० को अन्त्यमा) | गत आ.व. को प्रथम त्रैमासिक अवधि(आश्विन ३०, २०७९ को अन्त्यमा) |
|---|---|---|---|
| ऋण पुंजीको अनुपात | १.६७ | १.७६ | २.०३ |
| सेयरधनीको सेयर पुंजी कोषको प्रतिफल | ०.०२ | ०.१२ | ०.०१ |
| प्रतिसेयर आम्दानी (रु) | १.३९ | ९.८५ | ०.८५ |
| प्रतिसेयर नेटवर्थ (रु) | ८६.११ | ८४.७२ | ७५.१४ |
| प्रतिसेयर कुल सम्पत्तिको मूल्य (रु) | २४०.७० | २४६.६३ | २३३.७४ |
| प्रतिसेयर बजार मूल्य (रु १००/-प्रतिसेयर) (रु) | १०६६ | १२८० | ९५३ |
| प्राइस अर्निंड रेसियो (टाईम्स ) | ७६५.१३ | १२९.९० | १११५.३७ |
| चालू अनुपात | ३.२५ | २.८३ | २.६० |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) आर्थिक वर्ष २०८०/०८१ को पहिलो त्रयमासमा यस हिल्समा भ्रमण गरेका पर्यटकको तथ्याङकका आधारमा वाह्य तथा आन्तरीक पर्यटकहरुको आगमनमा उल्लेख्य सुधार भएको छ । साथै गत आर्थिक वर्ष २०७९।०८० को पहिलो त्रयमासको तुलनामा यस आ.व.को पहिलो त्रयमासमा कम्पनीको कुल आम्दानी १०.५९ प्रतिशतले तथा कर पछिको नाफामा ६३.०६ प्रतिशतले वृद्धि भएको छ ।

(ख) नेपाल पर्यटन बोर्डबाट जारी गरिएको पछिल्लो तथ्याक अनुसार सन २०२३ को अक्टोबर महिनामा करिब १ लाख १७ हजार पर्यटकहरु नेपाल भित्रिएको देखिन्छ । यसका साथै वर्ष २०२३ को पछिल्लो १० महिनामा प्रति महिना औषत ८० हजार ९६८ पर्यटक नेपाल भित्रिएका छन । उल्लेखित तथ्यांक आफैमा विश्व-व्यापी रुपमा पर्यटन क्षेत्र चलायमान भएको अवस्था र यस क्षेत्रको उत्साहजनक सूचक हो । यसबाट एकिकृत पर्यटकिय गतिविधि संचालन गर्ने यस कम्पनी जस्ता पर्यटन उद्योगका लागि ठूलो अवसरको रुपमा लिइएको छ भने मुलुकको विदेशी मुद्राको आम्दानीमा सकारात्मक प्रभाव पर्न गइ विदेशि मुद्रा सचिति वद्दन जान्छ ।

(ग) हालको प्रतिस्पर्धी पर्यटन बजारमा यस चन्द्रागिरि हिल्स लिमिटेडको अद्वितीय प्राकृतिक वातावरण तथा उपलब्ध पर्यटकिय उपजहरुको समुचित उपयोग गरि ग्राहक केन्द्रित उत्कृष्ट सेवा प्रदान, अनावश्यक खर्च कटौती एवं नियन्त्रण गर्दै कम्पनीको आम्दानीमा उल्लेख्य सुधार गरी नाफामा उल्लेख्य सुधार गर्ने रणनीतिमा रहेको छ । यसका लागि संचालकहरुसंगको छलफल पश्चात कम्पनीका सम्पूर्ण शेयरधनी सदस्यहरुका लागि विशेष छुट सहितको प्याकेजका अतिरिक्त प्रत्येक शुक्रवार तथा सोमवार हुने सध्याकालीन केवलकार टिकटमा विशेष छुट सहित सेवालाई निरन्तता दिइएको छ । र आगामी दिनमा समेत नयाँ नयाँ योजना तथा प्याकेज बनाई उपलब्ध गराउने योजना रहेको छ ।

(घ) कम्पनीको सावधिक कर्जाको किस्ता तथा सो को ब्याज तोकिएको समयमा भुक्तानी गरिदै आइएको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधि सम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिसम्मा कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :

| प्रथम त्रैमासिक (२०८० असोज ३० (तदनुसार अक्टोबर १७, २०२३ सम्म) | सेयर कारोबार-मूल्य (रु) | | | कुल सेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार सेयर संख्या |
| | १,४७० | १,०५४ | १,०६६ | ६१ | ७,४१८ | ३८७,१८० |

**५. समस्या तथा चुनौती :**

**(क) समस्या तथा चुनौतीहरु :**

**(अ) आन्तरिक**

१. यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**(आ) वाह्य**

१. अप्रत्याशित रुपमा घट्ने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरुको कारण वाह्य पर्यटकको आवागमनमा यस कम्पनीमा पर्न सक्ने प्रभाव ।
२. देशमा भईरहने राजनैतिक उतार चढावका कारण पर्न सक्ने प्रभाव ।
३. पर्यटकिय पूर्वाधारको विकासमा देखिएको सुस्त गतिका कारण आन्तरिक तथा वाह्य पर्यटकीय गतिविधिमा पार्ने प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव ।
४. पर्यटन सम्वद्ध अस्थिर राष्ट्रिय नीति नियमवाट विषेश गरि पर्यटकीय क्षेत्रमा पर्ने सक्ने प्रभाव ।
५. विदेशी विनियम दरमा आउने परिवर्तन ।

**(ख) रणनीति :**

क कम्पनीप्रति आम जनमानसवाट प्राप्त सकारात्मक सोच, कम्पनीको व्यवस्थापनको कार्यकुशलता र समय सापेक्ष अपनाईएका विभिन्न रणनीतिको परिणामस्वरुप स्वदेश तथा विदेशवाट भ्रमणमा आउने पर्यटकहरुको अघिल्लो समिक्षा अवधिको तुलनामा यस समिक्षा अवधिमा वृद्धि , रिसोंटमा वास बस्ने र विभिन्न गोष्ठि, सेमिनार संचालन गर्न आउने व्यक्ति तथा संघसस्थाको सख्यामा वृद्धि भएको छ ।

ख) कम्पनीमा उपलब्ध सबै संयन्त्र र पर्यटकीय संरचनाको समुचित उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अनावश्यक खर्चहरुलाई कटौती गरी कम्पनीको आम्दानीमा वृद्धि हुने गरी बजार व्यवस्थापन गर्ने तर्फ उच्च प्राथमिकता दिईएको छ ।

ग) चन्द्रागिरि हिल्समा आउने पर्यटकहरुको भ्रमणलाई थप आकर्षक तथा उत्प्रेरित गर्नका लागि कम्पनीको तर्फबाट विषेश प्रकारको सदस्यता प्रदान गर्ने कार्यक्रम तथा कम्पनीका शेयर सदस्यहरुकालागि विषेश छुट सहितको नयाँ योजना लागु गरिएको छ ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण:

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरि कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन समेत दिने गरेको छ ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गरी सो माथी विस्तृत छलफल हुने गरेको ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्

### चिनियाँ नेता उच्चस्तरीय भेटवार्तामा

# भूकम्पपीडितलाई तिब्बत सरकारको पाँच करोड सहयोग घोषणा

## प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणमा भएका सहमति शीघ्र कार्यान्वयनमा लगिने, ल्हासाबाट चाँडै नेपाल उडान

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

चिनियाँ कम्युनिस्ट पार्टीको तिब्बत स्वशासित क्षेत्रका सचिव वाङ छुङछेङले भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिमका लागि पाँच करोड नेपाली रुपैयाँ अनुदान दिने घोषणा गरेका छन् । बिहीबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग शिष्टाचार भेटका क्रममा उनले पुनर्निर्माणमा सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । ल्हासाबाट काठमाडौं र पोखरामा हवाई उडान पनि शीघ्र सुरु गर्ने जानकारी वाङले दिएका छन् ।

बुधबार १२ सदस्यीय प्रतिनिधिमण्डलसहित नेपाल आएका वाङले बिहीबार राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र संघीय मामिलामन्त्री अनिता देवीसँग बेग्लाबेग्लै भेटवार्ता गरेका छन् । तिब्बतका कार्यकारी प्रमुखसमेत रहेका वाङले प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणमा भएका तिब्बतसँग सम्बन्धित सहमति/समझदारी शीघ्र कार्यान्वयनका लागि तिब्बत सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

'प्रधानमन्त्रीको चीन भ्रमणमा भएका सहमति, समझदारी र सम्झौताहरूलाई चाँडो कार्यान्वयन गर्ने विषयमा छलफल भयो,' भेटवार्तापछि प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार डा. रूपक सापकोटाले भने । उनका अनुसार चिनियाँ नेता वाङले कतिपय सम्झौताको कार्यान्वयनका लागि आफूले सहजीकरण गर्ने पनि वचन दिएका छन् ।

'राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमण र प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणमा भएका सहमति, सम्झौता र समझदारीहरू कार्यान्वयनका लागि हामी गम्भीर छौं । चाँडो कार्यान्वयनका लागि सहजीकरण र पहलकदमी लिन हामी तयार छौं । त्यही सन्दर्भमा हामी नेपाल आएका हौं,' सेक्रेटरी वाङले प्रधानमन्त्री प्रचण्डसहित सबै शीर्ष नेतालाई भने । प्रधानमन्त्री प्रचण्डले यो भ्रमणपछि विगतमा कोरोना महामारीका कारण रोकिएका दुई देशबीचका परियोजनाहरू सुचारु हुने विश्वास व्यक्त गरेका थिए । छलफलमा प्रधानमन्त्री प्रचण्ड र वाङबीच १० असोजमा ल्हासामा भएको भेटवार्ताको पनि स्मरण गरिएको थियो ।

वाङले जाजरकोट र रुकुमका लागि राहत र पुनर्स्थापनाका लागि तत्कालै पाँच करोड रुपैयाँ सहयोग दिने घोषणा गरेका छन् । यसअघि चीनको केन्द्र सरकार र विभिन्न प्रान्तीय सरकारले सहयोग घोषणा गरिसकेका छन् भने राहत लिएर चिनियाँ जहाज र ट्रक नेपाल आइसकेका छन् ।

वाङले तिब्बतको ल्हासा विमानस्थल पुनर्निर्माण कार्य अन्तिम चरणमा पुगेको उल्लेख गर्दै सम्पन्न भएपछि काठमाडौं उडान सुरु गर्ने तथा पोखरा र भैरहवामा पनि उडान



गर्ने बताएका छन् । चीन सरकारले नेपालका सीमावर्ती १५ जिल्लामा जीविकोपार्जन (शिक्षा, स्वास्थ्य, पूर्वाधार) कार्यक्रमअन्तर्गत सन् २०२४ देखि आगामी पाँच वर्षका लागि दुई करोड चिनियाँ मुद्राबराबरको सहयोग गर्ने पनि वाङले बताए । नेपालको संघीय मामिला मन्त्रालय र चीन सरकारबीच यससम्बन्धी समझदारीमा बिहीबारै हस्ताक्षर भएको छ ।

प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार सापकोटाका अनुसार १३ डिसेम्बर (मंसिर २७)मा मुस्ताङको कोरला नाका खुला गर्न लागेको चिनियाँ नेता वाङले जानकारी दिएका छन् । यो नाका पहिलोपटक खुल्न लागेको हो । चीन पक्षले यसका लागि पूर्वाधार निर्माण गरिसकेको छ । वाङले प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणका वेला भएका सहमतिअनुसार नेपाल र तिब्बतबीचका १४ वटा नाका (तीन अन्तर्राष्ट्रिय र बाँकी द्विपक्षीय तथा परम्परागत) क्रमैसँग खोल्न चीन तयार रहेको बताएका छन् । कोरोना महामारीका कारण अवरुद्ध भएको दुई देशबीचको सम्झौता कार्यान्वयन प्रक्रियाको अब बाटो खुलेको दुवै पक्षको बुझाइ छ । अब तत्कालै अरनिको राजमार्ग विस्तारको चौथो चरण र स्याफ्रुबेंसी-रसुवागढी राजमार्ग विस्तारको कार्य सुरु हुने पनि चिनियाँ पक्षले जानकारी दिएको छ ।

पाँचदिने औपचारिक भ्रमणमा वाङ बुधबार काठमाडौं आएका थिए । उनले जाजरकोट र रुकुममा हालै आएको भूकम्पबाट जनधनको क्षतिप्रति सबै भेटहरूमा दुःख व्यक्त गर्दै क्षमतालै भ्याएसम्म सघाउने आश्वासन दिएका छन् । नेता वाङ शुक्रबार पोखरा जाने कार्यक्रम छ । पोखरामा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डेसँग उनको भेटवार्ता हुनेछ । पोखरामा रहँदा उनले चीन-नेपाल सांस्कृतिक आदान-प्रदानसम्बन्धी परियोजनाको निरीक्षण गर्ने कार्यक्रम छ । उनी शनिबार काठमाडौं फर्किएपछि उप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ । वाङ आइतबार भक्तपुरमा चिनियाँ सहयोगमा भूकम्पपछि निर्मित संरचनाको अनुगमन गरेर सोही दिन श्रीलंकाको राजधानी कोलम्बो जाने कार्यक्रम छ ।

### ■ क्रिकेटर लामिछानेको मुद्दाको बहस सकियो

# एक महिनाभित्र बहसनोट पेस गर्न जिल्ला अदालतको आदेश

नयाँ पत्रिका



नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछाने प्रतिवादी रहेको मुद्दामा बहस सकिएको छ । बिहीबार दुवै पक्षका कानुन व्यवसायीले बहस सकाएको र अब बहसनोट माग गरिएको काठमाडौं जिल्ला अदालतले जनाएको छ ।

न्यायाधीश केशवप्रसाद घिमिरेको इजलासले यस्तो आदेश दिएको म्रेस्तेदार रामु शर्माले बताए । 'मंसिर २२ गतेभित्रमा दुवै पक्षलाई बहसनोट पेस गर्ने आदेश भएको छ । फैसलाका लागि त्यसपछि पेसी चढ्नेछ,' उनले भने । थुप्रै कानुन व्यवसायी भएका कारण बहस नसकिएपछि इजलासले बहसनोट पेस गर्न आदेश गरेको हो ।

३१औं पटकको पेसीमा र २७औं पटक इजलासमा पुगेपछि यो मुद्दा पूर्ण सुनुवाइमा गई बहस सुरु भएको थियो । जसपछि न्यायाधीश घिमिरेको इजलासले दुवै पक्षबाट बहसनोट माग गरेको हो । यस मुद्दामा चारपटक प्रमाण बुझ्ने आदेश भइसकेको थियो । पटक-पटक विविध कारणले सुनुवाइ हुन नसकेको यो मुद्दामा अबको एक महिनाभित्र फैसला आउने सम्भावना छ ।

५ भदौ ०७९ मा क्रिकेटर लामिछानेले बलात्कार गरेको भन्दै सोही वर्ष २२ भदौमा एक किशोरीको उजुरी प्रहरीमा परेको थियो । अनुसन्धानपश्चात् जिल्ला अदालत काठमाडौंमा गत वर्ष १४ कात्तिकमा जबर्जस्ती करणीको मुद्दा दायर भएको थियो । फ्यानका रूपमा नजिकिन चाहेकी ती किशोरीलाई लामिछानेले गौशालास्थित एक होटेलमा लगी बलात्कार गरेको अभियोग दाबीसहित जिल्ला अदालत काठमाडौंमा आरोपपत्र दायर भएकोमा उनलाई गत वर्ष कात्तिकमा पुर्पक्षका लागि थुनामा पठाइएको थियो ।

तर, गत वर्ष २८ पुसमा उच्च अदालत पाटनको संयुक्त इजलासले धरौटीमा रिहा गर्ने आदेश सुनाएको थियो । जिल्लाको आदेश उल्ट्याउँदै न्यायाधीशद्वय ध्रुवराज नन्द र रमेश ढकालको इजलासले लामिछानेलाई २० लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेपछि उनी रिहा भएका थिए ।

सरकारी पक्ष उक्त आदेशविरुद्ध सर्वोच्च गए पनि उच्चकै आदेश सदर भएको थियो । न्यायाधीश सपना प्रधान मल्लको इजलासले यस मुद्दालाई छिटोछरितो किनारा गर्न पनि आदेश दिएको थियो ।

सर्वोच्चकी न्यायाधीश सपना प्रधान मल्लले गरेको 'प्रस्तुत मुद्दा जबर्जस्ती करणीको अभियोगजस्तो गम्भीर चासोको विषयसमेत भएकोले शीघ्र सुनुवाइ तथा निरन्तर सुनुवाइका प्रक्रिया अवलम्बन गरी छिटो कारबाही किनारा गर्नू' भन्ने उल्लेख छ । १५ फागुनमा भएको आदेशमा न्यायिक प्रक्रियामा सहयोग गरेको भनी लामिछानेलाई क्रिकेट खेल्न विदेश जाने अनुमतिसमेत सर्वोच्चले दिएको थियो ।

### ■ नक्कली भुटानी शरणार्थीमा ५ मंसिरका लागि पेसी तोकियो

नक्कली भुटानी शरणार्थी प्रकरणमा अर्को पेसी ५ मंसिरका लागि तोकिएको छ । जिल्ला अदालत काठमाडौंले मुद्दाका दुई प्रतिवादीलाई धरौटीमा र बाँकीलाई थुनामै रही मुद्दाको पुर्पक्ष गर्नुपर्ने आदेश गरेपछि यसविरुद्ध पक्षहरू उच्च अदालत पाटन पुगेका थिए ।

यस विषयमा विभिन्न मितिमा पक्षहरूले जिल्ला अदालतको आदेश बदरका लागि निवेदन दिएका छन् । यसको सुनुवाइ ५ मंसिरमा हुने गरी पेसी तोकिएको उच्च अदालत पाटनले जनाएको छ ।

उच्च अदालत पाटनका एक अधिकृतका अनुसार कानुन व्यवसायीको संख्या धेरै भएकाले बहस नसकिने कारण देखाउँदै अर्को पेसी तोक्ने आदेश भएको हो । 'प्रतिवादी पनि धेरै अनि ५०-६० जना कानुन व्यवसायीले बहस गर्ने भएपछि समय नभएको हो । तिहारका कारण अदालत बिदा हुन्छ । त्यसैले शुक्रबारसम्म बहस नसकिने देखेपछि अर्को पेसी तोकिएको हो,' ती अधिकारीले भने ।

नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाइदिने प्रलोभनमा ठगी गरेको भन्दै जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले यसै वर्ष १० जेठमा ३० जनालाई प्रतिवादी बनाई मुद्दा चलाएको थियो । उनीहरूमाथि ठगी, संगठित अपराध, लिखत किर्ते र राज्यविरुद्धको अपराधमा मुद्दा दर्ता भएको थियो । यस प्रकरणमा सबै प्रतिवादीहरूमाथि गरी कुल २८ करोड ८१ लाख ७४ हजार रुपैयाँभन्दा बढी बिगो मागदाबी गरिएको छ ।

जिल्ला अदालतले यस मुद्दामा थुनछेक सुनुवाइ गर्दै १ असारमा फैसला दिएको थियो । न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले पत्राउ परेकाहरूमध्ये दुईबाहेक सबैलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो । १८ मध्ये १६ जनालाई थुनामा पठाइएको थियो ।

लक्ष्मी महर्जन र टंक गुरुङलाई क्रमशः पाँच लाख र १० लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेको थियो । उनीहरू दुईजना पनि साधारण तारेखा रिहा हुनुपर्ने मागसहित उच्च पुगेका छन् ।

यसैगरी नगेन्द्र केसी, गोविन्द चौधरी, सानु भण्डारी, इन्द्रजित राई, सन्देश शर्मा, आङटावा शेर्पा, समशेर मियाँ, टेकनारायण पाण्डे, सन्दीप रायमाझी, टोपबहादुर रायमाझी, सागर राई, बालकृष्ण खाण, लक्ष्मी महर्जन र हरिभक्त महर्जन पनि साधारण तारेखमा रिहा हुनुपर्ने मागसहित उच्च पुगेका हुन् ।

# तथ्यांक कार्यालयका नौसहित १० कर्मचारी एकैपटक अमेरिका

**सुवास भट्ट**/नयाँ पत्रिका

तथ्यांकसम्बन्धी नयाँ प्रविधि सिक्न भन्दै राष्ट्रिय तथ्यांक कार्यालयका नौसहित १० कर्मचारी अमेरिका गएका छन् । कार्यालयले गरिरहेको जीवनस्तर सर्वेक्षणका लागि नयाँ प्रविधि सिक्न भन्दै उनीहरू अमेरिका गएका हुन् । गत सोमबार उनीहरू अमेरिका गएका छन् । प्रमुख तथ्यांक अधिकारी तोयम राया भने आगामी सोमबार मात्र जाँदै छन् ।

विश्व बैंकको आयोजना र उसकै खर्चमा कर्मचारीहरू अमेरिका गएका हुन् । भ्रमण २० कात्तिकदेखि १ मंसिरसम्म १२ दिन चल्नेछ । तर, सचिव रायाको भने पाँच दिन मात्र छ । भ्रमणमा तथ्यांकसँग असम्बन्धित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मन्त्रिपरिषद्, बैठक तथा संवैधानिक निकाय महाशाखाका सहसचिव हीरामणि शर्मा पनि सहभागी छन् । प्रधानमन्त्री कार्यालयको सहभागिताका रूपमा उनलाई भ्रमणमा मनोनयन गरिएको हो ।

भ्रमणमा सहभागी हुनेमा राया र शर्मासहित कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी डा. हेमराज रेग्मी, उपसचिव विश्वरूप दाहाल, निर्देशकद्वय तीर्थराज चौलागाईं र देवेन्द्रराज कार्ञ्जित, तथ्यांक अधिकृतत्रय पृथ्वीविजयराज सिँजापति, किशोर बिसी र अन्नराज तिवारी तथा कम्प्युटर अधिकृत डा. पुष्पराज पौडेल छन् ।

केही समयदेखि कार्यालयले जीवनस्तर सर्वेक्षणको काम गरिरहेको छ । यसको मुख्य उद्देश्य नेपालमा गरिबी अनुमान र जीवनस्तरमा आएको परिवर्तनको अनुमान गर्ने हो । यो गरिबी अनुमानका लागि विश्व बैंकले विकास गरेको सर्वेक्षण हो । विश्व बैंकको प्राविधिक सहायतामा कार्यालयले सर्वेक्षणको काम गरिरहेको छ । यसैक्रममा बैंकले आयोजना गरेको 'ट्रेनिङ अन पोभर्टी मिजरमेन्ट एन्ड फरेस्ट स्ट्याटिक्स एन्ड नलेज एक्सचेन्ज' शीर्षकको कार्यक्रमका लागि कर्मचारी अमेरिका लागेका हुन् ।

यसअघि ७-१७ साउनमा



● **तोयम राया**, प्रमुख तथ्यांक अधिकारी

भएको सर्वेक्षणसम्बन्धी कार्यक्रममा कार्यालयका नौ कर्मचारी थाइल्यान्डको बैंकक गएर आएका थिए । त्यतिखेर थाइल्यान्ड गएका निर्देशकद्वय चौलागाईं र कार्ञ्जित, तथ्यांक अधिकृतत्रय सिँजापति, बिसी र तिवारी तथा कम्प्युटर अधिकृत पौडेल यसपटक अमेरिका गएका छन् । उनीहरू 'ट्रेनिङ अन पोभर्टी मिजरमेन्ट युजिङ डाटा फ्रम दी अनगोइङ फोर्थ नेपाल लिभिङ स्ट्यान्डर्ड सर्भे' शीर्षकको कार्यक्रमका लागि थाइल्यान्ड गएका थिए । कम कर्मचारी गए पनि हुने उस्तै कार्यक्रममा दोहोऱ्याएर, असम्बन्धित र ठूलो संख्याका कर्मचारी पनि दाताको सहयोगमा एकैपटक अमेरिका गएका हुन् ।

कार्यालयका प्रमुख तथ्यांक अधिकारी राया भने जीवनस्तर सर्वेक्षणका लागि नयाँ प्रविधि सिक्न अमेरिका गएको बताउँछन् । 'जीवनस्तर सर्वेक्षणका लागि नयाँ प्रविधि सिक्न आवश्यक भएर सरकारले निर्णय गरेर पठाएको हो,' उनले नयाँ पत्रिकासँग भने, 'यसमा काम गरिरहेकाहरूले प्रविधि सिक्नुपर्ने भएकाले विश्व बैंकको आयोजनामा भ्रमण भएको हो ।'

कार्यालयले १४ वर्षपछि यस्तो नेपाल जीवनस्तर सर्वेक्षण गर्न लागेको छ । यसअघि ०६६/६७ मा यस्तो सर्वेक्षण भएको थियो । नेपालमा पहिलोपटक सन् ०५२/५३ मा सर्वेक्षण भएको थियो । अहिले गरिन लागेको चौथो सर्वेक्षण हो । पछिल्लो सर्वेक्षणअनुसार नेपालमा करिब २५.१६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् । यसले जीवनस्तरका विभिन्न आयाममा तथ्यांकीय विश्लेषण गरेको छ । जारी सर्वेक्षणले यससम्बन्धी नयाँ तथ्यांक दिनेछ ।

# धनमाल लुटपाटका लागि मुगु हत्याकाण्ड

## जेठमै बनेको थियो हत्या योजना, दुई सातापछि दुई अभियुक्त पक्राउ

नयाँ पत्रिका



घटनाको दुई सातापछि प्रहरीले मुगुमा एकै परिवारका चार सदस्यको हत्या भएको घटना सुल्झाएको छ । धनमाल लुटपाटको उद्देश्यले दुईजना मिलेर परिवारकै हत्या भएको प्रहरीले जनाएको छ । मुगुको पिना गाउँपालिका-७ का गोर्खबहादुर शाही ठकुरी र गोपाल बोहरालाई प्रहरीले पक्राउ गरेको हो । दुवैले अभियोग स्वीकार गरेका छन् ।

छायाँनाथ रारा गाउँपालिका-६ मुन्दुगाउँ निवासी २८ वर्षीया श्रीदेवी बोहोरा, उनका ११ वर्षीय छोरा मनोज, सात वर्षकी छोरी अप्सरा तथा एक वर्षका छोरा रहरको हत्या भएको थियो । १० कात्तिकमा उनीहरूको शव प्रहरीले फेला पारेको थियो । ८ कात्तिकमा हत्या भएको प्रहरीले जनाएको छ । हत्यापछि शाही र बोहोराले गहना तथा नगद लुटेका थिए । 'श्रीदेवीसँग धेरै सुन लगाउने उनीहरूले देखेका रहेछन्,' अनुसन्धानमा आबद्ध एक प्रहरीले भने, 'सोही आधारमा उनीहरूले लुट्ने योजना बनाएको देखिन्छ ।' श्रीदेवीका श्रीमान् भने विदेशमा थिए । गोर्ख श्रीदेवीका नाता पर्दछन् ।

गत जेठ महिनामै शाही र बोहोराले श्रीदेवीको सुन लुटपाट गर्ने योजना बनाएका थिए । कोहलपुर बस्दै आएका शाहीले गाउँमै गएर सो योजना बनाएका थिए । योजनाअनुसार शाही ५ कात्तिकमा सुर्खेतबाट पिना गएका गई गोपालको गोठघरमा बसेका थिए । गाउँलेलाई थाहा नहोस् भनेर उनी गोठमा लुकेर बसेका थिए । योजनाअनुसार नै उनीहरूले ८ कात्तिकमा हत्या गरेका हुन् । हत्यापछि उनीहरूले साढे दुई तोलाको सुनको रिङ, २५ ग्रामको तिलहरी, चेक, लालपुर्जा र करिब ५-६ हजार नगद लुटेका थिए । त्यही दिन श्रीदेवी माइतीबाट फर्किएकी थिइन् । हत्यापछि उनीहरू सुर्खेत भागेर बसेका थिए ।

प्रहरीले सोमबार नै गोर्खलाई पक्राउ गरेको थियो । उनकै बयानका आधारमा गोपाललाई बिहीबार पक्राउ गरेको छ । पक्राउ परेकाहरूलाई शुक्रबार सार्वजनिक गर्ने प्रहरी तयारी छ । केन्द्रीय अनुसन्धान ब्यूरो(सिआइबी)को टोलीले स्थानीय प्रहरीसँग मिलेर अभियुक्तलाई पक्राउ गर्न सफल भएको हो ।

# तिहारमा प्लास्टिकका माला प्रतिबन्ध

## स्थानीय सरकारको निर्णयले पुष्पखेतीमा संलग्न किसान उत्साहित

धनगढीमा **तेजराज भट्ट**

व्यावसायिक पुष्प खेतीमा संलग्न किसानलाई प्रोत्साहन गर्न स्थानीय तहहरूले तिहारमा प्लास्टिकका फूल र मालाको बिक्रीवितरण र प्रयोगमा प्रतिबन्ध लगाउन थालेका छन् । कैलालीको धनगढी उपमहानगरपालिका र गोदावरी नगरपालिकाले प्लास्टिकबाट बनेका फूल तथा मालाको बिक्रीवितरण र प्रयोगमा रोक लगाएका छन् ।

नजिकिँदै गरेको तिहार, छठजस्ता पर्वहरूमा नगरभित्र प्लास्टिकका फूल, मालालगायत प्लास्टिकजन्य सामग्रीको बिक्रीवितरणमा पूर्ण रूपमा प्रतिबन्ध लगाइएको गोदावरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरीशदत्त भट्टले जानकारी दिए । नगरपालिकाले सूचना जारी गर्दै त्यस्ता सामग्रीको बिक्रीवितरण गरेको पाइए सामान जफत गर्ने र कानुनअनुसार थप कारबाही गर्ने चेतावनी दिएको छ । 'तिहारका वेला प्रायः सबैको घाँटीमा प्लास्टिकको माला झुन्डिएको देखिन्छ । स्थानीयले यही उत्पादन भएका फूलको माला प्रयोग गरून् भनेर प्लास्टिकका फूल र मालामा प्रतिबन्ध लगाएका हौं,' भट्टले भने, 'यसले स्थानीय उत्पादनले बजार पाउँछ । पुष्प व्यवसायलाई प्रवर्द्धन हुन्छ । वातावरण सफा राख्न पनि मद्दत पुग्छ ।'

धनगढी उपमहानगले पनि प्लास्टिकबाट बनेका फूल, माला, बुके तथा ध्वजापताकाको बिक्रीवितरण र प्रयोग नगर्न सूचना जारी गरेको छ । व्यावसायिक फूल खेतीमा संलग्न किसानलाई प्रोत्साहन गर्ने तथा प्लास्टिकको प्रयोग घटाएर वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने उद्देश्यले प्लास्टिकका फूलका मालाको प्रयोगमा प्रतिबन्ध लगाइएको उपमहानगरपालिकाले



धनगढीका किसानको बारीमा ढकमक्क फुलेको फूल ।

जनाएको छ । तिहारका वेला यहाँ प्लास्टिकबाट बनेका फूल र मालाको प्रयोग बढी हुने गर्छ । नगर प्रमुख गोपाल हमालले तिहारलाई लक्षित गरेर भारतबाट अवैध रूपमा प्लास्टिकका फूल र मालाहरू भित्रिरहेको गुनासो आएकाले त्यसलाई रोक्न भन्सार कार्यालय र सुरक्षा निकायलाई आग्रह गरिएको बताए ।

तिहारलाई लक्षित गरेर स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न सरकारले भारतबाट फूलको आयातमा समेत हालै प्रतिबन्ध लगाएको छ । तर, भारतसँग लामो खुला सीमाना भएकाले यहाँ प्लास्टिकका फूल र मालाको अवैध आयात गरेर प्रयोग गर्ने गरिएको छ । 'तिहारलाई लक्षित गरेर अवैध रूपमा प्लास्टिकका फूल र मालाको आयात भइरहेको गुनासो आएको छ,' हमालले भने, 'त्यसलाई रोक्न सम्बन्धित निकायलाई आग्रह गरेका छौं ।' उपमहानगरले गत वर्ष १ असोजबाट नगरमा प्लास्टिकका झोलालगायत वस्तुको प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । गाउँपालिकामै गोदावरी, मखमली, सयपत्रीलगायत फूलहरूको उत्पादन भइरहेको भन्दै बर्दगोरिया गाउँपालिकाले पनि प्लास्टिकका फूल र मालाको प्रयोगमा प्रतिबन्ध लगाएको छ । तिहारका बेला प्लास्टिकका मालाको प्रयोग बढी हुने भएकाले प्रतिबन्ध गर्दै प्राकृतिक रूपमा उत्पादन भएका फूलको प्रयोग गर्न आग्रह गरिएको प्रमुख प्रशासकीय अधिकृत अर्जुनसिंह कार्कीले बताए । स्थानीय तहहरूले प्लास्टिकबाट बनेका फूल र मालाको प्रयोगमा प्रतिबन्ध लगाएपछि पुष्पखेतीमा संलग्न कृषक उत्साहित भएका छन् । प्रदेशकै दुई ठूला नगरले प्लास्टिकका फूल र मालाको प्रतिबन्ध लगाएपछि आफूहरू उत्साहित भएको धनगढीमा व्यावसायिक फूलखेती गरिरहेका जोगेन्द्र सेठीले बताए ।

# विद्यालयको आम्दानीको स्रोत बन्दै फूलखेती

धादिङमा अर्जुन श्रेष्ठ

धादिङको ज्वालामुखी गाउँपालिका- ५ कुमालटारीमा रहेको बालादेवी माध्यमिक विद्यालयवरपर फुलेको सयपत्री र मखमलीले ढकमक्क ढाकेको छ । विद्यालयका शिक्षक-विद्यार्थीले पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत गरेको फूलखेती व्यावहारिक ज्ञानसँगै आम्दानीको स्रोत बनेको हो । अघिल्ला वर्षमा वनमारा र कुरोले भरिने चौरहरू यतिवेला मगमग बासना आउने फूलहरूले ढाकिएका छन् । शिक्षक-विद्यार्थी भन्छन्, 'फूलखेती हाम्रो आम्दानीको स्रोत मात्रै होइन, व्यावहारिक ज्ञान प्राप्तिको अवसर पनि हो ।'

विद्यालयआसपासका जमिनमा फूलखेती गर्दा व्यावहारिक ज्ञान पाएको कक्षा ९ की छात्रा कृतिका भुजेल बताउँछिन् । विद्यालयमा सिकेको सीप व्यवहारमा ल्याउन सके घरपरिवारमा पनि आम्दानीको स्रोत बन्न सक्छ । 'हाम्रो देश कृषिप्रधान हो । किताबी ज्ञानमा मात्र सीमित नभई व्यावहारिक ज्ञान पाए कृषिमा आधारित जीविका चलाउने हामीजस्तालाई राहत पुग्ने रहेछ,' उनले भनिन् । विद्यालयआसपासमा फुलेको फूलले बजार पाए अझै कृषिजन्य उत्पादन गर्न हौसला मिल्ने विद्यालयमा अध्ययनरत छात्र सुजन कुमालले बताए ।

यो वर्षदेखि स्थानीय तहको सहयोगमा पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत फूलखेती गरिएको विद्यालयका प्रधानाध्यापक शिवलाल श्रेष्ठले बताए । तिहारलाई लक्षित गरी फूलखेती गरिएको हो । '१५ हजार सयपत्री र पाँच हजारभन्दा धेरै मखमली फूल रोपेका छौं । यसले विद्यालयलाई आम्दानीसँगै विद्यार्थीलाई व्यावहारिक शिक्षा पनि प्रदान गरेको छ । विद्यालय सुधार योजना बनाउँदा नै फूलखेती र तरकारी खेती गर्ने कुरा समावेश गरेका थियौं । त्यसैअनुसार वडा कार्यालयले दुई लाख रुपैयाँ बजेट पनि छुट्याइदिएको छ । त्यसले अझ हौसला बढायो । फूलखेतीले यस वर्ष तीन लाखभन्दा बढी आम्दानी लिने लक्ष्य लिएका छौं,' उनले भने । कक्षा ८ देखि १० कक्षासम्म अध्ययन गर्ने विद्यार्थी पढ्दै कमाउँदै कार्यक्रममा सहभागी हुने गरेका छन् ।

# ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लि.

## Grameen Bikash Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था

प्रधान कार्यालय: बुटवल-११, कालिकानगर, रुपन्देही
फोन: ०७१-४३८४५१, ४३८४२५, फ्याक्स: ०७१-४३८४५४
Email: info@gblbs.com.np, URL: www.gblbs.com.np

### लेखापरीक्षण नभएको वित्तीय विवरण

### आर्थिक वर्ष २०८०/८१ (प्रथम त्रयमास)

रकम रु. हजारमा

| क्र. स. | विवरण | मिति: लेखापरीक्षण नभएको २०८० असोज मसान्त | लेखापरीक्षण नभएको २०८० असार मसान्त | लेखापरीक्षण नभएको २०७९ असोज मसान्त |
|---|---|---|---|---|
| १ | **कुल पुँजी तथा दायित्व (१.१ देखि १.७ सम्म)** | **१४,८७४,६०८** | **१५,०३२,६४७** | **१६,१५०,७०४** |
| १.१ | चुक्ता पुजी | ९८२,५०० | ९८२,५०० | ९८२,५०० |
| १.२ | जगेडा तथा कोषहरु | १,१६८,९२१ | १,०५९,८७८ | १,२७७,९२५ |
| १.३ | ऋणपत्र तथा बण्डहरु | - | - | - |
| १.४ | सापटी | ५,५३४,६७३ | ५,३४३,८८७ | ६,३८१,३३८ |
| १.५ | निक्षेपहरु (क+ख) | ३,५६०,१३७ | ३,७४७,७०८ | ३,७८८,९८० |
| | क. सदस्य | ३,५६०,१३७ | ३,७४७,७०८ | ३,७८८,९८० |
| | ख) सर्वसाधारण | - | - | - |
| १.६ | आयकर दायित्व | १४,८१४ | २९,५५६ | |
| १.७ | अन्य दायित्व | ३,६१३,५६३ | ३,८६९,११८ | ३,७१९,९६१ |
| २ | **कुल सम्पत्ति (२.१ देखि २.७ सम्म)** | **१४,८७४,६०८** | **१५,०३२,६४७** | **१६,१५०,७०४** |
| २.१ | नगद तथा बैंक मौज्दात | ५१३,८९४ | ३०१,७३० | ५७४,८९८ |
| २.२ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - |
| २.३ | लगानी | २,०२५ | २,०२५ | २,०२५ |
| २.४ | कर्जा तथा सापट | १२,२९३,५४८ | १२,६१९,५७५ | १३,२४५,१२५ |
| २.५ | स्थिर सम्पति | ३४,५२८ | ३३,५८६ | २५,६७० |
| २.६ | गैर बैकिङ सम्पति | - | - | - |
| २.७ | अन्य सम्पतिहरु | २,०३०,६१३ | २,०७५,७३१ | २,३०२,९८६ |
| ३ | **नाफा नोक्सान हिसाब** | | | |
| ३.१ | ब्याज आम्दानी | ४४४,५१० | २,१८९,१५० | ४५९,०२५ |
| ३.२ | ब्याज खर्च | २३२,५७१ | ९४९,२६५ | २३९,२०१ |
| क | **खुद ब्याज आम्दानी (३.१-३.२)** | २११,९३९ | १,२३९,८८५ | २१९,८२४ |
| ३.३ | कमीशन तथा अन्य सञ्चालन आम्दानी | १५,८०४ | १२३,२८४ | ३०,३१९ |
| ३.४ | सटही घटवढ आम्दानी/नोक्सान (खुद) | - | - | - |
| ख | **कुल संचालन आम्दानी (क+३.३+३.४)** | २२७,७४३ | १,३६३,१६९ | २५०,१४३ |
| ३.५ | कर्मचारी खर्च | १६०,२१३ | ७११,८१४ | १८६,२१६ |
| ३.६ | अन्य संचालन खर्च | ६०,०३० | १४५,०६३ | ३०,८१२ |
| ग | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा (ख-३.५-३.६)** | ७,५०० | ५०६,२९२ | ३३,११५ |
| ३.७ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ५९,४६३ | ४०२,६५८ | १,३४८,०७३ |
| घ | **सञ्चालन मुनाफा (ग-३.७)** | (५१,९६३) | १०३,६३४ | (१,३१४,९५८) |
| ३.८ | गैर सञ्चालन आम्दानी/नोक्सान (खुद) | | | |
| ३.९ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १०३,९४२ | | १,३०३,१२३ |
| ङ | **नियमित कारोवारहरुबाट भएको मुनाफा/(खर्च) (घ+३.८+३.९)** | ५१,९७९ | १०३,६३४ | (११,८३५) |
| ३.१० | असामान्य कारोवारहरुबाट भएको आम्दानी/नोक्सान (खुद) | | ३२ | |
| च | **बोनस तथा कर अघिको मुनाफा (३.१०)** | ५१,९७९ | १०३,६६६ | (११,८३५) |
| ३.११ | कर्मचारी बोनस व्यवस्था | २,५९९ | ५,१८३ | |
| ३.१२ | आयकर व्यवस्था | १४,८१४ | २९,५५६ | |
| छ | **खुद नाफा/(नोक्सान) (च-३.११-३.१२)** | ३४,५६६ | ६८,९२७ | (११,८३५) |
| ४ | **अनुपातहरु %** | | | |
| ४.१ | पुंजीकोष/जोखिम भारित रकम | ९.२०% | ९.०७% | ११.४८% |
| ४.२ | निष्कृय कर्जा/कुल कर्जा | ११.४९% | ९.९५% | ४.९१% |
| ४.३ | कुल कर्जा बापत जोखिम व्यवस्था/कुल निष्कृय कर्जा | १०२.०६% | १२२.२४% | १४८.०२% |
| ४.४ | Cost of Fund (वित्तीय लागत) | ९.८५% | ११.३६% | ९.१०% |
| ४.५ | Deposit to Credit Ratio (निक्षेपर कर्जा अनुपात) | २८.९६% | २९.७०% | २८.६१% |
| ४.६ | (Base Rate)आधार ब्याजदर | १४.६४% | १६.०२% | १२.०८% |
| ४.७ | Interest Rate Spread (ब्याजदर अन्तर) | ५.१५% | ३.६२% | ५.७२% |

१. सुपरीवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले माथिको अपरिष्कृत वित्तीय विवरणमा थप घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ । विगत अवधिको रकमहरुलाई आवश्यकता अनुसार पुर्नसमूहकरण तथा पुर्नवर्गिकरण गरिएको छ ।

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

**१. प्रमुख वित्तीय विवरण:**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :** यसै साथ प्रकाशित गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु :**

**प्रति शेयर आम्दानी (वार्षिक): रू.१४.०८ मूल्य आम्दानी अनुपात : ४१.४१ प्रति शेयर नेटवर्थ: रू. २१८.५७**
**प्रति शेयर कुल सम्पत्ति : रू. १,५१३.५६ तरलता अनुपात : ५.६५ पुँजीकोष अनुपात: ५.२० प्रतिशत**

**२. व्यवस्थापकीय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:** समीक्षा अवधिमा संस्थाको सदस्य संख्या, लगानीमा रहेको कर्जा, बचत कारोवार, संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ । वित्तीय बजारमा लगानीयोग्य रकमको अभावको कारण कर्जा प्रवाहमा संकुचन तथा बारुय प्रभावले ब्याज आयमा कमी हुन गएको छ । गत आ.व.को सोही अवधिको तुलनामा समीक्षा अवधिमा सञ्चालन मुनाफामा वृद्धि भएको छ । समीक्षा अवधिमा कर्जा, बचत तथा मुनाफाको स्थिति सम्बन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:** राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस संस्थाले लघुवित्त सेवाको पहुँच नेपाल अधिराज्यभरका सबै स्थानिय तहमा पुऱ्याउने लक्ष्यको साथ कार्य गरिरहेको छ । यस संस्थाको कार्यक्रम पुरन बाँकी रहेका जिल्लाहरुमा कार्यक्रम विस्तारको लागि नयाँ अवसरको पहिचान सहित योजनाबद्ध रुपमा संस्थाको कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन भइरहेको छ । आगामी दिनमा संस्थाले प्रदान गर्ने सेवालाई ग्राहक सदस्यहरुको चाहना र आवश्यकता अनुसार भौगोलिक उपयुक्तताको आधारमा समय सापेक्ष अझ परिष्कृत गर्दै लैजान र कार्यक्रम विस्तारमा व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:** वर्तमान परिस्थितिमा सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुले लघुवित्त वित्तीय संस्थाहरुलाई प्रवाह गर्ने थोक कर्जा सापट रकमको ब्याजदरमा केही स्थिरता आएको छ । लघुवित्त संस्थाहरु बीच अस्वस्थ प्रतिस्पर्धा, दोहोरोपना र बहुबैंकिङ्ग आदिले गर्दा कर्जाको गुणस्तर खस्किन गई कार्यक्रमको गुणस्तरमा दिनानुदिन ह्रास आउने कारणले जोखिमको सम्भावना उच्च रहेको छ । मुलकमा श्रृजना हुने विभिन्न किसिमका राजनैतिक, आर्थिक, प्राकृतिक घटना परिघटनाले यस संस्थामा केही असर परेको छ । बजारमा देखिएको तरलता अभावको कारण ग्राहक सदस्यहरुको आम्दानीमा कमी आएको कारणले गर्दा कर्जाको साँवा र ब्याज नियमित असुलीमा समस्या उत्पन्न भएको छ । यसैगरी नेपाल अधिराज्यमा चलिरहेको लघुवित्त वित्तीय संस्थाहरुको कर्जा नतिर्ने प्रवृत्तिले समेत ग्राहक सदस्यहरु त्यस्तो अभियानमा आवद्ध भई कर्जाको किस्ता र ब्याज नियमित भुक्तानी गर्न आलटाल गरिरहेको अवस्था रहेकोले नियमित कर्जा असुलीमा समस्या उत्पन्न भई निष्कृय कर्जाको मात्रा बढ्न गएको छ । विशेष गरेर लघुवित्त क्षेत्रमा विगत १ वर्ष देखिको लघुवित्त विरोधी गतिविधिका कारण निष्कृय कर्जाको मात्रामा वृद्धि हुन गएकोले त्यस्तो कर्जाको मात्रा घटाउन निष्कृय कर्जा न्यूनीकरण रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी बाञ्छीत सीमाभित्र सबै कर्मचारीहरुलाई परिचालन गरिने छ । संस्थाको कर्जा तथा बचत कारोबारमा नियमितता ल्याई कर्जाको गुणस्तर कायम राख्न व्यवस्थापन क्रियाशील रहेको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क) गत त्रैमासिक अवधिमा संस्थाबाट अवकाश प्राप्त कर्मचारीहरुले पाउने उपदान रकममा कट्टी गरिएको कर रकमको कारण निजहरुले संस्थालाई प्रतिवादी बनाई मुद्दा दायर गरेको जानकारी प्राप्त भएको छ ।

ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी आदि अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोबार भइरहेको छ । शेयरको मूल्य तथा कारोबार बजारले निर्धारण गर्ने हुदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोबार प्रति तटस्थ छ । प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले समयमै उपलब्ध गराएको छ ।

ख) नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार गत त्रैमासिक अवधि मिति २०८०।०४।०१ देखि २०८०।०६।३० सम्म यस संस्थाको शेयरको कारोबार देहाय बमोजिम रहेको छ :

**शेयरको अधिकतम मूल्य: रू ६४५.६० शेयरको न्यूनतम मूल्य: रू.४६८.०० शेयरको अन्तिम मूल्य: रू.४७२.१०**
**कारोबार भएको कुल दिन: ६१ दिन कारोबार भएको कुल शेयर संख्या: १,५६,०३१ कारोबार संख्या : २,६६४**

**५) समस्या तथा चुनौती :**

**समस्या:**

(क) तरलतामा अत्याधिक चापको कारण बैकिङ्ग क्षेत्रमा तरलता समस्या अत्याधिक गहिरिदै जानु ।
(ख) वित्तीय श्रोतको अभाव र अनिश्चितता ।
(ग) ऋण सापटको स्थिर ब्याजदरको अभाव र ब्याजदर वृद्धि हुँदै गइरहेको ।
(घ) कोभिड-१९ संक्रमण जोखिमले प्रभावित ग्राहक सदस्यहरुको परियोजनाहरु कोभिड अधिकै अवस्थामा सञ्चालन हुन नसकेकोले किस्ता भुक्तानीमा कठीनाई ।
(ङ) लघुवित्त वित्तीय संस्थाहरु बीच अस्वस्थ्य प्रतिस्पर्धा ।
(च) लघुवित्त संस्था विरुद्ध हाल विभिन्न आन्दोलन/गतिविधिले लघुवित्त वित्तीय संस्थाहरुको कर्जा नतिर्ने प्रवृत्ति र केन्द्र बैठक सञ्चालनमा अवरोध सृजनाको अवस्थाले संस्थाहरुको दिर्घकालिन स्थायित्वमा समेत समस्या देखिनु ।
(छ) लघुवित्त वित्तीय संस्थाहरु बीच अस्वस्थ्य प्रतिस्पर्धाले कर्जा लगानीमा दोहोरोपना तथा (बहुबैकिङ्ग) हुनु ।
(ज) ग्राहक सदस्यहरुले संस्था त्याग गर्ने संख्यामा वृद्धि हुदै जानु ।
(झ) वित्तीय बजारमा देखिएको तरलता अभावको कारण ग्राहक सदस्यहरुको आम्दानीमा कमी आई कर्जाको साँवा र ब्याज नियमित असुलीमा समस्या उत्पन्न हुनु ।
(ञ) एक ग्राहकले एक लघुवित्त वित्तीय संस्थामा मात्र आवद्ध हुनुपर्ने व्यवस्था कार्यान्वयनमा चुनौती ।

**रणनीति:**

(क) श्रोतको उचित व्यवस्थापन एवम् सुरक्षित लगानीलाई उच्च प्राथमिकता दिई संस्थाका काम कारवाहीलाई थप चुस्त दुरुस्त बनाई प्रतिस्पर्धात्मक ढंगले कार्य अघि बढाइएको ।
(ख) खर्चमा मितव्ययिता अपनाइएको छ ।
(ग) कारोबारलाई पूर्णरुपमा यान्त्रिकीकरण गरिएकोले सुरक्षित बनाउदै लगिने छ ।
(घ) कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिमहरु सञ्चालन गर्ने गरेको ।
(ङ) दक्ष र प्रविधिमैत्री जनशक्ती भर्ना गर्दै जाने नीति रहेको ।
(च) कर्जा असुलीमा विशेष जोड दिई कर्जाको गुणस्तर कायम गर्न क्रियाशील रहेको ।
(छ) आन्तरिक श्रोत परिचालन वृद्धि गर्न सदस्यहरुबाट नियमितरुपमा बचत संकलन गर्ने नीति अवलम्बन गरिएको ।
(ज) वर्तमान समयमा देखिएको बारुय गतिविधिहरुबाट उत्पन्न हुन सक्ने आर्थिक तथा भौतिक क्षतिहरु कम हुने गरी कारोबारलाई सुरक्षित बनाउनेतर्फ सजगता अपनाइएको छ ।
(झ) ग्राहक/ऋणी सदस्य वृद्धि गरी र संस्थाको व्यवसाय वृद्धि गर्दै जैजाने ।

**६) संस्थागत सुशासन :** संस्थागत सुशासन कायम गर्न संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति लगायत विभिन्न आन्तरिक समितिहरु कृयाशील रहेका र सम्पादन गरिएका कार्यहरुको मूल्याङ्न गर्ने र सोको आधारमा उपयुक्त रणनीति अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरुलाई जारी भएका निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानूनको अनुपालना गरिएको साथै समायानुकुल शसंस्थाको कार्यक्रमलाई सुदृढ बनाउन आवश्यक नीति नियम तथा कार्यविधि बनाई लागू गरिएको छ ।

**७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई शुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

**ब्याजदर**
**१. बचतमा ७.५-८.५ प्रतिशत, २. कर्जामा १५.०० प्रतिशत**

# Sahas Urja Ltd.

SAHAS URJA

Kathmandu-01, Hattisar

## Unaudited Statement of Financial Position

As on 30th Ashwin, 1st Quarter FY 2080/81

Amount In NRs.

| Equity & Liabilities | FY 2080/81 1st Quarter Ending | FY 2079/80 4th Quarter Ending | FY 2079/80 1st Quarter Ending |
|---|---|---|---|
| **Shareholder's Fund** | | | |
| Share Capital | 3,500,000,000 | 3,500,000,000 | 3,500,000,000 |
| Reserve and Accumulated Profit/(Loss) | 2,499,184,506 | 2,172,785,858 | 2,122,267,090 |
| **Total Shareholder's Fund** | **5,999,184,506** | **5,672,785,858** | **5,622,267,090** |
| | | | |
| **Revaluation Surplus** | **5,396,290** | **5,396,290** | **5,396,290** |
| **Non Current Liabilities** | | | |
| Medium & Long Term Loan | 10,158,836,231 | 9,890,477,165 | 7,993,044,384 |
| Withholding & Retentions | - | - | - |
| **Total Non Current Liabilities** | **10,158,836,231** | **9,890,477,165** | **7,993,044,384** |
| | | | |
| **Current Liabilities** | | | |
| Accounts Payables | 23,615,611 | 218,566,239 | 278,330,655 |
| Withholding & Retentions | 347,522,804 | 542,451,480 | 453,146,584 |
| Bridge Gap Loan | 743,657,730 | 798,977,308 | 989,949,008 |
| **Total Current Liabilities** | **1,114,796,145** | **1,559,995,026** | **1,721,426,247** |
| **Total Equity & Liabilities** | **17,278,213,172** | **17,128,654,339** | **15,342,134,011** |
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipments | 139,600,960 | 138,897,321 | 213,087,851 |
| Less: Accumulated Depreciation | (88,818,423) | (85,557,279) | (74,521,485) |
| **Total Property, Plant and Equipments** | **50,782,537** | **53,340,042** | **138,566,367** |
| | | | |
| Intangible Assets | 287,020 | 287,020 | 287,020 |
| Less: Accumulated Amortization | (287,020) | (287,020) | (287,020) |
| **Total Intangible Assets** | - | - | - |
| | | | |
| Project Cost | 16,403,057,146 | 16,356,351,736 | 14,244,796,479 |
| Less: Accumulated Amortization | (370,335,440) | (220,858,761) | - |
| **Total Intangible Assets** | **16,032,721,706** | **16,135,492,974** | **14,244,796,479** |
| Prepayments | 19,129,111 | 29,120,381 | 5,782,318 |
| Right of Use Assets | 3,619,159 | 4,342,990 | - |
| **Total Non Current Assets** | **16,106,252,513** | **16,222,296,388** | **14,389,145,164** |
| **Current Assets** | | | |
| Other Current Assets | 988,685,520 | 745,077,587 | 694,531,758 |
| Cash And Cash Equivalents | 175,954,739 | 153,959,965 | 251,236,689 |
| Financial Assets measured at Amortized Cost | - | - | - |
| Financial Assets held at fair value through Profit or Loss | 7,320,400 | 7,320,400 | 7,220,400 |
| **Total Current Assets (A)** | **1,171,960,659** | **906,357,952** | **952,988,847** |
| **Total Assets** | **17,278,213,172** | **17,128,654,339** | **15,342,134,011** |

## Unaudited Statement of Profit or Loss and other Comprehensive Income

For the Period from 1st Shrawan 2080 to 30th Ashwin 2080, 1st Quarter FY 2080/81

| Particulars | FY 2080/81 1st Quarter Ending | FY 2079/80 4th Quarter Ending | FY 2079/80 1st Quarter Ending |
|---|---|---|---|
| **Revenue from Sale of Electricity** | **893,348,470** | **612,810,574** | - |
| Less: Direct Expenses | (34,040,216) | (29,762,983) | - |
| Less: Amortisation of Project Cost | (149,264,610) | (220,858,761) | |
| **Gross Profit** | **710,043,644** | **362,188,829** | - |
| Construction Revenue as per IFRIC 12 | - | 1,941,438,759 | 675,519,050 |
| Less: Construction expenses as per IFRIC 12 | - | (1,646,124,096) | (572,765,007) |
| Add: Interest Income | - | - | - |
| **Total Income** | **710,043,644** | **657,503,492** | **102,754,042** |
| | | | |
| Less: Administrative Expenses | (25,979,560) | (40,555,541) | (858,000) |
| Less: Depreciation | (3,261,144) | (5,898,288) | - |
| **Operating Profit/(Loss)** | **680,802,940** | **611,049,663** | **101,896,042** |
| Finance income | - | - | - |
| Finance costs | (328,957,461) | (476,309,159) | - |
| Impairement | - | - | - |
| **Net Finance Cost** | **(328,957,461)** | **(476,309,159)** | - |
| **Profit Before Tax and Staff Bonus** | **351,845,479** | **134,740,504** | **101,896,042** |
| Staff Bonus | (7,036,910) | - | - |
| **Profit Before Tax** | **344,808,569** | **134,740,504** | **101,896,042** |
| Deferred Tax - Surplus (Expenses) | - | - | - |
| Income Tax Expenses | - | - | - |
| **Other Comprehensive Income** | - | - | - |
| **Total Comprehensive Income** | **344,808,569** | **134,740,504** | **101,896,042** |

**Notes:**

1. The Financial Statements are prepared as per the Nepal Financial Reporting Standards (NFRS).
2. The other revenue shown in comparative figures are recognized as per the IFRIC 12: Service Concession Arrangement while the profit is recognized with respect to the Internal Rate of Return (IRR) calculated during the revision of the project cost (i.e. 17.94%).

### धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ को अनुसुचि-१४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित

### आ. व. २०८०/०८१ को प्रथम त्रैमासिक प्रतिवेदन

१) **वित्तिय विवरण**

(क) **त्रैमासिक अवधिको वासलात नाफा नोकसान विवरण :**

यस साहस उर्जा लि. को उपरोक्त त्रैमासिक अवधि सम्मको अपरिस्कृत वासलात र नाफा नोक्सान विवरण यसै साथ पेश गरिएको छ ।

(ख) **प्रमुख वित्तिय अनुपातहरू/परिसुचकहरू :**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (वार्षिकिकरण गरिएको) | ३९.४१ | पी.इ. रेसियो (वार्षिकिकरण गरिएको) | १०.६३ |
| प्रति शेयर नेटवर्थ | १७१.५६ | तरलता अनुपात | १.०५ |
| प्रति शेयर कुल सम्पतिको मुल्य | ४९३.६६ | | |

२) **व्यवस्थापकिय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धि विवरण:**

समिक्षा अवधीमा परियोजनाबाट निरन्तर रुपमा उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई विक्री गरिएको र नेपाल विद्युत प्राधिकरणबाट बिल बमोजिमको रकम भुक्तानी प्राप्त हुने गरेको छ । समिक्षा अवधीमा सोलु खोलामा पानीको बहाब पर्याप्त हुँदा परियोजनाले पूर्ण क्षमतामा विद्युत उत्पादन गरेको छ ।

(ख) व्यवस्थापनको विश्लेषणात्मक विवरण कम्पनीद्वारा प्रवर्द्धित सोलुखुम्बु स्थित सोलुखोला (दुधकोशी) जलविद्युत आयोजना-८६ मे.वा. को समिक्षा अवधिमा व्यावसायिक उत्पादन भईरहेको, सम्पुर्ण शेयरधनीहरूको हितमा काम गर्दै कम्पनीको व्यवस्थापन उपयुक्त र आवश्यकता बमोजिम कम्पनीलाई अगाडि बढाउन प्रतिवद्ध रहेको छ ।

३) **कानुनी कारवाही सम्बन्धि विवरण :**

(क) यस अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्था संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अभियोग गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए कम्पनीको जानकारीमा नभएको ।

(ग) कुनै संस्था वा संचालक विरुद्ध आर्थिक अभियोग सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

४) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको सेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

कम्पनीलाई निर्माण तथा संचालन अनुमती प्राप्त जलविद्युत परियोजनाको व्यापारिक उत्पादन शुरु भई समिक्षा अवधीमा निरन्तर उत्पादन भईरहेका छ । शेयरको मुल्य तथा कारोवार वजारले निर्धारण गर्ने हुदाँ यस संस्थाको व्यवस्थापन शेयरको मुल्य तथा कारोबार प्रति तटस्थ छ साथै प्रचलित कानुन अनुसार सम्बद्ध निकायहरूलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

(ख) **त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धि विश्लेषण:**

यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या : नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com अनुसार ।

| | | | |
|---|---|---|---|
| शेयरको अधिकतम मुल्य रु | ५०८.९० | कुल कारोबार संख्या | १५,८५८ |
| शेयरको न्युनतम मुल्य रु | ४०२.८० | कारोबार भएको कुल शेयर किता | ४८८,९१५ |
| शेयरको अन्तिम मुल्य रु | ४१९.०० | कारोबार भएको कुल दिन | ६१ |

५) **समस्या तथा चुनौति :**

कम्पनीद्वारा प्रवर्द्धित आयोजनाको व्यवसायिक उत्पादनको क्रममा मौसमको प्रतिकुलताका कारण नदीको वहावमा आउन सक्ने उतार चढावबाट श्रृजना हुन सक्ने चुनौतिहरू विद्यमान रहेको । कम्पनीको परियोजनाको निर्मित संरचना, उक्त संरचनामा जडान भएका उपकरणहरू तथा विद्युत उत्पादनको क्रममा आउन सक्ने समस्या तथा चुनौतीहरूको सामना गर्न प्राविधिकहरूसँग छलफल गरी समस्याहरूको समाधानमा अग्रसर रहेको ।

६) **संस्थागत सुशासन**

प्रचलित कानुन बमोजिमका प्रकृया पुऱ्याई कम्पनीको संस्थागत सुशासन कायम गरिएको छ ।

७) **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म अध्यक्ष व्यक्तिगत रुपमा उत्तरदायीत्व लिन्छु । मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र यथार्थपरक छन् ।

■ मधेश प्रदेशको चेतावनी

# संघीयता कार्यान्वयनमा सहजीकरण नगरे आन्दोलन गर्ने



### सम्बोधन नभए आन्दोलन गर्छौं

● सरोजकुमार यादव
**मुख्यमन्त्री, मधेश प्रदेश**

प्रदेश सरकार गठन भएको ६ वर्ष भइसक्यो । तर, प्रदेश सरकारले पाउने संवैधानिक अधिकार पाएका छैनौं । त्यसैले हामीले प्रदेशमा सर्वसहमतिमा निर्णय गरेर प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका छौं । ३० दिनभित्र माग सम्बोधन नभए शान्तिपूर्ण आन्दोलन गर्नेछौं ।

### प्रधानमन्त्री प्रतिबद्ध हुनुहुन्छ

● हरिबोल गजुरेल
**प्रधानमन्त्रीका मुख्य सल्लाहकार**

प्रधानमन्त्रीले अन्य दलहरूसँग छलफल गरेर अगाडि बढ्ने बताएको उनले जानकारी दिए । संघीयताको पक्षमा लडेरै आउनुभएकाले संघीयताको प्रभावकारी कार्यान्वयनमा प्रधानमन्त्री प्रतिबद्ध हुनुहुन्छ । प्रदेश सरकारले राखेको मागमा प्रधानमन्त्री सकारात्मक हुनुहुन्छ ।

जनकपुरधाममा **हदिश खुद्दार**

मधेश सरकारले संघीयता कार्यान्वयनमा आवश्यक ऐन-नियम निर्माणसहित सहजीकरण गरिदिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको ध्यानाकर्षण गराएको छ । मधेशका मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको प्रतिनिधिमण्डलले प्रधानमन्त्री प्रचण्डलाई बिहीबार भेटेर प्रदेश प्रहरी, संघीय निजामती सेवा ऐन, सार्वजनिक गुठी जग्गाको प्रयोग र अभियोजन सम्बन्धमा ध्यानाकर्षण गराएको हो ।

'प्रहरी समायोजन ऐन संघीय संसद्बाट पारित भएर २८ माघ ०७६ मा प्रमाणीकरण भइसक्दा पनि नेपाल प्रहरीले प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने प्रहरी कर्मचारी तथा संरचनाहरूको हस्तान्तरण हुन सकेको छैन । जसले गर्दा संविधानले प्रदान गरेको शान्ति सुरक्षाजस्ता प्रदेशको एकल अधिकारको विषयको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । अतः सो ऐनको भावनाअनुसार प्रहरीको समायोजन तत्काल गरिदिन हुनको लागि प्रधानमन्त्रीको सहजीकरणको लागि अनुरोध गर्दछु,' ध्यानाकर्षणपत्रमा भनिएको छ ।

संघीय निजामती सेवा ऐन बन्न नसक्दा प्रदेशले कर्मचारीहरूलाई सरकारी कामकाजमा खटाउन समस्या भोग्दै आएको मधेश सरकारले जनाएको छ । ऐन तत्काल संघीय संसद्बाट पारित गर्न वा अध्यादेशका रूपमा तत्काल कानुन लागू गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको छ । 'प्रदेशमा खटिने सचिवलाई प्रदेश सरकारको मातहतमा रहने गरी र स्थानीय तहहरूमा खटिने प्रशासकीय अधिकृतलाई स्थानीय तहको सरकारको मातहतमा रहने गरी कर्मचारी खटाउन पाउने अधिकारसहित सो संघीय निजामती सेवा ऐन तत्काल संघीय संसद्बाट पारित गर्न वा अध्यादेशका रूपमा तत्काल कानुन लागू गर्नका लागि पनि अनुरोध गर्दछु,' ध्यानाकर्षणपत्रमा भनिएको छ ।

यस्तै, प्रदेश सरकारले सार्वजनिक जग्गाको प्रयोगविना कुनै काम गर्न नसक्ने भन्दै कानुनमा आवश्यक संशोधनसहितको व्यवस्था गरिदिन ध्यानाकर्षण गरेको छ । मधेश प्रदेशमा थ्रुप्रै मठ-मन्दिरहरू रहेको र थ्रुप्रै जग्गा तथा सम्पत्तिहरू गुठीमातहत रहेको भन्दै यादवले आवश्यक कानुनमा संशोधन गर्न ध्यानाकर्षण गराएका छन् । मठ मन्दिरहरूको व्यवस्थापनसम्बन्धी अधिकार प्रदेशलाई दिन मधेश सरकारले माग गरेको छ ।

प्रदेशको एकल सूचीमा रहेको विषयमा बनेका कानुनहरूले गर्ने दण्ड र कैदसम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि प्रदेशलाई अभियोजनको अधिकार दिने गरी कानुनमा संशोधन गर्न सहजीकरण गरिदिन पनि मधेश सरकारले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ ।

३० दिनभित्र प्रदेशका माग सम्बोधन नगरे शान्तिपूर्ण आन्दोलन गर्ने चेतावनी उनले दिए । 'प्रदेश सरकार गठन भएको ६ वर्ष भइसक्यो । तर, प्रदेश सरकारले पाउने संवैधानिक अधिकार पाएका छैनौं । त्यसैले हामीले प्रदेशमा सर्वसहमतिमा निर्णय गरेर प्रधानमन्त्रीको ध्यानाकर्षण गराएौं ।

# पोर्चुगलमा दूतावास खोल्ने सरकारी निर्णय

नयाँ पत्रिका

सरकारले पोर्चुगलमा आवासीय राजदूतावास स्थापना गर्ने र राजदूतमा सनिल नेपाललाई नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको छ। व्यवसाय, काम र अध्ययनका लागि गरी पोर्चुगलमा करिब ३० हजारको हाराहारीमा नेपाली रहेको अनुमान छ। उदार आप्रवासी नीतिले दक्षिण एसियाली कामदारका लागि दक्षिणी क्षेत्रमा रहेको युरोपियन मुलुक पोर्चुगल आकर्षक गन्तव्य हो।

सरकारले क्यानाडाका लागि राजदूतमा परराष्ट्र सचिव भरतराज पौड्यालको नाम २ कात्तिकमा सिफारिस गरेको थियो भने पोर्चुगलमा नेपाललाई बिहीबार सिफारिस गरेको छ। सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बिहीबार मन्त्रिपरिषद् बैठकले पोर्चुगलमा राजदूतावास स्थापना गर्ने र राजदूत सिफारिस गर्ने निर्णय गरेको जानकारी दिइन्।



सलिन नेपाल

प्रस्तावित राजदूत नेपाललाई सत्तारुढ कांग्रेसले सिफारिस गरेको हो। उनी कूटनीति, योजना, विकास र नीति निर्माणका क्षेत्रमा विज्ञको रूपमा सक्रिय हुँदै आएका छन्। उनी विगतमा नेपाल विद्यार्थी संघमा सक्रिय थिए। उनले त्रिभुवन विश्वविद्यालयबाटै मानविकी संकायतर्फको अंग्रेजी साहित्य र समाजशास्त्रमा स्नातकोत्तर गरेका छन्।

२१ मंसिर ०७५ मा पूर्वराजदूत रुद्र नेपालको संयोजकत्वमा गठित कार्यदलले डेनमार्क, क्यानाडा, स्पेन र दक्षिण अफ्रिकास्थित दूतावास हटाएर टर्की, इटली, केन्या, इन्डोनेसिया र सिंगापुरमा दूतावास थप्न सरकारलाई सुझाव दिएको थियो। कार्यदलले सुझाव नदिए पनि पोर्चुगलमा राजदूतावास स्थापना गर्न त्यहाँ रहेका नेपालीहरूले माग गर्दै आएका थिए। डेनमार्कले भने २०१७ देखि नेपालस्थित दूतावास हटाएको छ। हालै उत्तर कोरियाले नेपालमा रहेको राजदूतावास बन्द गर्न लागेको जानकारी सरकारलाई दिएको छ। युरोप र एसियाको सेतु युरोपको छेउँ ठूलो अर्थतन्त्र भएको देश टर्कीमा दूतावास स्थापना गर्नुपर्ने सुझाव छ। टर्कीसँग नेपालको सोझो हवाई सम्पर्क छ।

इटलीमा दूतावास पुनः स्थापना गर्नुपर्ने सुझाव कार्यदलले दिएको छ। पञ्चायतमै इटलीमा स्थापना भएको दूतावास त्यो समयमै बन्द भएको थियो। नेपालले इरानको तेहरानमा पनि राजदूतावास स्थापना गरेको थियो, तर पञ्चायतकालमै बन्द भएको थियो। इन्डोनेसिया आसियानको हेडक्वार्टर भएको र पर्यटक संख्या वृद्धिको सम्भावना भएका कारण दूतावास स्थापना हुनुपर्ने सुझाव कार्यदलले दिएको थियो। सिंगापुर एसियाको प्रमुख व्यापारिक नाका भएकाले राजदूतावास स्थापना हुनुपर्ने सुझाव छ।

अब विदेशस्थित नेपाली राजदूतावास र स्थायी नियोगको संख्या ३४ पुगेको छ। पोर्चुगलसमेत थपिँदा अब विभिन्न मुलुकमा नेपालका ३१ राजदूतावास, संयुक्त राष्ट्रसंघका लागि ३ वटा स्थायी नियोग र ६ महावाणिज्य दूतावास गरी ४० कूटनीतिक कार्यालय भएका छन्। जसअनुसार अब ३३ देशमा नेपालका ३४ राजदूतावास (न्युयोर्कको नियोगसमेत) हुनेछन्। अमेरिकाका लागि नेपाली राजदूतावास वासिंटन डिसीमा छ भने न्युयोर्कमा संयुक्त राष्ट्रसंघका लागि स्थायी नियोग छ। सबै महादेश, विकास साझेदार मुलुक, शक्ति राष्ट्र, श्रम गन्तव्य मुलुकमा नेपालको कूटनीतिक उपस्थिति छ। दक्षिण एसियामा अफगानिस्तान, भुटान र माल्दिभ्सबाहेक सबै मुलुकमा नेपाली राजदूतावास छ।

पोर्चुगलका लागि प्रस्तावितसमेत जोड्दा राजनीतिक भागबन्डाका आधारमा नियुक्त हुने राजदूतहरूको संख्या १६ पुगेको छ। परराष्ट्र सेवाबाट राजदूत भएका र सिफारिससमेत जोड्दा संख्या १८ पुगेको छ।

राजनीतिक भागबन्डाका आधारमा भारत, चीन, अमेरिका, बेलायत, अस्ट्रेलिया, मलेसिया, रुस, कतार, दक्षिण कोरिया, दक्षिण अफ्रिका, डेनमार्क, श्रीलंका, स्पेन, साउदी अरेबिया र इजरायलमा राजदूत छन्। परराष्ट्रबाट प्रस्तावित छजना राजदूतबाहेक पाकिस्तान, जापान, बंगलादेश, बहराइन, म्यानमार, जर्मनी, ब्राजिल, इजिप्ट, ओमान, अस्ट्रिया, बेल्जियममा राजदूत छन्।

पोर्चुगलमा प्रस्तावित राजनीतिक कोटाबाट हुन् भने क्यानाडामा प्रस्तावित राजदूत पौड्याल परराष्ट्र सचिव हुन्। पौड्याललाई सरकारले मन्त्रीस्तरीय हैसियत र सेवासुविधा पाउने गरी राजदूतमा सिफारिस गरेको हो।

# क्रोएसिया पठाइदिन्छु भन्दै डेढ करोड ठगी गर्ने मलंग पक्राउ

लहानमा **मणिलाल विश्वकर्मा**

प्रहरीले युरोपेली मुलुक क्रोयसिया पठाइदिन्छु भन्दै ठगी गर्ने वैदेशिक रोजगारसम्बन्धी कसुरमा संलग्न रहेको आरोपमा एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सिराहाको लक्ष्मीपुरपतारी गाउँपालिका-३ महेशपुरपतारीका करिब ३५ वर्षीय साबिर मलंग रहेको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रवीन्द्रराज पाण्डेले जानकारी दिए। मलंगलाई महेशपुरपतारस्थित इलाका प्रहरी कार्यालयबाट खटिएको टोलीले बिहीबार दिउँसो १२ बजेतिर गाउँघरमा लुकीछिपी बसिरहेको अवस्थामा पक्राउ गरेको हो।



साबिर मलंग

पक्राउ गरिएका एजेन्ट मलंगलाई शुक्रबार बिहान विभागमा उपस्थित गराउने गरी बिहीबार राति काठमाडौं लगिने इलाका प्रहरी कार्यालय महेशपुरपतारका प्रमुख प्रहरी निरीक्षक गोविन्दलाल कर्णले बताए। उनका अनुसार १२ र १५ भदौमा विभागको अनुसन्धान तथा मुद्दा शाखाबाट महेशपुरपतार प्रहरीको नाममा वैदेशिक रोजगार कसुरसम्बन्धी मुद्दामा अनुसन्धानका लागि पक्राउ गरी स्वास्थ्य परीक्षणसहित विभागमा उपस्थित गराइदिन पत्राचार भएबमोजिम पक्राउ गरी पठाइएको हो। विभागले उनकी श्रीमती कुरेश खातुनलाई समेत पक्राउ गरी पठाइदिन भने पनि फरार रहेकाले खोजी भइरहेको उनले बताए।

भारतको नयाँ दिल्ली ६९/जिएफ इस्लाम कोलोनीमा पनि बस्ने गरेका मलंगले कैलालीको घोडाघोडी नगरपालिका- २ घर भएका अर्जुन विक भनेर चिनिने चिता अर्जुन कामीलाई सहायक एजेन्ट बनाएर नेपालका विभिन्न जिल्लाका झन्डै ५० जनासँग एक करोड ६२ लाख रुपैयाँ ठगी गरेको आरोप छ। आकर्षक तलबसहित क्रोएसिया पठाउँछु भन्दै कामीमार्फत मलंगले दाङका ६ जनाबाट साढे २२ लाख, भारतको दिल्ली पुऱ्याएर अछामका पाँचजनासँग १६ लाख, इलामका एकजनासँग २३ लाख, धरानका दुईजनासँग सात लाख र सिराहाको लहान क्षेत्रका तीनजनाबाट सात लाख रुपैयाँ असुलेको एक पीडितले बताए।

त्यस्तै, मलंग चितवनका चारजनाबाट १३ लाख, स्याङ्जाका चारजनाबाट आठ लाख, सुर्खेतका दुईजनाबाट आठ लाख, काठमाडौंका एकजनासँग सात लाख, कास्कीका २३ जनाबाट ५० लाख रुपैयाँ लिएर आजभोलि भन्दै फोनसमेत नउठाई फरार भएपछि पीडितमध्ये बाग्लुङका एक पीडितले श्रीमतीमार्फत वैदेशिक रोजगारसम्बन्धी कसुरमा गत ४ असारमा विभागमा उजुरी गरेका थिए। विभिन्न माध्यमले अर्जुनको सम्पर्कमा पुग्ने गरेका व्यक्तिलाई उनकी श्रीमतीलाई पोर्चुगल पठाएर राम्रो कमाइ गरिरहेको भन्दै लोभ्याएर मलंगले आफ्नी श्रीमती कुरेशको बैंक खातामा रकम उठाउँदै आएको पीडितको भनाइ छ। अछामका पाँचजनाले भारतको नयाँ दिल्ली-३० महरौली थानामा समेत अर्जुनमार्फत मलंगले वैदेशिक रोजगारीको नाममा धोकाधढी गरेको भन्दै १७ जुन ०२३ मा उजुरी दर्ता गएका थिए।

# लुम्बिनीमा दानबाट पौने ६५ लाख संकलन

**भैरहवा**/ मायादेवी मन्दिरमा राखिएका दानपेटिकाबाट ६४ लाख ७६ हजार ९६० रुपैयाँ संकलन भएको छ। आर्थिक वर्ष ०८०/८१ अन्तर्गत पहिलोपटक बुधबार सम्पन्न भएको दानपेटिका गणनाबाट सो परिमाणको रकम संकलन भएको लुम्बिनी विकास कोषले जनाएको छ।

सोमबार लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डीराज भट्टराईको नेतृत्वमा स्थानीय तह, सुरक्षाकर्मी, प्रहरी र अन्य सरोकारवालाको उपस्थितिमा दानपेटिका खोलिएको थियो। सोमबार २३ लाख ६६ हजार ४२२, मंगलबार २१ लाख ४९ हजार ५३८ र बुधबार १९ लाख ६१ हजार रुपैयाँ गणना भएको कोषका कोषाध्यक्ष भट्टराईले जानकारी दिए। मायादेवी मन्दिरको अवलोकनमा गएका भक्तजनले चढाएको दानको आम्दानीबाट कोषको आन्तरिक खर्च व्यवस्थापन हुँदै आएको उनले बताए। दानपेटिकामा संकलित दान पारदर्शी बनाउने गरी गणनाको व्यवस्था मिलाइएको छ। पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटक बढ्न थालेका छन्।

# सखुवानन्कारकट्टीको पुनः मतगणनाको मागसम्बन्धी मुद्दा खारेज

**लहान**/ सिराहाको सखुवानन्कारकट्टी गाउँपालिकामा अध्यक्ष पदका निकटतम प्रत्याशीले स्थानीय तहको निर्वाचनको मतगणना बदर गरी पुनः मतगणना गराई पाऊँ भन्दै दायर गरेको मुद्दा खारेज भएपछि गाउँपालिका अध्यक्षसहित समर्थक कार्यकर्ताले विजय ज्याली गरेका छन्। उच्च अदालत जनकपुर राजविराज इजलासमा बुधबार न्यायाधीशद्वय हरिप्रसाद भण्डारी र जगतबहादुर थापाको संयुक्त इजलासले मतगणना बदर गरी दोहोऱ्याई मतगणना गराइपाऊँ भन्ने मुद्दा खारेज गरिदिएपछि अध्यक्ष केदारनाथ यादवसहित उनका समर्थकले बुधबार राति सखुवानन्कारकट्टीमा विजय ज्याली निकालेका हुन्। अध्यक्ष यादव ३० वैशाख ०७९ मा सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनमा २६ मतान्तरले एकीकृत समाजवादीबाट दोस्रो कार्यकालका लागि निर्वाचित भएका थिए।

मतगणनाको अन्तिम परिणामअनुसार अध्यक्षमा निर्वाचित यादवले ३,४०७ र निकटतम प्रतिद्वन्द्वी कांग्रेसका शत्रुधनप्रसाद साहले ३,३८१ मत पाएका थिए। उक्त मत परिणाम बदर गरी पुनः मतगणनाको माग गर्दै निकटतम प्रतिद्वन्द्वी साहले उच्च अदालत जनकपुर, राजविराज इजलासमा १० जेठ ०७९ मा मुद्दा दायर गरेका थिए। ०७४ को पहिलो कार्यकालमा एमालेबाट निर्वाचित अध्यक्ष यादवसहित उपाध्यक्ष र वडा नम्बर १, २, ५ अध्यक्ष जितेकाले सुविधाजनक बहुमत पाएका थिए। पहिलो कार्यकालको अन्तिमतिर पार्टी विभाजन भएपछि एकीकृत समाजवादीमा लागेका अध्यक्ष यादवसहित वडा नम्बर ३ र ४ अध्यक्ष, उपाध्यक्षसहित वडा नम्बर १ र २ अध्यक्ष कांग्रेस तथा ४ नम्बर वडाध्यक्ष जसपाले जितेको थियो।


क.र.का.दर्ता नं. : ९६८६७/०६९०७०

## महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
## MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

रजिष्टर्ड कार्यालय अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

Email : info@mslbsl.com.np, Web: www.mslbsl.com.np

## UNAUDITED 1ST QUARTER FINANCIAL RESULT OF F.Y 2080/81

### CONDENSED STATEMENT OF FINANCIAL POSITION
For the Quarter ended 30th Aswin 2080

| Assets | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Cash and Cash Equivalents | 144,794,230.12 | 298,767,229.35 |
| Statutory Balances and due from Nepal Rastra Bank | 22,505,000.00 | 20,504,500.00 |
| Placement with Bank and Financial Institutions | 163,000,000.00 | 160,000,000.00 |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loans & Advances to Customers | 4,164,405,311.58 | 3,914,693,960.46 |
| Investment Securities | 1,000,000.00 | 1,000,000.00 |
| Current Tax Assets | 5,455,339.59 | - |
| Investment property | - | - |
| Property and Equivement | 29,031,729.02 | 28,988,244.02 |
| Goodwill and Intangible Assets | 938,862.34 | 938,862.34 |
| Deferred Tax Assets | 25,199,326.36 | 25,199,326.36 |
| Other Assets | 20,285,220.40 | 22,816,299.30 |
| **Total Assets** | **4,576,615,019.41** | **4,472,908,421.84** |
| **Liabilities** | | |
| Due to Bank and financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Finacial Instruments | - | - |
| Deposit from Customers | 1,588,663,174.17 | 1,601,801,312.29 |
| Borrowings | 2,080,604,511.93 | 1,986,801,446.33 |
| Current Tax Liabilities | - | 821,197.07 |
| Provisions | 16,306,665.49 | 18,244,311.60 |
| Deffered Tax Liabilites | - | - |
| Other Liabilities | 270,776,557.04 | 260,659,788.11 |
| Debt Securities Issued | | |
| Subordinate Liabilities | | |
| **Total Liabilities** | **3,956,350,908.63** | **3,868,328,055.39** |
| **Equity** | | |
| Share Capital | 322,378,585.20 | 322,378,585.20 |
| Share Premium | - | - |
| Retained Earning | 74,790,393.39 | 87,131,915.33 |
| Reserves | 223,095,132.20 | 195,069,865.92 |
| **Total Equity** | **620,264,110.78** | **604,580,366.44** |
| **Total Liabilities & Equity** | **4,576,615,019.41** | **4,472,908,421.84** |

### CONDENSED STATEMENT OF PROFIT & LOSS
For the Quarter ended 30th Aswin 2080

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 155,475,065.64 | 155,475,065.64 | 181,385,840.36 | 181,385,840.36 |
| Interest Expense | 94,364,899.25 | 94,364,899.25 | 108,080,810.86 | 108,080,810.86 |
| **Net Interest Income** | **61,110,166.39** | **61,110,166.39** | **73,305,029.50** | **73,305,029.50** |
| Fee & Commission Income | 16,739,782.54 | 16,739,782.54 | 24,674,152.52 | 24,674,152.52 |
| Fee & Commission Expenses | - | - | - | - |
| **Net Fee & Commission Income** | **16,739,782.54** | **16,739,782.54** | **24,674,152.52** | **24,674,152.52** |
| **Net Interest, Fee & Commission Income** | **77,849,948.93** | **77,849,948.93** | **97,979,182.02** | **97,979,182.02** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 3,993,474.69 | 3,993,474.69 | 1,664,675.52 | 1,664,675.52 |
| **Total Operating Income** | **81,843,423.62** | **81,843,423.62** | **99,643,857.54** | **99,643,857.54** |
| Impairment Charge/(reversal ) for loans and other Losses | 4,680,716.23 | 4,680,716.23 | 29,393,335.95 | 29,393,335.95 |
| **Net Operating Income** | **77,162,707.39** | **77,162,707.39** | **70,250,521.59** | **70,250,521.59** |
| **Operating Expenses** | | | | |
| Personnel expenses | 43,115,235.49 | 43,115,235.49 | 48,818,994.89 | 48,818,994.89 |
| Other Operating expenses | 10,823,463.99 | 10,823,463.99 | 11,935,498.47 | 11,935,498.47 |
| Depreciation & Amortization | 1,022,843.16 | 1,022,843.16 | 1,169,545.93 | 1,169,545.93 |
| **Operating Profit** | **22,201,164.76** | **22,201,164.76** | **8,326,482.30** | **8,326,482.30** |
| Non Operating Income | - | - | - | - |
| Non Operating expenses | - | - | - | - |
| **Profit before income tax** | **22,201,164.76** | **22,201,164.76** | **8,326,482.30** | **8,326,482.30** |
| Income Tax expenses | | | | |
| Current Tax | 6,660,349.43 | 6,660,349.43 | 2,497,944.69 | 2,497,944.69 |
| Deferred Tax | - | - | - | - |
| **Profit/(loss) for the period** | **15,540,815.33** | **15,540,815.33** | **5,828,537.61** | **5,828,537.61** |

### Condensed Consolidated Statement of Other Comprehensive Income

| | | | | |
|---|---|---|---|---|
| Profit/ (Loss) for the period | 15,540,815.33 | 15,540,815.33 | 5,828,537.61 | 5,828,537.61 |
| Other Comprehensive income | - | - | - | - |
| **Total Comprehensive Income** | **15,540,815.33** | **15,540,815.33** | **5,828,537.61** | **5,828,537.61** |
| Basic earnings per share | - | 19.28 | - | 8.26 |
| Diluted earnings per share | - | 19.28 | - | 8.26 |
| **Profit for the period** | **15,540,815.33** | **15,540,815.33** | **5,828,537.61** | **5,828,537.61** |
| **Total** | **15,540,815.33** | **15,540,815.33** | **5,828,537.61** | **5,828,537.61** |

### Ratios as per NRB Directive

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital fund to RWA | | 12.35% | | 11.41% |
| Non Performing loan (NPL) to total loan | | 4.16% | | 2.23% |
| Total loan loss provision to total NPL | | 110.23% | | 127.35% |
| Cost of Funds | | 9.89% | | 10.37% |
| Credit to Deposit and borrowing Ratio | | 115.86% | | 115.88% |
| Base Rate | | 16.03% | | 16.45% |
| Interest Rate Spread | | 5.09% | | 4.62% |

### Statement of Distributable Profit or Loss
For the Quarter ended 30th Aswin 2080
(As per NRB Regulation)

| Particulars | Current Year Upto this Qtr YTD | Previous Year Corresponding Qtr YTD |
|---|---|---|
| **Net profit as per statement of profit and loss** | **15,540,815.33** | **5,828,537.61** |
| **1. Appropriations** | | |
| a. General reserve | (3,108,163.07) | (1,165,707.52) |
| b. Foreign exchange fluctuation fund | - | - |
| c. Capital redemption reserve | - | - |
| d. Corporate social responsibility fund | (155,408.16) | (58,285.38) |
| e. Employees training fund | - | - |
| f. Client Protection Fund | (155,408.16) | (58,285.38) |
| g. Others | - | - |
| **Profit or (loss) before regulatory adjustment** | **12,121,835.94** | **4,546,259.34** |
| **Regulatory Adjustment :** | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | (24,463,357.88) | (4,344,403.99) |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | - | - |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | - | - |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | - | - |
| h. Acturial loss recognised (-)/reversal (+) | - | - |
| i. Other (+/-) | - | - |
| Net Profit for the 1st Quarter end, 2080 available for Distribution | (12,341,521.94) | 201,855.34 |
| Opening Retained Earning | 87,131,915.32 | 120,512,043.71 |
| Adjustment(+/-) | | |
| **Distribution** | | |
| Bonus share issued | - | - |
| Cash dividend paid | - | - |
| Total Distributable profit or (loss) as on Quarter end date | 74,790,393.38 | 120,713,899.05 |
| Annulised Distributable profit/loss per share | 23.20 | 42.78 |

**Note:**

1. Figures presented above may vary with the audited figures if instructed by the regulator and / or statutory auditors.
2. The micro finance has prepared financial statement in accordance with NFRS applied alternative treatment in the Carve-out issued by the Institute of Chartered Accountants of Nepal with respect to the following:
   a. The Microfinance has measured impairment loss on Loans and Advances at the higher of amount derived as per norms prescribed by Nepal Rastra Bank for loan loss provision and the amount determined as per NFRS 09.
   b. The microfinace has not factored fees and points paid or received on loans and advances in the application of effective interest rate(EIR) and have been recognized directly in the Statement of Profit and Loss.
3. Loans and advances are presented net of impairment charges and includes interest accruals and staff loans.
4. Personnel Expenses includes provision for staff bonus which has been calculated in line with the provisions in Bonus Act.
5. The effect of NFRS 16 "Lease" and acturial valuation of DBO has been calculated annually only.
6. Figures are regrouped /rearranged/restated wherever necessary for consistent presentation and comparison.
7. The detailed interim financial report has been published in the website. (https://www.mslbsl.com.np)

"*Interest Rate On Loan & Advance :10-15% and Deposits : 7.5-13%"

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उप नियम (१) संग सम्बन्धीत)
### आ.ब. २०८०/८१ को प्रथम त्रैमासिक विवरण

१ **वित्तीय विवरण**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरू

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तीको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १९.२८ | ३७.९१ | १९२.४० | १४१९.६४ | ११.५२% |

२ **व्यवस्थापकीय विश्लेषण**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
यस वित्तीय संस्थाको कारोबार, मौज्दात, तरलता र आम्दानीमा गत त्रैमासिक भन्दा वृद्धि भएको तथा सदस्य समूहको निक्षेप तथा कर्जा लगानीमा वृद्धि गर्दै बजारमा प्रचलित ब्याजदरलाई उच्चतम रुपमा व्यवस्थापन गर्न सफल भएको छ। साथै, यस त्रैयमासमा बैंकिङ प्रणालीमा देखिएको तरलता समस्याले कर्जा विस्तारमा लक्ष्य अनुसार प्रगती चुनौतीपुर्ण रहेको छ।

ख) **आगामी अवधीको व्यवस्थापकिय योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
यस लघुवित्त वित्तीय संस्थाले आ.व. २०८०/०८१ मा वित्तीय पहुँच अभिवृद्धि गरी गरिबी न्युनिकरणमा योगदान गर्दै उद्यमशिलता विकास मार्फत समृद्ध समाज निर्माणमा वित्तीय पहुँच पुऱ्याउने उद्देश्यले अगाडी बढिरहेको छ। हाल देशका विभिन्न स्थानहरूमा ६४ वटा शाखा कार्यालयहरू मार्फत ८१,७२६ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ। साथै संस्थालाई सुचना प्रविधी मैत्री बनाउन एवंम नविनत्तम श्रोतमा आधारित लघुवित्त कार्यकम संचालनको लागी उद्यमशिलता विकासमा सुचना प्रविधी (Digitalization) को भुमिकालाई मुख्य प्राथमिकतामा राखी कार्यकम संचालन गर्ने र त्यसका लागी स्थानिय निकायसंग सहकार्य गरी विपन्न वर्गका परिवारमा वित्तीय सेवा तथा सुविधा पुऱ्याउने योजना रहेको छ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना** अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :
वित्तीय प्रणालीमा केही महिना अघि देखिएको तरलता समस्या यथावत रहेकोले कर्जा सापटी तथा बचतमा उच्च ब्याजदर वृद्धि रहिनैरहेको तथा लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा न्युनिकरण गर्न कर्जा सुचना केन्द्रसगँ समन्वय गर्दै आएको साथै देशमा बढ्दो राजनैतिक अस्थिरताले गर्दासंस्थाको कर्जा तथा अन्य संचालन जोखिम तुलनात्मक रुपमा वृद्धि भएकोले अगामी लक्ष्यहरू पुरा गर्न चुनौती देखिएको छ। तथापि संस्थाको विगतको कार्य अनुभवबाट चुनौतिको समाधन गर्दै वित्तीय संस्थाको अगामी लक्ष्यहरू पुरा हुनेमा वित्तीय संस्था विश्वस्त रहेको छ।

३ **कानुनी कार्यबाही सम्बन्धी विवरण**

क) यस त्रैमासिक अवधीमा निती विपरितको कियाकलापमा संलग्न कर्मचारीलाई आवश्यक कानुनी प्रकृया अगाडी बढाएको।

ख) कुनै पनि संचालक उपर फौज्दारी मुद्धा चलेको छैन।

ग) कुनै पनि संचालक उपर आर्थिक मुद्धा चलेको छैन।

४ **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारका लागी संस्थाले नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा शेयर सूचिकृत गराएको छ।

ख) नेपाल स्टक एक्स्चेन्जको वेबसाईट अनुसार यस त्रैमासको अवधीमा निम्नानुसारले कारोवार भएको छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ९१०.०० | ७३०.०० | ७३१.०० | ६१ दिन | ८०६ |

५ **समस्या तथा चुनौती**
हाल बैंकिङ प्रणालीमा तरलताको चरम अभावको कारण शाखा सन्जाल तथा थप नयाँ कर्जा विस्तारमा असर पर्न सक्ने चुनौती देखिएको छ। साथै, कर्जा सापटी तथा बचतमा उच्च ब्याजदर वृद्धि भएको, एउटै सदस्यलाई ऋणको भार धेरै भई सदस्यहरू पलायन भएको जसले कर्जा असुलीमा समयमै नहुदाँ व्यवस्थापन खर्च वृद्धि भई मुनाफामा प्रतिकुल असर पर्न सक्ने देखिन्छ। सबै लघुवित्त संस्थाहरूको अधिकांश कार्यक्षेत्र तथा लक्षित वर्ग एकै भएको कारण कर्जा लगानीमा दोहोरोपना भएको, दक्ष जनशक्तिको अभाव काम गर्नु परिरहेको, लघुवित्त संस्थाहरू बिचनै अस्वस्थ प्रतिस्पर्धा भईरहेको र पछिल्लो समय लघुवित्त क्षेत्रमा देखिएको राजनैतिक परिदृष्यको कारण थप चुनौति थपिएको छ।

६ **संस्थागत सुशासन**
यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारि संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुका साथै प्रचलित ऐनहरू, कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र ऐन २०६३, तथा आयकर ऐन २०५८ को पालना गरेको छ। संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासनिक विनियमावली, कर्जा अपलेखन नीति, सूचना प्रविधी नीति, बचत नीति, कर्जा नीति, निर्देशिका, नगद संचालन कार्यविधी, धितो कर्जा कार्यविधी, सवारि साधन संचालन कार्यविधी, अनुगमन नीति, आन्तरिक लेखापरीक्षण नीति, विमा कार्यविधी, तयार गरि कार्यान्वयनमा ल्याईएको छ। संस्थाले आफ्नो कारोबार चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरीक व्यवस्थापन तथा जोखिम व्यवस्थापनको कार्य प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरि कार्यान्व्यनमा ल्याईएको छ।

७ **सत्य तथ्य सम्बन्धी कार्यकारी प्रमुखको उद्घोषणा :**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तीगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्ण छन् र लगानीकर्त्ताहरूलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएको छैन।

८ **नियम २६ को उपनियम (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण :** छैन

# क्रिकेटले जोड्न सक्छ देश

क्रिकेटमा नेपालको प्रदर्शनले सारा नेपालीमा आशा जगाएको छ। केही भइरहेको छैन, हुँदैन भन्ने स्थितिमा यो आशाको किरणका रूपमा उदाएको छ।



● मिलन पाण्डे

समय-सापेक्ष

नेल्सन मन्डेला भर्खरै साउथ अफ्रिकाका राष्ट्रपति बनेका थिए। उनी पहिलो अश्वेत राष्ट्रपति थिए। त्यहाँ वर्षौंदेखिको अश्वेत र श्वेतबीचको विभाजन अझै मेटिइसकेको थिएन। जोहानेसबर्ग रंगशालामा १९९५ को रग्बी विश्वकपको फाइनल खेल हुँदै थियो। श्वेत वर्णका खेलाडीले भरिएको 'स्प्रिङ बक्स' (साउथ अफ्रिकाको राष्ट्रिय टोलीको नाम) फाइनलमा पुगेको थियो। लाखौं दर्शकले भरिएको स्टेडियममा मन्डेला छिरे। स्टेडियम शान्त भयो। जब हरियो क्याप र जर्सीमा राष्ट्रपति देखिए, पूरै स्टेडियम र पूरै देशले 'नेल्सन, नेल्सन'को नारा लगाए। देशभरिका अश्वेत र श्वेत सबैले एकै स्वरमा 'नेल्सन, नेल्सन' भने।

जब मन्डेलाले श्वेत वर्णका कप्तानलाई बधाई दिँदै 'हाम्रो देशका लागि तपाईंले गरेको योगदानका निम्ति धन्यवाद क्याप्टेन' भने अनि क्याप्टेनले पनि 'तपाईंले हाम्रो देशका लागि जे गर्नुभएको छ, त्यसका लागि धन्यवाद मिस्टर प्रेसिडेन्ट' भने। पूरै स्टेडियम भावविह्वल भएर ताली बजायो। साउथ अफ्रिकाले त्यो विश्वकप जित्यो। यो देशको घाउ मेटाउने घटनाका रूपमा इतिहासमा सधैं दर्ज भयो। दक्षिण अफ्रिकी सरकारी समाचार एजेन्सीका अनुसार पनि त्यो जितपछि मानिसले आफूहरूमा रहेको दूरी मेटाउन एक-अर्कामा समानता खोज्न थालेको बताइएको थियो।

उत्कृष्ट, अद्भूत, बबाल, जित, केही हुन्छ, हामी सक्छौं, हामी नेपाली, हाम्रो टिम भन्ने शब्द या शब्दावली विगत केही महिनायता नेपालमा जतिपटक भनिएको छ, त्यो क्रिकेटका लागि नै भनिएको छ। एसिया कप, एसियन गेम्स, टी-२० विश्वकप क्वालिफायरमा नेपालको प्रदर्शनले सारा नेपालीमा आशा जगाएको छ। केही भइरहेको छैन, हुँदैन भन्ने स्थितिमा क्रिकेट एउटा आशाको किरणका रूपमा उदाएको छ। अन्तिम बलमा सास रोकिनु, रौं ठाडो हुनु, गर्वले छाती फुल्नु अनि खेलाडीको उत्साहमा आँखा रसाउनु विगत केही महिनादेखि खेलप्रेमी नेपालीको दिनचर्या बनेको छ। क्रिकेट नबुझ्ने मेरी आमा पनि जब नेपाल र इन्डियाबीच म्याच भयो र राष्ट्रिय गान घन्कियो, तब आँखाभरि आँसु लिएर 'अब त इन्डियाले हेप्दैन होला नि' भन्दै हुनुहुन्थ्यो।

खेल खेल मात्र होइन, देश जोड्ने सूत्र पनि हो। आजको दिनमा खेल, त्यसमा पनि विशेष गरी क्रिकेटबाहेक अरू के त्यस्तो कुरा छ, जसले सारा देशलाई एउटै झन्डामुनि ल्याउन सक्छ ? देशभक्ति र राष्ट्रियतालाई जगाउन र सही दिशा दिन यो समयमा केही कुराले सक्छ भने त्यो क्रिकेटले मात्र सक्छ। आजको मितिमा अन्य कुनै गतिविधिले यति धेरै नेपालीलाई त्यो जोस, सकारात्मकता र उत्साहसहित एक ठाउँमा ल्याउन सक्दैन। लिंग, धर्म, जात या विचारका आधारमा हामी प्रत्येक दिन विभाजित हुँदै छौं। यस्तो गम्भीर अवस्थामा आज सबै जाति, धर्म, लिंग, भूगोललाई जोड्न क्रिकेट सबैभन्दा महत्वपूर्ण माध्यम बन्न सक्छ। बन्न सक्छ मात्र होइन, हामीले क्रिकेटलाई त्यो हतियार बनाउन सक्नुपर्छ।

तसर्थ, यो समयमा खेल राष्ट्रियता र एकताको प्रतीक बन्दै छ। देशभित्र मात्र होइन, हाम्रो भाषा र संस्कृतिलाई पूरै विश्वमा चिनाउन प्रभावकारी अनि सस्तो माध्यम पनि क्रिकेट बनिरहेको छ। नेपाल र भारतको खेल हुँदा नेपालबारे कति धेरै भारतीय र अन्य देशका खेलप्रेमीले थाहा पाए होलान् ? जब कुशल मल्ल र दीपेन्द्रसिंह ऐरीले चाइनामा विश्व रेकर्ड बनाए, तब प्रत्येक खेलप्रेमीले नेपालबारे खोजे होलान्।

त्यसैले खेल राष्ट्रियतासँग जोडिएको छ। अनि, खेल अर्थतन्त्रसँग पनि जोडिएको छ। श्रीलंकामा नेपालको खेल हुँदा जसरी नेपाली श्रीलंका घुम्न गए, भोलि नेपालले महत्वपूर्ण खेल नेपालमै गराउन सक्दा यसले खेल पर्यटन र अन्य पर्यटनलाई पनि प्रवर्द्धन गर्छ। खेलाडी आउँदैमा नै पनि होटेलदेखि उनीहरूले गर्ने खर्चसम्म हाम्रो अर्थतन्त्रसँग जोडिन्छ। त्यसैले पनि यो खेल मात्र होइन, पर्यटनको समेत साधन बन्न सक्छ। एसिया कपमा भारत र पाकिस्तानसँगको खेलमा खेलअघि नेपालबारे टिभीमा देखाइएको दृश्य मात्र पनि पर्यटनका लागि महत्वपूर्ण छ।

आज जसरी प्रत्येक जात, समुदाय या भूगोलका खेलाडी एउटा टिम बनेर खेलिरहेका छन्, यसले महत्वपूर्ण सन्देश दिइरहेको छ। हामी समानता र विभेद मेटाउन ठुल्दूला कार्यक्रम ल्याउँछौं, तर नतिजा हात परिरहेका हुँदैन। तर, यही अहिलेकै राष्ट्रिय टिमले 'सबै जात, धर्म, समुदाय मिलेर खेल्दा मात्र जितिन्छ' भन्ने ठूलो सशक्त सन्देश दिँदै छ। यसको ठूलो राजनीतिक, संवैधानिक र सामाजिक अर्थ छ। यसलाई हामीले थप मजबुत बनाउन सक्नुपर्छ। हामी राजनीति नै विभेद हटाउन र समानताका लागि गरेको भन्छौं, तर यत्ति पनि नबुझ्ने कसरी राजनीतिज्ञ हुन सक्छ ?




अर्को महत्वपूर्ण कडी भनेको खेलले युवालाई सकारात्मक प्रभाव पारिरहेको हुन्छ। उनीहरूलाई खराब बाटोमा जानबाट रोक्छ। केन्याको सहर नैरोबीमा 'म्याथारे युथ स्पोर्टस् एसोसिएसन'ले फुटबललाई माध्यम बनाएर सुकुमबासी बच्चाहरूमा नयाँ आशा र विश्वास जगाएको थियो। स्कुल 'ड्रपआउट' दर, ड्रग्सको समस्यालगायतलाई समाधान गर्न त्यहाँ फुटबल प्रयोग गरिएको थियो। यहींनेर जोडौं, हामीलाई लाग्छ, बच्चाहरू खेले भने पढाइ बिग्रन्छ। तर, विभिन्न अध्ययनले यसलाई गलत साबित गरेको छ। खेलमा संलग्न हुँदा विद्यार्थी गलत बाटामा नलाग्ने, विद्यार्थीको पढाइ पनि राम्रो हुने, पढाइसँगै जीवन पनि सकारात्मक बन्ने देखिएको छ। खेलले सिकाउने सहकार्य, अनुशासन र हारलाई स्विकार्न सक्ने क्षमता नै त हो, हामीले सिक्नुपर्ने जीवनमा। 'म केही गर्न सक्दिनँ' भनेर पढाइमा कमजोर भएका विद्यार्थीलाई, म सक्छु भन्ने आत्मविश्वास खेलले जगाउन सक्छ।

> खेल खेल मात्र होइन, देश जोड्ने सूत्र पनि हो। आजको दिनमा खेल, त्यसमा पनि विशेष गरी क्रिकेटबाहेक अरू के त्यस्तो कुरा छ, जसले सारा देशलाई एउटै झन्डामुनि ल्याउन सक्छ ?

खेलले विकासको गतिसमेत बढाउँछ। १९६४ को टोकियो ओलम्पिक, १९८८ को सिउल ओलम्पिकले जापान र साउथ कोरियाको विकासको गतिलाई बढाइदिएको थियो। अनि, उनीहरूलाई अन्तर्राष्ट्रियस्तरमा शक्तिशाली राष्ट्रका रूपमा समेत स्थापित गरेको थियो। यो चाइनाको हकमा समेत लागू हुन्छ। २००८ मा बेइजिङ ओलम्पिकले नै चाइनालाई शक्तिशाली राष्ट्रका रूपमा स्थापित हुन सहयोग गरेको थियो। त्यसैले पनि खेल खेल मात्र होइन। यो राजनीति हो। यो कूटनीति पनि हो। खेलमा पछि पर्नु भनेको राजनीति र कूटनीतिमा पनि पछि पर्नु हो। हरेक राजनीतिज्ञ राज गर्न चाहन्छ। राज गर्ने दुई तरिका हुन्छन्। पहिलो, समाजलाई दुई ध्रुवमा विभाजित गर्ने अनि एउटा ध्रुवको नेता बनेर राज गर्ने। दोस्रो, समाजलाई जोड्ने सूत्र निर्माण गर्ने अनि नेतृत्व गर्ने। चाइनाका पूर्वराष्ट्रपति देउ स्याओपिङले सबैलाई समृद्धिको सपनाले एकजुट बनाए। हो, नेपाल पनि एउटा साझा मुद्दा र सपनाको खोजीमा छ। त्यो साझा सपनासम्म पुग्न हालका लागि क्रिकेट एउटा महत्वपूर्ण बाटो हुन सक्छ। फेरि भन्छु, आजको दिनमा देशलाई एउटै झन्डामुनि ल्याउने तागत कसैमा छ भने त्यो क्रिकेटमा मात्र छ। सबै पार्टी, सबै भूगोल, सबै जात, सबै धर्मलाई बाँध्ने सूत्र क्रिकेट बन्दै छ। त्यसैले पनि खेललाई विभिन्न समयमा विभिन्न राजनीतिज्ञले युद्धको घाउमा मलम लगाउन र भविष्यमा हुन सक्ने द्वन्द्व व्यवस्थापन गर्न प्रयोग गर्दै आएका छन्। पछिल्लो समय अफगानिस्तानले क्रिकेटलाई त्यो माध्यम बनाइरहेको छ।

अब के गर्ने त भन्दा प्रधानमन्त्रीदेखि क्यानसम्मले यो 'स्पिरिट' बुझेर काम गर्नुपर्छ। अहिलेको टिमलाई थप मजबुत बनाउने, अन्डर- १९ को टिमलाई निखार्ने, राजनीति र सम्बन्धमार्फत श्रीलंका, बंगलादेश, भारतका टिमसँग निरन्तर खेल राख्ने, अभ्यास गर्नेतर्फ क्यानले लगानी गर्नुपर्छ। अनि, खेलकुद परिषद् र मन्त्रालयले सहयोग गर्नुपर्छ। अब क्रिकेटमा राजनीति होइन, क्रिकेटको राजनीति गर्नुपर्छ। सँगै, खेलाडीले खाजामा अन्डा खाँदासमेत गनेर खानुपर्ने बाध्यता अन्त्य गर्दै खेलेर जीविका निर्वाह गर्न सकिन्छ है भन्ने वातावरण बन्न सक्नुपर्छ। राष्ट्रिय खेलाडीका हकमा मात्र होइन, प्रदेश अनि जिल्लाका खेलाडीको हकमा पनि यो लागू हुनुपर्छ। बिस्तारै कर्पोरेट हाउसहरूको क्रिकेटप्रतिको लगानी बढ्नु सुखद नै छ। यसलाई थप व्यवस्थित बनाउन जरुरी छ।

अन्त्यमा, संसारको सबैभन्दा बढी समर्थक भएको क्रिकेट खेलाडी विराट कोहलीलाई 'कुटुमा कुटु सुपारी दाना' गीतमा नचाउन सक्ने तागत क्रिकेटमा देखियो। यसको सदुपयोग गरौं। खेलको दिन प्रचण्ड स्टेडियम गएर वा केपी ओलीले क्रिकेट हेरेको फोटो राखेर वा केही नेता खेल हेर्न विदेशै गएर खेलको विकास हुँदैन। यसरी उहाँहरूको भोट पनि बढ्दैन। खेलको विकास गर्ने स्पष्ट नीति, कार्यक्रम र नेतृत्व लिन सके मात्र खेल र ती नेतृत्वको भलो हुनेछ। ल एउटा चुनौती लिऔं, के हामी सन् २०३५ को क्रिकेट विश्वकपको आयोजना गर्न सक्छौं ? सक्छौं भनेर अघि बढ्ने र त्यो विश्वकप जित्ने सपना र आत्मविश्वास राख्न सक्ने हो भने यसले पक्कै पनि नेपाली खेल र समाजलाई नयाँ दिशा दिनेछ। क्रिकेट नेपालीको साझा सपना 'आत्मसम्मान अनि समृद्धि'को एउटा सशक्त माध्यम बन्न सक्छ। खेल राष्ट्र निर्माणको एउटा सशक्त साधन हो। राष्ट्रभक्ति जगाउने एउटा बलवान् माध्यम हो। वास्तवमा संसारभरि धर्मपछि नागरिकलाई बाँध्ने सशक्त माध्यमका रूपमा खेललाई लिइन्छ। टुक्र्याउने, समाजलाई विभाजित गर्ने तन्तुलाई शान्तिपूर्ण रूपमा टक्कर दिने माध्यमका रूपमा खेललाई प्रयोग गरिँदै आएको छ।

नेल्सन मन्डेलाकै भनाइबाट अन्त्य गरौं। उनले सन् २००० मा भनेका थिए- 'खेलले संसार बदल्ने तागत राख्छ। खेलले प्रोत्साहन गर्ने तागत राख्छ। यसमा मानिसलाई एकताबद्ध गर्ने शक्ति छ, जुन अरू थोरैमा मात्र हुन्छ। यसले युवालाई उनीहरूले बुझेको भाषामा सम्बोधन गर्छ। खेलकुदले आशा जगाउन सक्छ, जहाँ कुनै समय निराशा मात्र थियो। खेल जातीय अवरोध तोड्न सरकारभन्दा बढी शक्तिशाली हुन्छ।'

*(पाण्डे विवेकशील साझा पार्टीका नेता हुन्)*

@MilanPandey

---

## ३ प्रश्न

शिक्षाविद् **प्रा.डा. विद्यानाथ कोइरालाला**ई



**भूकम्पप्रभावित क्षेत्रको पठनपाठनलाई कसरी निरन्तरता दिन सकिएला ?**

प्रभावित क्षेत्रका बालबालिकालाई भूकम्प किन र कसरी जान्छ ? भूकम्प गएको समयमा कसरी सुरक्षित हुन सकिन्छ ? संसारभर कहाँ-कहाँ बढी भूकम्प जान्छ ? जापान, इन्डोनेसियाजस्ता देशले भूकम्पबाट सुरक्षित हुन के-कस्ता उपाय अपनाएका छन् र हाम्रो अवस्था कस्तो छ ? भूकम्पबाट सुरक्षित घर कसरी निर्माण गर्ने र आफ्नोपन कसरी कायम राख्ने ? जस्ता विषय सिकाएर बालबालिकालाई भूकम्पबारे जानकार गराउनु शिक्षा होइन र ? भूकम्पमा घर भत्किनुका कारणमा विज्ञान सिकाउन सकिन्छ। भूकम्पबाट भएको धनजनको क्षतिको हिसाबकिताबबाट गणित सिकाउन सकिन्छ। मानिसहरूमा परेको समस्यालगायत पक्षबाट सामाजिक शिक्षा सिकाउन सकिन्छ। प्रभावित क्षेत्रमा पुग्ने विभिन्न उद्धारकर्ता र अन्य नौला मानिससितको अन्तर्क्रियाबाट भाषा सिकाउन सकिन्छ।

**यसका लागि के-कस्ता मोडल विकल्प हुन सक्लान् ?**

अहिले मोबाइल र टेलिभिजनको पहुँच गाउँगाउँसम्म पुगेको छ। त्यसैले निश्चित सेन्टर बनाएर बालबालिकालाई तिनै साधनमार्फत शिक्षा दिन सकिन्छ। एनजिओ/आइएनजिओलाई पनि यसमा परिचालन गर्न सकिन्छ। जिल्लाबाहिरबाट पनि स्वयंसेवी शिक्षक लगेर शिक्षा दिन सकिन्छ। बालबालिकालाई घरघरमा पठाएर एकअर्काबीच सहकार्य गराउन सकिन्छ।

**विद्यार्थीको मनोविज्ञानमा परेको आज्ञात कम गर्न के गर्नुपर्ला ?**

हामीमा कुनै पनि पीडा या आघातलाई छिटै भुल्ने सामर्थ्य छ। हामीले ०७२ को भूकम्पको पीडा भुलिसक्यौं। मास काउन्सिलिङबाट पनि बालबालिकामा परेको आघात कम गर्न सकिन्छ। विगतको भूकम्प झेलेका बालबालिकालाई प्रभावित क्षेत्रमा लगेर संवाद गराउन सकियो भने त्यो पनि प्रभावकारी हुन सक्छ।

---

**प्रेरक प्रसंग**

## रहस्यमयी फल

एक ८० वर्षीय वृद्ध निकै स्वस्थ र फुर्तिला देखिन्थे। मानिसहरू उनको स्वस्थ जीवनको रहस्य जान्न प्रश्न सोधिरहन्थे। तर, उनी भने मुसुक्क हाँसेरै टारिदिन्थे। उनको स्वास्थ्यस्थितिको चर्चा राजाले पनि सुने। उनले आफ्ना गुप्तचरलाई वृद्धका गतिविधिमाथि निगरानी गर्न लगाए।

एक बिहान गुप्तचरहरूले वृद्ध घरबाट निस्किएर कतै जाँदै गरेको देखे। उनीहरू पनि पछि लागे। वृद्ध छिटोछिटो हिँडिरहे। कैयौं माइलको यात्रापछि वृद्ध एक पहाड चढ्न थाले। गुप्तचरहरू त्यहीं बसेर उनको प्रतीक्षा गर्न थाले। केही बेरमा वृद्ध फर्किए। वृद्ध गोलो आकारका ससाना रातो रङका फल खाँदै थिए। गुप्तचरले राजालाई यही सूचना दिए।

राजाले आफ्ना सेवकलाई सो पहाडमा गएर रहस्यमय फल खोज्ने आदेश दिए। तर, उनीहरूले त्यस्तो कुनै फल भेटेनन्। राजाले वृद्धलाई दरबारमा हाजिर गराउने आदेश दिए। वृद्धलाई राजाले भने- 'वृद्धावस्थामा पनि तपाईंलाई यति स्वस्थ देख्दा खुसी लाग्यो। म तपाईंको स्वस्थ जीवनको रहस्य जान्न चाहन्छु।' वृद्धले भने- 'महाराज, म हरेक दिन पहाड चढेर एक रहस्यमयी फल खान्छु। मेरो स्वास्थ्यको रहस्य त्यही हो।'

राजाले भने- 'हामीलाई पनि पहाडमा लगेर त्यो रहस्यमयी फल देखाउनुहोस् न त।' वृद्धले सहमति जनाए। सबै उनको पछि लागे। पहाडको टुप्पामा पुगेपछि उनले एक फललाई देखाउँदै भने- 'महाराज, म नित्य यही फल सेवन गर्छु।' उनले रुखबाट टिपेर राजालाई पनि एक मुठी फल दिए। यथार्थमा त्यो कुनै रहस्यमयी फल थिएन, मामुली बयर थियो।

राजाले क्रोधित हुँदै भने- 'तपाईं हामीलाई मूर्ख सम्झिँदै हुनुहुन्छ ? यस्तो मामुली बयर पनि रहस्यमयी फल हुन्छ ? दुनियाँले यसलाई सेवन गर्दै आएका छन्, तर ती तपाईंजस्ता स्वस्थ छैनन् त ?' वृद्धले विनम्रतापूर्व भने- 'महाराज, मानिसले हरेक दिन बयर खान्छन्, तर म बयर खान हरेक दिन १० माइल पैदलयात्रा गर्छु। यहाँको स्वच्छ हावापानीले मेरो स्वास्थ्य बिग्रिन दिँदैन र म स्वस्थ रहन्छु।' वृद्धको कुरा सुनिसकेपछि राजाले उनलाई सम्मानित गरे र देशका जनतालाई शारीरिक श्रम गरी स्वस्थ रहन सल्लाह दिए।

---

**टिप्पणी** nayapatrikaofficial @naya_patrika

## विद्यालयको विकल्प खोज

जाजरकोट भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा मात्र ३९८ विद्यालय क्षतिग्रस्त भएको समाचार पढ्दा दुःख लाग्यो। उसै त कमजोर शैक्षिक धरातल भएको कर्णाली प्रदेशका पहाडी जिल्लाका विद्यालय त्यति सुरक्षित थिएनन्। झन् अहिलेको भकम्पपछि त तिनै असुरक्षित विद्यालय पनि भग्नावशेषमा परिणत भएको अवस्था छ। यस्तोमा ती जिल्लाका बालबालिकाको पढ्न पाउने अधिकार सुरक्षित गर्न सरकारले तत्काल वैकल्पिक व्यवस्था मिलाउनु जरुरी छ। जसबाट त्यस क्षेत्रका बालबालिका र शिक्षक-शिक्षिकाले सुरक्षित महसुस गरी आफ्नो पठनपाठनलाई निरन्तरता दिन सकून्।

● **गोविन्द गुरागाईं**, वीरेन्द्रनगर-६, सुर्खेत

## महानगरको निर्देशन स्वागतयोग्य

काठमाडौं महानगरले तिहारको मुखमा प्लास्टिकजन्य फूलमाला किनबेच नगर्न दिएको निर्देशन स्वागतयोग्य छ। आयातित प्लास्टिकजन्य फूलमालाले एकातिर विदेशी मुद्रा बाहिरिन्छ भने अर्कातिर आफ्नो सहरबजारको वातावरण बिगार्छ। त्यसैले यस्ता नक्कली फूलमाला प्रयोग नगर्नु नै बुद्धिमानी हो। अब व्यापारी र उपभोक्ता दुवैले महानगरको निर्देशन पालना गरेर सहरलाई स्वच्छ राख्न योगदान दिनुपर्छ। महानगरले पनि निर्देशन पालना भए/नभएको अनुगमन गरी दोषीमाथि कारबाही गर्न सक्नुपर्छ।

● **अञ्जना कुर्मी**
पाको, काठमाडौं

## उच्च अदालतको उपयुक्त आदेश

उच्च अदालत पोखराले लेकसाइडमा रहेका पसल चौबीसै घन्टा खोल्न दिन अन्तरिम आदेश दिएको समाचार पढेपछि केही लेख्न मन लाग्यो। काठमाडौंको ठमेल, पोखराको लेकसाइडजस्ता क्षेत्रलाई चौबीसै घन्टा खुला राख्नु व्यापारिक हिसाबले एकदम सही निर्णय हो। यसले त्यस क्षेत्रको रोजगारीमा वृद्धि गर्नुका साथै आर्थिक क्रियाकलाप चलायमान गराउँछ। त्यसैले अब स्थानीय प्रशासनले सुरक्षाको प्रत्याभूति गराएर चौबीसै घन्टा सो क्षेत्र खुला राख्ने व्यवस्था मिलाउनुपर्छ।

● **सुजन गुरुङ**
चिप्लेढुंगा, पोखरा

## आराफातको सम्झनाको अर्थ

२१ कार्तिकको नयाँ पत्रिकामा भारतीय वरिष्ठ पत्रकार हरजिन्दरको 'इजरायल-हमास युद्ध र आराफातको सान्दर्भिकता' शीर्षकको लेख पढेपछि मलाई मेरो बाल्यकालको याद भयो। हामी स्कुलबाट छुट्टी भएपछि गाउँको माईस्थानको पीपलको रूखमुनि सुस्ताउँथ्यौं। गज्जब थियो, मेरो गाउँ। सबैले गाउँका एक चलाख मान्छेको नाम चर्चिल राखेका थिए। एक घरवारविहीन भिख माग्ने सलिमको नाम अराफात र एकजना भाइबन्धुले धपाइदिएका अर्का गाउँका पाहुनाको नाम दलाई लामा राखेका थिए।

त्यसैवेला माग्दै खाँदै भारत जाने गरेका तिब्बतियन पनि गाउँघरमा देखिन्थे। पीपलको रूखमुनि सुस्ताउने वेला यी पात्रसँग अक्सर जम्काभेट हुन्थ्यो। नभन्दै उनीहरूको नामको पछाडिको रहस्य अलिअलि थाहा पाउँदै गएँ। युवावस्थामा उनको असली संघर्षको कथा थाहा भयो। अराफात असली मुद्दाको पहिचान गरेर त्यसलाई प्राप्त गरेरै गए। लागू नहुनु अर्कै कुरा भयो। दलाई लामाले लक्ष्य प्राप्त नगरी नै मुक्ति पाउने पक्का छ। आराफातले जे प्राप्त गरे त्यसको विकल्प छजस्तो लाग्दैन। हमासको गल्ती प्यालेस्टिनीले भोग्दै छन्। यदि हमास बलियो भयो भने इजरायलले भोग्नेछ। यस्तो हुनु समस्याको समाधान होइन, चर्चिलको धूर्तताको सफलता मात्र हो।

मानवीय आधारमा कुनै गान्धी, मार्टिन लुथर र मन्डेलाले जे भनेर गए, त्यसबाहिर यस ग्रहको अस्तित्व नरहनेमा कुनै सन्देह छैन। लेखकले जुन आराफातलाई सम्झेका छन्, बाँकी विश्वले पनि उनैलाई सम्झनुपर्छ। एकोहोरो इजरायलको आलोचना मलाई ठीक लाग्दैन। हमास आतंकवादी हो र ऊ समाप्त हुनैपर्छ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

---

# विपन्न मुलुकमा परिवार नियोजनलाई कसरी सफल बनाउने ?

**विभिन्न अध्ययनले परिवार नियोजनमा लगानी गरिएको प्रत्येक डलरले आठ डलरभन्दा बढी सामाजिक आर्थिक लाभ उत्पन्न गर्ने देखाएको छ**



देश/विदेश

● लिया टेडेसे

इथियोपियाको दुर्गम गाउँमा चार सन्तानकी व्यस्त एवं कम उमेरकी आमा अमिनाले आफूलाई आवश्यक गर्भनिरोधक सुईका लागि स्वास्थ्य क्लिनिकमा आउजाउ गर्न सधैं सजिलो थिएन। क्लिनिकका स्वास्थ्यकर्मी सेलमले अन्य विकल्पबारे छलफल गर्दा अमिनाले लङ एक्टिङ इम्प्लान्ट (एक गर्भनिरोधक साधन)बारे थाहा पाउँदा हर्षित भइन्। यसले उनको स्वास्थ्य क्लिनिकको नियमित आउजाउको बोझलाई घटाउँथ्यो। सेलमले व्यस्तताबीच आउजाउको असहजताका कारण धेरै महिलाले लङ एक्टिङ इम्प्लान्टको विकल्प रोजेको देखेकी थिइन्। क्लिनिकमा इम्प्लान्टको अभावका कारण सेलम अमिनाजस्ता सेवाग्राहीले भर परेका आवश्यक परिवार-योजना विधि अपुग हुनेमा चिन्तित थिइन्। यो समस्या सेलमको क्लिनिकमा मात्रै सीमित छैन, देशभरका स्वास्थ्य केन्द्रमा यही समस्या छ। पहिलेको तुलनामा अहिले धेरै इथियोपियाली महिलाले परिवार नियोजनका सेवा प्रयोग गरिरहेका छन्। मुलुकको गर्भनिरोधक प्रचलन दर ४१ प्रतिशतमा उक्लिएको छ। सरकारले परिवार नियोजन कोष बढाएको छ र सामुदायस्तरमा पहुँच विस्तार गरिरहेको छ, जहाँ ४२ हजार स्वास्थ्यकर्मी खटाइएको छ। यसले हामीलाई उल्लेखनीय प्रगति हासिल गर्न मद्दत गरेको छ। तर, हाम्रो गर्भनिरोधकको आपूर्ति बढ्दो मागअनुकूल हुन सकेको छैन। स्वास्थ्य मन्त्रालय, जसले अमिनाजस्ता महिलालाई निःशुल्क गर्भनिरोधक विकल्प उपलब्ध गराउँछ, त्यसले परिवार नियोजन उत्पादनका लागि ठूलो वित्तीय अन्तरसाथ देशव्यापी अभावको सामना गर्दै आएको छ।

इथियोपिया मात्र नभई न्यून र मध्यम आय भएका मुलुकले गत वर्ष गर्भनिरोधकका लागि १० करोड डलरभन्दा बढी रकम कमीको सामना गर्नुपरेको थियो। यस अन्तरले लाखौं महिला र बालिकालाई परिवार नियोजन वा गर्भनिरोध विधिको पहुँचबाट वञ्चित गर्नेछ। नतिजा थप अनिच्छित गर्भधारण, असुरक्षित गर्भपतन र मातृमृत्यु निम्तिनेछ। अहिले यो वित्तीय खाडल हटाउनु चुनौतीपूर्ण छ।

उसो त नीति निर्माताले सामना गर्ने कठिन निर्णयबारे म जानकार छु, तर सरकारले परिवार नियोजनलाई प्राथमिकता दिँदा मैले महत्वपूर्ण लाभ देखेकी छु। विभिन्न अध्ययनले परिवार नियोजनमा लगानी गरिएको प्रत्येक एक डलरले आठ डलरभन्दा बढी सामाजिक आर्थिक लाभ उत्पन्न गर्छ भन्ने देखाएको छ। किनभने, अनियोजित गर्भधारणलाई कम गर्नाले धेरै आमा र बच्चा प्रसवबाट जोगिन्छन् र धेरै बालिका विद्यालय जाने एवं महिलाले उद्यम गर्ने समय पाउँछन्। अन्ततः बलियो र स्वस्थ परिवारको वृद्धि हुन्छ। गर्भनिरोधकमा हुने पहुँचले सशक्तीकरणको चक्र जीवन्त बनाउँछ, जसले सबैका लागि आर्थिक वृद्धि र समृद्धि उत्पन्न गर्छ।

तसर्थ, हामीले हाम्रा स्रोत विस्तार गर्न इथियोपियामा नवप्रवर्तनीय स्वास्थ्य-वित्तीय रणनीति अँगालेका छौं। लक्ष्य भनेको छोटो अवधिमा वित्तीय अन्तरलाई कम गर्ने र दीर्घकालीन रूपमा देशको स्वामित्व बढाउने (अर्थात् दातामाथिको निर्भरता घटाउने) हो। यस उद्देश्यका लागि इथियोपियाको स्वास्थ्य मन्त्रालय र अर्थ मन्त्रालयले संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपिए)सँग सम्झौता गरेको थियो, जसलाई कन्ट्री कम्प्याक्टको नाम दिइएको छ। यसले दाताबाट आएको प्रारम्भिक सहायता प्रयोग गर्दै परिवार नियोजनका लागि राष्ट्रिय कोषलाई क्रमशः र दिगो रूपमा बढाउने लक्ष्य राखेको छ। दोस्रो, पूरक वित्तीय संरचनाले अब हामीलाई इथियोपिया सरकार, बिल र मेलिन्डा गेट्स फाउन्डेसन, डेभिड र लुसिल प्याकार्ड फाउन्डेसन, सुसन थम्पसन बफेट फाउन्डेसन, युएसएड इथियोपिया र नेदरल्यान्ड्सबीच हस्ताक्षर भएको साझेदारी कम्प्याक्टमार्फत परिवार नियोजन उत्पादनका लागि कोष बढाउन सक्षम बनाइरहेको छ।



*तस्बिर : एरिक लेफोर्ग/गेटी इमेजेस*

अबको तीन वर्षमा इथियोपिया सरकारले आफ्नो गर्भनिरोधक कोषलाई तीनगुणाले बढाउनेछ र गर्भनिरोधक आपूर्ति कोषमा एक करोड ११ लाख डलर योगदान गर्नेछ। यो लागत दातामार्फत प्रबन्ध हुनेछ। यसले दुई दशकमा परिवार नियोजनका लागि इथियोपियाको सबैभन्दा महत्वपूर्ण प्रतिबद्धतालाई संकेत गर्छ र संयुक्त आर्थिक सहयोगले गर्भनिरोधकका लागि आवश्यक कोषमा हुने अनुमानित कमीको लगभग ७० प्रतिशत पूर्ति गर्नेछ।

यी सम्झौता इथियोपियाले द्वन्द्व, जलवायुसम्बन्धित खडेरी, बाढी र रोगको प्रकोपको सामना गरिरहेको वेला भएको छ र यो उल्लेखनीय छ। किनभने, हामी परिवार नियोजनको महत्व कठिनाइको समयमा अझ तीव्र हुन्छ भन्ने बुझ्छौं। हाम्रो सफलता साझेदारीको शक्तिको प्रमाण मात्र नभई आर्थिक रूपमा चुनौतीपूर्ण अवस्थामा पनि परिवार नियोजनमा बढ्दो लगानी सम्भव छ भन्ने पनि देखाउँछ। निःसन्देह गर्भनिरोधकको पर्याप्त आपूर्ति समस्याको एक सानो हिस्सा मात्रै हो। परिवार नियोजन विस्तार सुधार गर्न, हामीले हाम्रो पहुँच विस्तार गर्न र हाम्रो स्वास्थ्य प्रणालीलाई बलियो बनाउन इथियोपियाका महिला र बालिकालाई आवश्यक हेरचाह हासिल गर्न सशक्तीकरणको प्रक्रिया जारी राख्नुपर्छ। तर, गर्भनिरोधकका लागि कोषको अन्तरलाई बन्द गर्ने काम पहिलो प्राथमिकता हो। महत्वपूर्ण के छ भने सरकारी निकाय मिलेर काम गर्दा प्रगति गर्न सकिन्छ (उदाहरण, हालै इथियोपियाको स्वास्थ्य र वित्त मन्त्रालयले मिलेर काम गरेका छन्) र त्यसैगरी सरकारी निकाय दातासँग प्रभावकारी रूपमा संलग्न पनि हुन्छन्। साझेदारका रूपमा स्थानीय सार्वजनिक स्वास्थ्यको पारस्परिक उद्देश्यतर्फ अगाडि बढ्दै हामीमध्ये कुनै एकले एक्लैले हासिल गर्न सक्नेभन्दा धेरै हासिल गर्न सक्छौं।

*(टेडेसे इथियोपियाकी स्वास्थ्यमन्त्री हुन्)*
*प्रोजेक्ट सिन्डिकेटबाट*

---

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

## अप्रिलमा मिस्टर एन्ड मिसेज माही



राजकुमार राव र जान्ह्वी कपुर स्टारर फिल्म मिस्टर एन्ड मिसेज माही १९ अप्रिल २०२४ मा रिलिज हुने भएको छ। यो फिल्म भारतका पूर्वक्रिकेट कप्तान महेन्द्रसिंह धोनीको जीवनीमा आधारित छ। फिल्ममा अभिषेक बेनर्जी, कुमुद मिश्रा, जरिना वहाब, राजेश शर्मालगायत कलाकारको अभिनय छ।

## द आर्चिजमा सुहाना



जोया अख्तरको निर्देशनमा बनेको द आर्चिजको ट्रेलर सार्वजनिक भएको छ। यस फिल्ममार्फत शाहरुख खानकी छोरी सुहाना खान, अभिताभ बच्चनकी नातिनी अगस्त्या नन्दा र श्रीदेवीकी छोरी खुसी कपुरले डेब्यु गर्दै छन्। यो फिल्मले सन् १९६० को परिवेशलाई क्यान्भासमा उतार्ने कोसिस गरेको छ।

# तिहारमा बनाउनुस् यस्ता परिकार



आरबी बुढाथोकी
सु-सेफ

चाहे अचारसँग होस् या चियासँग, स्कुलको क्यान्टिनमा होस्, अफिसमा या मिठाई पसलमा। जहाँ पनि पाइन्छ सेलरोटी। पछिल्लो समय ठूला-ठूला सुपरमार्केटमा समेत प्याकिङमा सेलरोटी पाइन थालेको छ। अनलाइनमा अर्डर गरेर पनि सेलरोटी खान सकिन्छ। विशेष गरी तिहारमा धेरैले सेलरोटी बनाउँछन्। घरमै पनि विभिन्न भेराइटीका सोलरोटी बनाउन सकिन्छ।



### काँडे सेलरोटी

साइजमा केही सानो देखिए तापनि निकै आकर्षक र छुट्टै मिठास छ। सोसल मिडियामा निकै भाइरल भइरहेको यो काँडे रोटी घरमै बनाउन सकिन्छ।

**सामग्री** : रातभर भिजाएको चामल एक किलो, शुद्ध नेपाली घिउ २५० ग्राम, चिनी ३०० ग्राम, एक टिस्पुन बेकिङ पाउडर, फ्राई तेल आवश्यकताअनुसार मिलाउन सकिन्छ।

**विधि** : भिजाएको चाललाई राम्ररी ब्ल्यान्डरमा पानी मिसाएर पिस्ने। पिसेको चामलको लेदोलाई हातले १० मिनेटजति मज्जाले माड्ने। घिउ र चिनी हालेर पुनः १० मिनेट माड्ने र बेकिङ पाउडर हालेर राम्ररी मिक्स गरी छोपेर ५-७ घन्टा राख्ने। सेलरोटी बनाउन बाक्लो तावामा तेल तताउने।

तेलको तापक्रम २२०-२३० डिग्रीभन्दा माथि नलैजाँदा राम्रो हुन्छ। घरमा प्रब (तातो-चिसो नाप्ने थर्मोमिटर) छैन भने हातमा थोरै मुछेको पिठो लिएर कति तातेको छ भनेर नाप्न सकिन्छ। तेल राम्ररी तात्नासाथ एउटा झाँजरलाई तेलको माथि राखेर सोलीमा राखेको सेलरोटीको पिठोलाई सानो रिंग हुने गरी घुमाउने। एकसाइड पाक्नासाथ अर्कापट्टि फर्काउने र गोल्डेन ब्राउन देखिन थालेपछि तेलबाट निकालेर स्टेनरमा तेल तर्कन छाडिदिने। त्यसपछि रोटी पकाउँदै जाने। एक किलो चाललले झन्डै ३० पिस काँडे रोटी बनाउन सकिन्छ। शुद्ध घिउमा तार्ने हो भने यसको मिठास अझ उत्तम हुन जान्छ।

### हनी नट्स सेलरोटी

**सामग्री** : ताइचिन चामल-५०० ग्राम, शुद्ध नेपाली घिउ-३ चिया चम्चा, चिनी-१/४ कप, मह-५ टेबल चम्चा, उसिनेर पिसेको काजु पेस्ट, सुजी-१/४ कप, मौदा-३ टेबल चम्चा, दूध-१ कप, सुकमेलको धुलो-पिन्च, बेकिङ सोडा-चिम्टी, पानी आवश्यकताअनुसार थप्ने।



**विधि** : चाललाई १ घन्टा भिजाएर छान्ने र घाम या हावामा सुकाउन राख्ने। हल्का सुक्खा हुनासाथ ब्ल्यान्डरमा पिसेर एउटा बाटामा खन्याउने। घिउ हालेर माडी-माडी मुछ्ने र एकछिन राख्ने। केही समयपछि बाँकी सम्पूर्ण सामग्री हालेर मुछ्ने। छोपेर रातभरि राख्ने र बाक्लो सेल पकाउने तावामा तेल हालेर तताउने। हात या सोलीको माध्यमले बीचमा केही तिंग या दियो राखी सेलरोटी पकाउने। यसरी तयार भएको सेलरोटी निकै स्वादिष्ट र क्रन्ची हुन्छ।


### रंगीन फिनी रोटी

रंगीन फिनी रोटी बनाउन चाहिने सामग्री : मैदा-४ कप, चामलको पिठो-आधा कप, घिउ-५ चम्चा, पानी- डो बनाउन आवश्यकताअनुसार, नुन-स्वादअनुसार, आइसिंग सुगर-आधा कप, तेल-फ्राई गर्न पुग्ने, फुड कलर-रातो, पहेँलो, हरियो, गुलाबी १-१ चिम्टी।



विधि : चामल र मैदाको पिठो मिसाएर नुन र घिउ हाली माड्ने र तपाईंलाई कति कलरमा फिनी रोटी बनाउने हो, त्यतिवटा भाँडामा बराबर पिठो विभाजन गरी भिन्न-भिन्न 'फुड कलर' हाली आवश्यकताअनुसार पानी हाल्ने। डो मुछेर घटीमा १५-२० मिनेट छोपेर राख्ने। छुट्टाछुट्टै मुछेको पिठोलाई १-१ गरी बेल्ने। बेलेको सबै रोटीमा थोरै मैदा, चामलको पिठो र तेललले बनाएको लेदो दल्ने। सबै बेलेको रोटीलाई एक-अर्कामाथि खप्टेर बिछ्याउने। अब सबै रोटीलाई एकसाथ समाएर रोल गर्ने र चक्कुले सानो-सानो पिसमा काटेर लाम्चो आकारमा बेल्ने। अब फिनी रोटीलाई तातेको तेलमा फ्राई गर्ने र यो पत्र-पत्र बनेर रंगीन देखिन्छ। नुनिलो मन पर्नेले यत्तिकै खादा हुन्छ भने गुलियो मन पर्नेले तातो-तातो पत्रे रोटीमा धुलो चिनी (आइसिंग सुगर) छर्केर खान सकिन्छ। यदि तपाईंलाई प्रोसेस गरेको फुड कलर प्रयोग गर्न मन छैन भने चुकन्दरको जुस, गाँजरको जुस, पालकको जुसजस्ता प्राकृतिक रंग हालेर पिठो मुछ्न सक्नुहुन्छ।

# अनिद्राबाट बच्न...



### कारण

- एक्कासि आइपरेको मानसिक तनाव, क्षणिक उत्तेजित अवस्था, डर, डिप्रेसन, आत्तिने रोगजस्ता मानसिक रोगले गर्दा पनि अनिद्रा हुन्छ।
- लागुपदार्थको सेवन गरेका मानिसले तत्काल सेवन गर्न छोड्नु वा धेरै सेवन गर्नु।
- कम्प्युटर स्क्रिनमा धेरै समय बिताउने, मोबाइलको प्रयोग धेरै गर्ने, बेडमा बसेर टिभी हेर्ने, बेडमा बसेर मोबाइल चलाउने, बेडमै बसेर पढ्ने बानीले पनि निद्रा लाग्दैन।

### कसरी बच्ने ?

- बिहान समयमै उठ्ने बानी बसाल्नुपर्छ।
- दैनिक शारीरिक व्यायाम गर्ने।
- स्वस्थ खानेकुरा र जीवनशैली अपनाउने।
- सकेसम्म धेरै चिल्लो पदार्थ भएको खानेकुरा नखाने।
- कम र स्वास्थकर खाना खाने बानी बसाल्ने।
- बेलुकी १० देखि बिहान ६ बजेसम्म सुत्ने। दिउँसो सकेसम्म नसुत्ने, लागुपदार्थको सेवन नगर्ने।

### घरमै मेकअप

- सुरुमा फेसवासले मुख धुनुपर्छ। सफा कपडाले मुख पुछ्नुपर्छ। त्यसपछि टोनर लगाउनुपर्छ। मोस्चराइजर क्रिम लगाउनुपर्छ।
- यसपछि सनस्क्रिन अनिवार्य लगाउनुपर्छ। मेकअपलाई लामो समय टिकाउन प्राइमर लगाउन सकिन्छ। यसपछि आफूलाई मन परेको सेपमा आइब्रो बनाउनुपर्छ। आफ्नो स्किनअनुसारको फाउन्डेसन लगाउनुपर्छ। लगत्तै पाउडर लगाउनुपर्छ। फाउन्डेसन मात्र लगाउँदा अनुहार चिल्लो देखिने हुँदा पाउडर लगाउँदा सुक्खा हुन्छ।
- मेकअप गरेको करिब १० मिनेटपछि अनुहारमा ग्लो आउँछ। घरमै बसेर आइस्याडो लगाउँदा कपडाको कलरसँग मिल्ने गरी लगाउनु राम्रो हुन्छ।

# सुरक्षित दीपावली



तिहारमा बिजुलीको खपत बढी हुन्छ। दीपावली मनाउने क्रममा नेपालमा आगलागीका घटना पनि हुने गरेका छन्। तपाईं-हाम्रै हेलचेक्र्याइँले यस्तो भएको हो। त्यसैले आगलागीबारे निकै सचेत र सावधान हुन जरुरी देखिन्छ।

### आगलागीका कारण

तिहारमा बढी विद्युतीय बत्ती प्रयोग गर्न थालिएको छ। अन्य समयभन्दा झन्डै दोब्बर विद्युत् खपत हुन्छ। तार र ट्रान्समिटरमा लोड बढी भएपछि आगलागीका घटना निम्तिने गरेका छन्। त्यस्तै, तेल र पालामा बत्ती बाल्दा पनि कैयौं आगलागीका घटना भएको पाइन्छ। त्यसैले यसबारे सचेत हुन जरुरी छ।

### यसरी ख्याल गर्न सकिन्छ

दियो बालेपछि सुत्नुअघि निभाउनुपर्छ वा आफ्नो निगरानीमा राख्नुपर्छ। त्यस्तै, विद्युतीय बत्तीको तार सर्ट हुन सक्ने भएकाले ख्याल गर्नुपर्छ। रातिको समयमा सकेसम्म विद्युत्बाट बालिने बत्ती नबाल्दा राम्रो हुन्छ। बत्ती बालेर निगरानी नराख्दा त्यसको कारणले आगलागी भएर धनजनको क्षति हुन सक्छ।

## Interim Financial Statements
## Chhimek Laghubitta Bittiya Sanstha Limited

### Unaudited Condensed Statement of Financial Position

As on Quarter ended 30 Ashwin, 2080

Amount (NPR)

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash Equivalent | 8,525,632,823.36 | 8,225,036,420.36 |
| Statutory Balances and due from Nepal Rastra Bank | 965,096,670.00 | 956,486,670.00 |
| Placement with Bank & Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loan and advances to MFIs & Cooperatives | - | - |
| Loans and Advances to Customers | 31,821,655,833.48 | 32,003,609,476.96 |
| Investment Securities | 514,538,000.00 | 503,638,000.00 |
| Current Tax Assets | - | 58,800,326.49 |
| Investment Property | - | - |
| Property and Equipment | 290,634,646.44 | 295,672,492.05 |
| Goodwill and Intangible Assets | 3,442,080.15 | 3,442,080.15 |
| Deferred Tax Assets | 19,233,697.34 | 29,635,896.59 |
| Other Assets | 758,188,059.39 | 516,531,503.09 |
| **Total Assets** | **42,898,421,810.16** | **42,592,852,865.69** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 31,040,132,906.17 | 30,716,613,283.88 |
| Borrowings | 4,045,960,990.55 | 4,553,973,587.13 |
| Current Tax Liabilities | 39,374,393.20 | - |
| Provisions | 36,447,636.49 | 37,281,807.71 |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 714,933,544.54 | 529,077,268.69 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **35,876,849,470.95** | **35,836,945,947.41** |
| **Equity** | | |
| Share Capital | 2,835,402,000.00 | 2,835,402,000.00 |
| Share Premium | 40,967,834.00 | 40,967,834.00 |
| Retained Earnings | 1,640,594,383.94 | 1,450,134,543.24 |
| Reserves | 2,504,608,121.27 | 2,429,402,541.04 |
| **Total Equity** | **7,021,572,339.21** | **6,755,906,918.28** |
| **Total Liabilities and Equity** | **42,898,421,810.16** | **42,592,852,865.69** |

### Unaudited Condensed Statement of Profit & Loss

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 1,510,028,292.64 | 1,510,028,292.64 | 1,428,567,075.57 | 1,428,567,075.57 |
| Interest Expense | 781,617,558.01 | 781,617,558.01 | 688,578,125.46 | 688,578,125.46 |
| **Net Interest Income** | **728,410,734.63** | **728,410,734.63** | **739,988,950.11** | **739,988,950.11** |
| Fee and Commission Income | 64,167,416.00 | 64,167,416.00 | 102,390,214.00 | 102,390,214.00 |
| Fee and Commission Expense | 125,981.00 | 125,981.00 | 23,303.00 | 23,303.00 |
| **Net Fee and Commission Income** | **64,041,435.00** | **64,041,435.00** | **102,366,911.00** | **102,366,911.00** |
| **Net Interest, Fees and Commission Income** | **792,452,169.63** | **792,452,169.63** | **842,355,861.11** | **842,355,861.11** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | - | - |
| **Total Operating Income** | **792,452,169.63** | **792,452,169.63** | **842,355,861.11** | **842,355,861.11** |
| Impairment Charge/(reversal) for Loans and Other Losses | 108,361,653.79 | 108,361,653.79 | 24,900,605.86 | 24,900,605.86 |
| **Net operating income** | **684,090,515.84** | **684,090,515.84** | **817,455,255.25** | **817,455,255.25** |
| **Operating Expense** | | | | |
| Personnel Expenses | 320,947,417.31 | 320,947,417.31 | 305,656,373.83 | 305,656,373.83 |
| Other Operating Expenses | 40,934,022.27 | 40,934,022.27 | 36,099,394.07 | 36,099,394.07 |
| Depreciation & Amortization | 9,193,130.78 | 9,193,130.78 | 8,740,278.20 | 8,740,278.20 |
| **Operating Profit** | **313,015,945.48** | **313,015,945.48** | **466,959,209.15** | **466,959,209.15** |
| Non-Operating Income | 2,927,133.48 | 2,927,133.48 | 3,195,769.59 | 3,195,769.59 |
| Non-Operating Expense | - | - | - | - |
| **Profit before Income Tax** | **315,943,078.96** | **315,943,078.96** | **470,154,978.74** | **470,154,978.74** |
| **Income Tax Expense** | | | | |
| Current Tax | 94,782,923.69 | 94,782,923.69 | 141,046,493.62 | 141,046,493.62 |
| Deferred Tax | - | - | | |
| **Profit for the Period** | **221,160,155.27** | **221,160,155.27** | **329,108,485.12** | **329,108,485.12** |

### Statement of Comprehesive Income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| **Profit or loss for the Period** | **221,160,155.27** | **221,160,155.27** | **329,108,485.12** | **329,108,485.12** |
| **Other Comprehensive Income** | - | - | - | - |
| **a) Items that will not be reclassified to profit or loss** | - | - | - | - |
| -Gains/(losses) from investments in equity instruments measured at fair value | - | - | - | - |
| -Gain/(loss) on revaluation | - | - | - | - |
| -Actuarial gain/loss on defined benefit plans | - | - | - | - |
| -Income tax relating to above items | - | - | - | - |
| **Net other compressive income that will not be reclassified to profit or loss** | | | - | - |
| **b) Items that are or may be reclassified to profit or loss** | - | - | - | - |
| -Gains/(losses) on cash flow hedge | - | - | - | - |
| -Exchange gains/(losses) (arising from translating financial assets of foreign operation) | - | - | - | - |
| -Income tax relating to above items | - | - | - | - |
| **Net other compressive income that are or may be reclassified to profit or loss** | | | | |
| **c) Share of other comprehensive income of associate accounted as per equity method** | - | - | - | - |
| **Other comprehensive income for the period, net of income tax** | - | - | - | - |
| **Total Comprehensive Income for the period** | **221,160,155.27** | **221,160,155.27** | **329,108,485.12** | **329,108,485.12** |
| **Earnings per share** | | | | |
| Basic earnings per share | | 31.20 | | 56.64 |
| Annualized Basic Earnings Per Share | | 31.20 | | 56.64 |
| Diluted earnings per share | | 31.20 | | 56.64 |

### Ratios as per NRB Directive

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | | 18.48% | | 16.37% |
| Non-performing loan (NPL) to total loan | | 2.28% | | 0.81% |
| Total Loan Loss Provision to Total NPL | | 150.66% | | 245.34% |
| Cost of Funds | | 8.81% | | 8.51% |
| Credit to Deposit and Borrowing Ratio | | 93.29% | | 102.61% |
| Base Rate | | 13.74% | | 12.53% |
| Interest Rate Spread | | 5.84% | | 6.39% |

### Statement of Distributable Profit or Loss

| Particulars | Current Year Upto this Qtr | Previous Year Corresponding Upto this Qtr |
|---|---|---|
| **Net Profit or (Loss) as per statement of profit or loss** | **221,160,155.27** | **329,108,485.12** |
| **Appropriations:** | | |
| a. General Reserve | 44,232,031.05 | 65,821,697.02 |
| b. Foreign exchange fluctuation fund | - | - |
| c. Capital redemption reserve | - | - |
| d. Corporate social responsibility fund | 2,211,601.55 | 3,291,084.85 |
| e. Employee's training fund | - | - |
| f. Other | 2,211,601.55 | 3,291,084.85 |
| **Profit or (Loss) before regulatory adjustment** | **172,504,921.11** | **256,704,618.40** |
| **Regulatory Adjustment:** | | |
| a.Interest receivable (-) / previous accrued interest received (+) | - | - |
| b. Short loan loss provision in accounts (-)/ reversal (+) | - | - |
| c. Short provision for possible losses on investment (-)/ reversal (+) | - | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/ reversal (+) | - | - |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | - | - |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognised (-)/ reversal (+) | - | - |
| h. Actuarial loss recognised (-)/reversal (+) | - | - |
| i. Other | - | - |
| **Net Profit for the Quarter end Ashwin 30, 2080 available for distribution** | **172,504,921.11** | **256,704,618.40** |
| Opening Retained Earning as on Shrawn 1, 2080 | 1,468,089,462.83 | 1,206,401,946.17 |
| Adjustment (+/-) | - | - |
| Distribution | | |
| Bonus share issued | - | - |
| Cash Dividend Paid | - | - |
| **Total Distributable profit or (loss) as on Quarter end date** | **1,640,594,383.94** | **1,463,106,564.57** |
| Annualised Distributable Profit/Loss per share | 57.86 | 51.60 |

**Notes:**

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards(NFRS) and certain Carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).These figures may vary at the instances of statutory auditors and regulators.
2. The detailed interim financial report has been published in the website (www.chhimekbank.org).
3. Loans and Advances are presented net of impairment charges and includes staff loans.
4. Actuarial Valuation will be done for Employee Benefits.
5. Personnel Expenses also include employee's bonus provision.
6. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.

### Disclosure Pursuant to Securities Registration and Issue Regulation 2073 (Rule 26(1), Annexure 14) First Quarter of Financial Year 2080/81

**1 Financial Statement**

a) The Nepal Financial Reporting Standard (NFRS) compliant financial statement of the second quarter has been published along with this report.

**b) Key Financial Indicators**

| | | | |
|---|---|---|---|
| Earnings Per Share | 31.20 | Liquidity Ratio | 29.82% |
| Price Earnings Ratio | 29.39 | Return on Equity | 12.86% |
| Net Worth Per Share | 247.64 | Total Assets Value Per Share | 1,512.96 |

**2 Management Analysis**

**a) Quarterly analysis of the microfinance's incomes and liquidity:**

The microfinance has registered NPR 22,11,60,155.27 in net profit and its liquidity ratio stands at 29.82%.

**b) Business Analysis and Business Plan**

Having the license to operate all over Nepal, the microfinance is currently providing its services in 69 districts through 197 branches. With the aim of improving access to financial services to the poor and marginalized women members and developing micro-entrepreneurship, the microfinance is serving 416,893 households and has provided various loans to 217,995 members till the end of this quarter. The microfinance is further planning to timely improve its quality of services as per the contemporary circumstances and needs & requirements of the members. The microfinance will keep on continually developing the micro-enterpreneurship on its members through micro-credit services and training facilities.

To ease the collection of deposits and installments from its members, the microfinance has collaborated with various private digital payment service providers.Further microfinance is planning to enhance the digital services to its members.

**3 Details Related to Legal Proceedings**

a) No information regarding the lawsuit against the microfinance has been filed during the Quarterly period under review.

b) No information regarding the lawsuit on account of violation of prevailing laws or commission of criminal offences has been filed against the promoter or director of the microfinance during the quarterly period under review.

c) No information regarding the lawsuit of financial fraud/crime has been filed against the promoters and management team of the microfinance during the quarterly period under review.

**4 Analysis of the Microfinance's Share Transaction**

a) The shares of the microfinance are listed on Nepal Stock Exchange. The microfinance's share price is determined by the market's movement and microfinance's management is neutral in this regard.

b) The microfinance has complied with all the prevailing norms of SEBON and directives issued by NRB.

c) Details of share transaction during the quarter is as follows:

| | | | |
|---|---|---|---|
| Maximum Price | 1,025.00 | Total Days Transacted | |
| Minimum Price | 900.00 | Total Shares Transacted | 586,293.00 |
| Closing Price | 917.00 | Total Number of Transaction | 10,531.00 |
| | | **Total Amount Transacted** | **566,288,528.00** |

(Source: - www.nepalstock.com.np)

**5 Problems and Challenges**

The recovery and lending process of the microfinance has not taken its pace, as it was before the COVID-19 pandemic. Current liquidity crisis along with high cost borrowing from the BFIs has increased cost of fund . Quality of Portfolio has been deteriorated due to the activities of Group, carrying out act against the microfinance sectors.

The microfinance has been continuously involved in providing quality financial services to its members by ensuring the safety of its employees as well as its members during the times of ongoing pandemic (COVID-19). The total cost of operations has been increased in recent times due to recruitment, retention of quality human resource and addition of new branches.

The challenges faced by the microfinance during this period are listed below:

**i) Internal Challenges:**

a) Challenges in the timely recovery of loans,
b) Recruitment and retention of quality manpower,
c) Increasing cost of operation,
d) Decrease in employee productivity due to geographical dificulties,
e) Management of increased operational risk with the increase in business volume & number of branches.
f) Difficulty in conducting members field meeting due to the activities of group, carrying out act against Microfinance sectors.

**ii) External Challenges**

a) Increment in the interest rate of Deprived Sector and other Borrowings availed by the microfinance,
b) Changes in Regulatory provisions,
c) Challenges in the management of the liquidity,
d) Multiple Borrowings and Duplication of members,
e) Larger numbers of microfinances and Unhealthy Competition among them,
f) Lack of Markets for the productions of the members,
g) Long term impact of Covid-19 pendamic.

**iii) Future Strategies to overcome the challenges**

a) Optimum and efficient utilization of the available means and resources,
b) Enhancing the Quality of Assets,
c) Incorporating Digital banking in every possible aspects of the services,
d) Expansion of branches to the untapped areas of the country,
e) Enhancing the competitive advantages,
f) Extension of the lending in Productive and Agricultural Sector.

**6 Corporate Governance**

The microfinance is committed in maintaining the highest level of ethical standards, corporate governance, and compliance. The board of directors and management strictly comply with all the regulatory norms issued by NRB and various other regulatory authorities. Further, the microfinance adheres to all the regulatory and legal requirements and the industry best practices.

**7 Declaration by CEO**

I, CEO of the microfinance, take responsibility for the truthfulness of the information disclosed in this report to the best of my knowledge. Further, the information disclosed herein are true and fair and have not knowingly concealed any material information which may affect the decision of the investor.

# नर्कमा बदलिएको गाजा

गाजाका २२ लाख मानिसले युद्ध र पूर्ण घेराबन्दीको आघात सहन थालेको एक महिनाभन्दा बढी भइसक्यो । केहीले विस्थापित भएर युद्धको कहर भोग्न थालेको महिनादिन पुगिसक्यो । अक्टोबर १३ देखि इजरायलले उत्तरी गाजाका ११ लाख बासिन्दालाई सो ठाउँ खाली गरेर दक्षिणतर्फ पलायन हुन बारम्बार धम्की दिँदै आएको छ । अहिलेसम्म इजरायली चेतावनीबाट डराएर लगभग तीनचौथाइ बासिन्दाले उत्तरी गाजा छोडेको अनुमान छ । उत्तरी गाजाको तुलनामा दक्षिणमा इजरायली आक्रमण कम छ, तर यो पनि मुस्किलले सुरक्षित छ । उदाहरणका लागि, अस्ति नोभेम्बर ७ मा खान युनिसको एउटा स्कुलमा भएको बमबारीमा एक प्यालेस्टिनीको मृत्यु भयो भने अन्य नौजना घाइते भएका थिए । यो सहर इजरायली सेनाले उत्तरी गाजाका मानिसलाई भागेर जान भनेको दक्षिणी भेगकै एउटा सहर हो ।

विस्थापित हुनेमध्ये अधिकांश संयुक्त राष्ट्रसंघका सुविधा (भवन तथा परिसर), अस्पताल र अन्य सार्वजनिक भवनहरूमा आश्रय लिइरहेका छन् । ती पनि बमका धमाकाले चर्किएका छन् । खान युनिसको एक व्यावसायिक-तालिम/प्रशिक्षण केन्द्र संयुक्त राष्ट्रसंघको सबैभन्दा बढी भीडभाडयुक्त आश्रयस्थल भएको छ । यहाँ शरण लिएका व्यक्तिका लागि मुस्किलले प्रत्येक व्यक्तिलाई दुई वर्गमिटरभन्दा पनि कम ठाउँ उपलब्ध छ । एउटा शौचालयलाई कम्तीमा ६०० व्यक्तिले उपयोग गर्नुपर्छ ।

युद्धअघि गाजाका मानिसले औसतमा दैनिक ८० लिटर पानी पाउँथे । संयुक्त राष्ट्रसंघका अनुसार आपत्कालीन अवस्थामा पिउने, खाना पकाउने र सरसफाइका लागि न्यूनतम १५ लिटर पानी आवश्यक पर्छ । गाजामा अहिले दैनिक तीन लिटर मात्रै पानी वितरण हुने गरेको छ । त्यसमा पनि अधिकांश पानी पिउन अयोग्य खेतीमा प्रयोग गर्न खनिएका कृषिकुवाबाट निकालिएको पानी हुने गरेको छ । अहिले नुहाउने कुरा अधिकांश गाजावासीका लागि अकल्पनीय विलासिता बनेको छ । डिहाइड्रेसन (निर्जलीकरण)को गुनासो आम भएको छ । स्वास्थ्यकर्मीहरूका अनुसार सरसफाइको कमीका कारण हजारौँ मानिसमा झाडापखालाको प्रकोप फैलिएको छ ।



खानेकुराको पनि अत्यन्त अभाव छ । मानिसहरूले आधारभूत चिजबिज पाउन बडो संघर्ष गर्नुपर्छ । डिब्बाबन्द माछा, प्याज र पाउरोटीका दुई-चार टुक्राले छाक टार्नु नियमित भोजन भएको छ । केही आमाहरूले शिशुलाई खुवाउने फर्मुला (ल्याक्टोजिन आदि) तयार पार्न दूषित पानी प्रयोग गरिरहेका छन् ।

गाजामा खाद्यान्न, पानी र अन्य आधारभूत वस्तुहरूको आपूर्तिको अभाव भएको कुरालाई नोभेम्बर ७ मा इजरायली सेनाले अस्वीकार गऱ्यो । इजरायलले आफूले सहायता वितरणमा लगाएको भिटो गत अक्टोबर २१ मा हटाएपछि तीन हजार टन खाद्यान्न र ११ लाख ५० हजार लिटर पानी बोकेका ६६५ लरी उक्त क्षेत्रमा प्रवेश गरेको विवरण दिएको छ । २३ लाख मानिस र १८ दिनले भाग नलगाउँदासम्म यो आँकडा निकै ठूलोजस्तो सुनिन्छ । तर, यति सामग्रीले २३ लाख मानिसलाई १८ दिन दैनिक प्रतिव्यक्ति ७६ ग्राम खानेकुरा र पानी २९ मिलिलिटर मात्र पुग्छ ।

उत्तरी गाजाको अवस्था त अझै अत्यासलाग्दो छ । यहाँका अनुमानित तीन लाख मानिसले इजरायलले यो स्थान छाडेर दक्षिणतर्फ जान दिएको आदेशलाई या त मान्न सकिरहेका छैनन्, या त जानाजान अटेर गरी बसेका छन् । यस क्षेत्रमा सहायता एजेन्सीहरूले सहयोग पुऱ्याउन सकिरहेका छैनन्, जसलाई अहिले इजरायली सेनाले घेरेर दक्षिणबाट अलग गरेको छ । संयुक्त राष्ट्रसंघका अनुसार उत्तरमा अहिले कुनै पनि बेकरी सञ्चालनमा छैनन् । पछिल्लो समय केही प्यालेस्टिनीहरू ढिला गरेर यो क्षेत्रबाट भागेका छन् । उनीहरूले उक्त यात्रा निकै खतरनाक भएको बताएका छन् । पैदलै उत्तरी गाजा छोडिरहेका उनीहरूमध्ये केही मानिस इजरायली सेनाको गोला वा बमबारीमा परेका थुप्रै रिपोर्ट छन् ।

८ नोभेम्बरमा आयोजित पत्रकार सम्मेलनमा हमासका अधिकारीहरूले गाजालाई पर्याप्त सहयोग उपलब्ध गराउन नसक्नुमा संयुक्त राष्ट्रसंघलाई दोष दिए । तर, उनीहरूले युद्ध सुरु गर्नुमा आफ्नो भूमिकाको बारेमा भने केही उल्लेख गरेनन्, न त गाजाको शासनको आफ्नो जिम्मेवारीबारे नै केही उल्लेख गरे । गाजाले बेहोरिरहेको यो दयनीय अवस्थाप्रति उनीहरूको उदासीनताले विरोधका केही स्वरहरू पनि जन्माएको छ । यसै महिनाको सुरुमा गृह मन्त्रालयका प्रवक्ता इयाद अल-बुज्मले अल-सिफा अस्पतालबाहिर पत्रकार सम्मेलन गर्दा एकजना व्यक्ति क्यामेराअगाडि आएर हमासको आलोचना गर्दै चिच्याएका थिए । यहाँ यस्ता प्रदर्शन दुर्लभै हुन पाउँछन्, किनकि यसअघि आलोचकहरूले यातना पाएका छन् र मारिएका पनि छन् ।

न्युयोर्कस्थित गैरनाफामूलक संस्था कमिटी टु प्रोटेक्ट जर्नालिस्टका अनुसार यो युद्ध सुरु भएयता इजरायली आक्रमणमा परी कम्तीमा ३४ जना प्यालेस्टिनी सञ्चारकर्मीको ज्यान गइसकेको छ । गाजाका पत्रकारहरूले हमासबाट पनि धम्की आएको बताएका छन् । उनीहरूलाई हमासबारे कुनै पनि अप्रिय समाचार सम्प्रेषण नगर्न धम्की दिइएको छ । उनीहरूमध्ये केही गनगन गर्छन्, 'यदि इजरायलले मारेन भने हमासले मार्नेछ ।' अहिले यहाँका अधिकांश मानिसका लागि अरू कुराका लागि कुनै समय छैन । उनीहरू केवल बच्न कोसिस गरिरहेका छन् र युद्धविरामको पर्खाइमा छन्, जुन अहिले धेरै टाढा देखिन्छ ।

*- द इकोनोमिस्टबाट*


## इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.

**Infinity Laghubitta Bittiya Sanstha Ltd.**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) फोन नं.: ०७८-५०३३०१,

इमेल: info@infinitylbsl.com.np

## Interim Financial Statements of FY 2080/81

### Condensed Statement of Financial Position As on Quarter ended 30th Aswin 2080

Amount (NPR)

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalent | 343,677,495 | 193,201,967 |
| Statutory Balances and due from Nepal Rastra Bank | 24,317 | 24,317 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loan and advances to MFIs & Cooperatives | - | - |
| Loans and Advances to Customers | 4,498,998,527 | 4,340,270,164 |
| Investment Securities | 1,000,000 | 1,000,000 |
| Current Tax Assets | 44,174,237 | 35,956,777 |
| Investment Property | - | - |
| Property and Equipment | 63,007,893 | 85,648,397 |
| Goodwill and Intangible Assets | 7,272,159 | 7,399,784 |
| Deferred Tax Assets | 9,596,360 | 9,596,360 |
| Other Assets | 179,446,005 | 79,171,954 |
| **Total Assets** | **5,147,196,994** | **4,752,269,720** |
| **Liabilities** | | |
| Due to Bank and Financial Instituions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 1,273,164,867 | 1,319,298,142 |
| Borrowing | 2,900,892,821 | 2,521,563,991 |
| Current Tax Liabilities | - | - |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 288,519,591 | 231,450,642 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total liabilities** | **4,462,577,279** | **4,072,312,774** |
| **Equity** | | |
| Share Capital | 497,415,942 | 497,415,942 |
| Share Premium | - | - |
| Retained Earnings | (6,963,206) | 22,656,010 |
| Reserves | 194,166,979 | 159,884,994 |
| **Total Equity** | **684,619,715** | **679,956,945** |
| **Total Liabilities and Equity** | **5,147,196,994** | **4,752,269,720** |

### Condensed Statement of Profit & Loss For the Quarter ended 30th Aswin 2080

Amount (NPR)

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 166,240,578 | 166,240,578 | 166,653,046 | 166,653,046 |
| Interest Expense | 107,680,517 | 107,680,517 | 110,985,508 | 110,985,508 |
| **Net Interest Income** | **58,560,061** | **58,560,061** | **55,667,538** | **55,667,538** |
| Fee and Commission Income | 16,580,746 | 16,580,746 | 27,801,534 | 27,801,534 |
| Fee and Commission Expense | - | - | - | - |
| **Net Fee and Commission Income** | **16,580,746** | **16,580,746** | **27,801,534** | **27,801,534** |
| **Net Interest, Fees and Commission Income** | **75,140,807** | **75,140,807** | **83,469,073** | **83,469,073** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | - | - |
| **Total Operating Income** | **75,140,807** | **75,140,807** | **83,469,073** | **83,469,073** |
| Impairment Charge/(reversal) for Loans and Other Losses | 13,666,694 | 13,666,694 | (13,038,145) | (13,038,145) |
| **Net operating income** | **61,474,113** | **61,474,113** | **70,430,928** | **70,430,928** |
| **Operating Expense** | **56,239,858** | **56,239,858** | **61,134,448** | **61,134,448** |
| Personnel Expenses | 39,850,872 | 39,850,872 | 42,878,483 | 42,878,483 |
| Other Operating Expenses | 11,705,447 | 11,705,447 | 16,808,596 | 16,808,596 |
| Depreciation & Amortization | 4,683,539 | 4,683,539 | 1,447,370 | 1,447,370 |
| **Operating Profit** | **5,234,254** | **5,234,254** | **9,296,480** | **9,296,480** |
| Non-Operating Income | - | - | - | - |
| Non-Operating Expense | - | - | - | - |
| **Profit before Income Tax** | **5,234,254** | **5,234,254** | **9,296,480** | **9,296,480** |
| Income Tax Expense | | | | - |
| Current Tax | 1,570,276 | 1,570,276 | 2,788,944 | 2,788,944 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Period** | **3,663,978** | **3,663,978** | **6,507,536** | **6,507,536** |
| **Condensed Statement of Comprehensive Income** | | | | |
| Profit for the period | 3,663,978 | 3,663,978 | 6,507,536 | 6,507,536 |
| Other Comprehensive Income | | | | |
| **Total comprehensive income for the period** | **3,663,978** | **3,663,978** | **6,507,536** | **6,507,536** |
| **Earnings per share** | | | | |
| Basic earnings per share | 0.74 | 0.74 | 1.57 | 1.57 |
| Annualized Basic Earnings Per Share | 2.95 | 2.95 | 6.28 | 6.28 |
| Diluted earnings per share | 2.95 | 2.95 | 6.28 | 6.28 |

### Ratio as per NRB Directives

| Particulars | Current Year | | Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | - | 12.14% | - | 12.50% |
| Non Performing Loan (NPL) to Total Loan | - | 4.88% | - | 4.80% |
| Total Loan Loss Provision to Total NPL | - | 50.11% | - | 26.51% |
| Cost of Funds | - | 10.26% | - | 10.67% |
| Credit to Deposit & Borrowing Ratio | - | 110.48% | - | 114.15% |
| Base Rate | - | 16.38% | - | 15.98% |
| Interest rate spread | - | 4.74% | - | 4.32% |

| Interest Rate | |
|---|---|
| 1. Deposits : 7.5% - 10% | 2. Loan & Advance : 15% |

### Statement Of Distributable Profit or Loss For the Quarter ended 30th Aswin 2080

| Particulars | Current Year Upto This Qtr (YTD) |
|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **3,663,978** |
| **Appropriation:** | |
| a. General reserve | 732,796 |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | 36,640 |
| e. Employees' training fund | - |
| f. Client Protection Fund | 36,640 |
| g. Other | - |
| **Profit or (loss) before regulatory adjustment** | **2,857,903** |
| **Regulatory adjustment :** | (35,496,950) |
| a. Transferred to Regulatory Reserve | (35,496,950) |
| b. Transferred from Regulatory Reserve | |
| **Net Profit for the First Qtr end 2080/81 available for distirubtion** | **(32,639,047)** |
| **Opening Retained Earning** | **22,656,010** |
| Adjustment (+/-) | 3,019,831 |
| **Total Distributable profit or (loss) as on Qtr end date** | **(6,963,206)** |

**Notes to Interim Financial Statement:**

1. The above figures are subject to change upon regulator's instruction and/or statutory auditors.
| Financial Assets | | | |
| Cash and cash equivalents | 5,051,663.74 | 529,475.20 | 8,030,726.17 |
| Other current assets | 42,794,015.66 | 58,054,025.79 | 64,412,605.27 |
| Trade Receivable | 68,655,385.44 | 101,426,671.68 | - |
| **Total Current Assets** | **119,060,625.96** | **162,507,547.05** | **74,218,253.44** |
| **Total Assets** | **6,248,811,076.45** | **6,347,227,893.07** | **6,148,097,774.17** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Equity share capital | 1,500,000,000.00 | 1,500,000,000.00 | 1,500,000,000.00 |
| Retained Earnings | **(486,159,948.93)** | **(367,969,793.21)** | **(186,178,688.94)** |
| **Total Equity** | **1,013,840,051.07** | **1,132,030,206.79** | **1,313,821,311.06** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Long Term Borrowing | 4,367,905,788.98 | 4,368,709,567.28 | 3,977,888,740.14 |
| Other Financial Liabilities | | | - |
| Deferred Tax Liabilities | | - | - |
| Other Non-Current Liabilities | 29,525,790.00 | | - |
| **Total Non-Current Liabilities** | **4,397,431,578.98** | **4,368,709,567.28** | **3,977,888,740.14** |
| **Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Short Term Borrowing | 417,816,137.19 | 409,940,137.19 | 563,970,962.88 |
| Trade Payables | 275,233,766.22 | 321,868,783.40 | 247,494,924.66 |
| Other Financial Liabilities | | - | |
| Provisions | 142,043,256.03 | 112,479,618.93 | 27,893,253.99 |
| Other Current Liabilities | 2,446,286.96 | 2,199,579.48 | 17,028,581.44 |
| **Total Current Liabilities** | **837,539,446.40** | **846,488,119.00** | **856,387,722.97** |
| **Total Liabilities** | **5,234,971,025.38** | **5,215,197,686.28** | **4,834,276,463.11** |
| **Total Equity and Liabilities** | **6,248,811,076.45** | **6,347,227,893.07** | **6,148,097,774.17** |

*(In NPR)*

| Statement of Profit or Loss and Other Comprehensive Income | Upto this Quarter Ending Ashwin End 2080 | Previous Quarter Ending Ashad End, 2080 | Corresponding Previous Year Quarter Ending Ashwin End, 2079 |
|---|---|---|---|
| Revenue | 101,498,847.98 | 136,413,245.23 | - |
| Cost of sales | | - | - |
| Generation and Distubution Expenses | 14,598,967.48 | 15,035,208.22 | - |
| **Gross Profit** | **86,899,880.50** | **121,378,037.01** | - |
| Depreciation and Amortization | 57,351,988.76 | 59,000,149.90 | 1,004,284.72 |
| Other Income | 1,846,061.28 | 93,000.00 | - |
| Administrative and Other Operating Expenses | 5,269,550.46 | 3,039,796.87 | 5,791,160.62 |
| Impairment loss on investment | - | - | - |
| Gain/(loss) on Disposal | | - | - |
| **Profit from operation** | **26,124,402.56** | **59,431,090.24** | **(6,795,445.34)** |
| Finance Income | | | |
| Finance Costs | 144,314,558.29 | 151,309,459.46 | - |
| **Profit Before tax** | **(118,190,155.73)** | **(91,878,369.22)** | **(6,795,445.34)** |
| Income tax Expense | | | |
| Current Tax | | | |
| Deferred Tax | | | |
| **Profit for the Year** | **(118,190,155.73)** | **(91,878,369.22)** | **(6,795,445.34)** |
| **Other comprehensive gain/ (loss) for the year, net of tax** | - | - | - |
| **Total comprehensive gain/ (loss) for the year, net of tax** | **(118,190,155.73)** | **(91,878,369.22)** | **(6,795,445.34)** |

**Note:** The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority.

### First QUARTER DISCLOSURE AS OF 30th Ashwin, 2080 (17th October, 2023) AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION Annexure -14

*(Related to Sub regulation 1 of Regulation 26)*

**1. FINANCIAL STATEMENT**

- The unaudited financial statement for the first quarter has been published as a part of this report.
- **Key Financial Ratios at the end of the quarter:**

| Period | Earnings Per Share | Net Worth Per Share | Current Ratio | P/E Ratio (Annualized) | Return on Assets |
|---|---|---|---|---|---|
| This year quarter end | (7.88) | 67.59 | 0.142 | (19.18) | (1.89%) |
| Previous quarter end | (6.13) | 75.47 | 0.192 | (39.92) | (1.45%) |
| Corresponding previous year quarter end | (0.45) | 87.59 | 0.087 | (476.84) | (0.46%) |

**2. MANAGEMENT ANALYSIS**

- **Any changes in the stock, income and liquidity during the quarter and reason for change, if any:**
  The Upper Dordi "A" Hydropower Project (25 MW) owned by company located in Lamjung district is commercially started from 17th Mangsir, 2079.The revenue from generation of electricity is for a period of 1st Shrawan 2080 to Ashwin end 2080.We could not generate electricity on full capacity due to force outage by Nepal Electricity Authority for this quarter, which has reduced the income of the company. The project is in continuous operation during the end of current quarter.
- **"The statement of management analysis on the upcoming business plans:**
  The company holds the license for the development of other two Hydroelectric Project namely Badigad Khola Hydroelctric Project 24.60 MW located at Baglung and Lodo Khola Small Hydroelectric Project 1.60 MW located at Lamjung. Company has obtained the Generation License of Badigad Khola HEP and PPA is in process and also signed on PPA of Lodo Khola SHEP and in process to obtain the Generation License.
- **The analytical statement on the possible effect on company's profitability, stock and cash flow on the past experience:**
  The company has not perceived any significant events that could have affect in the company's financial except an event that could arise beyond our control.

**3. STATEMENT RELATED TO LEGAL ACTION**

- Case filed by or against the company during the quarter, if any: None
- Case filed by or against the company or its promoter or director for violation of the prevailing regulation or committing the criminal offence, if any: None
- Case filed against the Promoter or Director on financial crime, if any: None

**4. ANALYSIS OF SHARE TRANSACTION OF THE COMPANY**

- The major highlights of share transactions during the quarter are as follows:

| Maximum Price | Minimum Price | Closing Price | Transaction days | Traded Volume | Turnover |
|---|---|---|---|---|---|
| 293.70 | 146 | 151.10 | 61 | 30,35,696 | 52,09,26,061.50 |

**5. PROBLEMS AND CHALLENGES**

- **Internal and External Problems**
- High Financial Cost due to the various force majeure events arise during the construction period
- Non-dispatch of energy due to forced outage by NEA
- **Strategies**
- Reduce operation cost and maintain plant to generate optimum energy.
- Negotiation with the bank and financial institutions to reduce interest rate.
- Request NEA to convert amended PPA clause to Take or Pay from contingency plan.

**6. CORPORATE GOVERNANCE**

The company has regular meetings of Board of Directors and Board Committees in compliance with the Corporate Governance Guidelines,2074 issued by the Securities Board of Nepal. Various rules, regulations and policies has been prepared for the proper functioning of the company.

**7. DECLARATION OF CHIEF EXECUTIVE ON TRUTH, FACTFULNESS**

I, the Chairman of this company, take the responsibility of accuracy of the information and details mentioned in this report for the period Ist quarter of F.Y. 2080/81, hereby declare that the information and details provided in this report are true and tactfulness, based on facts and complete to best of my knowledge.

## रिलायन्स स्पिनिङ्ग मिल्स लि.को

### २५औँ वार्षिक साधारणसभा सम्बन्धि सूचना

यस रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेडको मिति २०८० साल कार्तिक २३ गते बसेको सञ्चालक समितीको ३६७ औं बैठकको निर्णय अनुसार, कम्पनीको २९ औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा निम्न बमोजिमका बिषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा सम्पुर्ण शेयरधनि महानुभवहरुलाई जानकारिका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकासित गरिएको छ । वार्षिक साधारण सभा सम्बन्धि सम्पूर्ण विवरणहरु शेयरधनि महानुभावहरुलाई यथासमयमा नै पठाउने व्यहोरा अवगत गराउदै सभामा उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति** : २०८०/०८/१३ गते बुधवार (तद् अनुसार इश्वि सम्वत, २०२३ नोभेम्बर २९ तारिख) ।

**स्थान** : का.म.न.पा.-२८, कमलादी, अमिर भवन, चौथो तल्ला, काठमाडौं (कम्पनीको रजिष्टर्ड कार्यालय) ।

**समय** : बिहान ११ बजे ।

**क. प्रस्तावहरु**

१. आ.व. २०७९/८० वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०७९/८० को आर्थिक प्रतिवेदन माथि छलफल गर्ने सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८०/०८१ को लेखापरिक्षण गर्न,लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालक समिति अनुमोदन गर्ने सम्बन्धमा ।

**ख. बिशेष प्रस्ताव**

१. निर्णय बदर गर्ने सम्बन्धमा ।
२. शेयरधनिहरुलाई लाभांस वितरण गर्ने सम्बन्धमा ।

**ग. विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २४ कार्तिक ०८०

# १०,८०० मेगावाटको कर्णाली चिसापानी अघि बढाउने तयारी


## आयोजना निर्माण गर्न विद्युत् प्राधिकरणमार्फत अद्यावधिक अध्ययन गराउने मन्त्रिपरिषद्को निर्णय

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

सरकारले दक्षिण एसियाकै सबैभन्दा ठूलो प्रस्तावित जलविद्युत् आयोजना 'कर्णाली चिसापानी' अघि बढाउने तयारी गरेको छ। झन्डै ६ दशकदेखि अलपत्र अवस्थामा रहेको १० हजार आठ सय मेगावाट क्षमताको कर्णाली चिसापानी जलविद्युत् आयोजनाको अद्यावधिक अध्ययन गरेर अघि बढाइने भएको हो।

मन्त्रिपरिषद्को बिहीबारको बैठकले नेपाल विद्युत् प्राधिकरणमार्फत कर्णाली चिसापानी जलविद्युत् आयोजनाको अध्ययन अघि बढाउने निर्णय गरेको छ। सरकारले आफ्नै स्रोतमा प्राधिकरणमार्फत कर्णाली चिसापानीको अद्यावधिक अध्ययन गराउने भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले बताए।

'सरकारले ऊर्जा विकासको मार्गचित्र तथा कार्ययोजना बनाएको छ, सन् २०३५सम्ममा २८ हजार मेगावाट विद्युत् उत्पादनका लक्ष्य लिइएको छ,' उनले भने, 'हाम्रो लक्ष्य र योजनाअनुसार ऊर्जा उत्पादनका लागि ठूला-ठूला आयोजना अघि बढाउनुपर्नेछ, सोहीअनुसार चिसापानी कर्णाली पनि अघि बढाउने तयारी गरिएको हो।' प्राधिकरणले अध्ययन सकेपछि अध्ययन प्रतिवेदनमा आधारित भएर निर्माण अघि बढाइने उनले बताए। कर्णाली चिसापानीको पहिलो



सम्भाव्यता अध्ययन सन् १९६६ मा सम्पन्न भएको थियो। सम्भाव्यता भएको ५७ वर्ष बितिसक्दासमेत आयोजनाले गति लिन सकेको छैन। चर्चामा मात्रै सीमित रहेको यस आयोजनाका विगतका अध्ययनलाई समेत समेटेर प्राधिकरणले अद्यावधिक सम्भाव्यता अध्ययन गर्नेछ।

तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले ०७५ वैशाखमा ऊर्जा श्वेतपत्र जारी गर्दै पाँच वर्षभित्र यस आयोजनाको विस्तृत अध्ययन गर्ने भनेका थिए। तर, त्यसयता कुनै काम भने हुन सकेन।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि कर्णाली चिसापानी जलविद्युत् आयोजना अघि बढाउने बताउँदै आएका छन्। १ भदौमा आयोजित प्राधिकरणको ३८औँ वार्षिक उत्सवमा बोल्दै प्रधानमन्त्रीले कर्णाली चिसापानीको अध्ययन गर्न विद्युत् प्राधिकरणलाई दिने बताएका थिए। प्रधानमन्त्रीले यस आयोजनालाई छिट्टै मूर्तरूप दिने सार्वजनिक अभिव्यक्ति दिँदै आएका छन्। 'यसलाई एउटा गेम चेन्जर परियोजनाका रूपमा अघि बढाउनेछ, यो आयोजना बनाउन सकेमा नेपालको आर्थिक विकासले ठूलो फड्को मार्नेछ,' उनले बताएका थिए।

विगतका अध्ययनले यस आयोजनाबाट वार्षिक २० हजार गिगावाट विद्युत् उत्पादन हुने देखिएको छ। नेपालको दुई लाख र भारतको ३४ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ। साथै, भारत र बंगलादेशको बाढी नियन्त्रणमा पनि कर्णाली चिसापानी जलविद्युत् आयोजनाको बाँधले योगदान दिने देखिएको छ। यद्यपि, यो आयोजना निर्माण गर्दा दुई लाखभन्दा बढी जनसंख्या विस्थापित हुने अनुमान गरिएको छ।

सन् १९८९ मा गरिएको अध्ययनले आयोजनाको क्षमता बढाएर १६ हजार दुई सय मेगावाटको पुऱ्याउन सकिने देखाएको थियो।

आयोजना निर्माण र लगानीका लागि सबै विकल्प खुला राखिएको सचिव घिमिरेले बताए। 'प्राधिकरणको अध्ययनले आयोजनाको लागत, उत्पादन क्षमता, लाभ, विस्थापित हुने संख्यालगायत विभिन्न पक्ष अद्यावधिक अवस्था देखाउनेछ,' उनले भने, 'प्रतिवेदनपछि लगानी मोडल र निर्माणको खाका कोरिनेछ।'

### पूर्वाधार करको आधा रकम सीधै बुढीगण्डकीलाई

सरकारले इन्धनमा लगाउँदै आएको पूर्वाधार करको आधा रकम बुढीगण्डकी जलविद्युत् आयोजनालाई दिने भएको छ।

मन्त्रिपरिषद्को बिहीबारको बैठकले 'इन्धनमा लगाउँदै आएको पूर्वाधार शुल्कमध्ये पाँच रुपैयाँ प्रतिलिटर बुढीगण्डकी जलविद्युत् आयोजनाका लागि उपलब्ध गराउने व्यवस्था गर्ने' निर्णय गरेको हो।

तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ०७१/७२ को बजेटमार्फत बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि भन्दै पेट्रोल, डिजेल र हवाई इन्धनबाट प्रतिलिटर पाँच रुपैयाँ उठाउने व्यवस्था गरेका थिए।

त्यसपछि ०७५/७६ मा तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाले बढाएर प्रतिलिटर १०-१० रुपैयाँ शुल्क तोके, हवाई इन्धनको शुल्क भने हटाए। गत आवको बजेटले बुढिगण्डकीलाई छाडेर पूर्वाधार कर नामकरण गऱ्यो। हालसम्म यस शीर्षकबाट एक खर्ब १० अर्बभन्दा बढी रकम संकलन गरिसकेको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

# निजगढ विमानस्थलसम्बन्धी विज्ञ समूहको प्रतिवेदन एक वर्षपछि अनुमोदन

## सर्वोच्च अदालतले यसअघिका निर्णय र कामहरू सबै खारेज गरिदिएपछि फेरि शून्यबाटै काम सुरु गर्नुपर्ने

**नवीन अर्याल**/नयाँ पत्रिका

देशमा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल बनाउने सम्बन्धमा विज्ञ समूहले बुझाएको अध्ध्य प्रतिवेदन एक वर्षपछि मन्त्रिपरिषद्बाट अनुमोदन भएको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका सम्बन्धमा सुझाव दिन गठित विज्ञ समूहको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको हो। हवाई पूर्वाधारविज्ञ वीरेन्द्रबहादुर देउजाको संयोजकत्वमा गठित विज्ञ समूहले २ असोज ०७९ मै तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रतिवेदन बुझाएको थियो।

निजगढ निर्माणको पूर्वतयारीका काम सम्पन्न हुनै लागेका वेलामा सर्वोच्च अदालतले पुरानो प्रक्रिया र काम सबै खारेज गरिदिएको थियो। अर्को अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक भए विज्ञ समूहबाट विस्तृत अध्ययन गराई कमभन्दा कम वातावरणीय क्षति हुने गरी निर्माण अगाडि बढाउन सर्वोच्चले आदेश दिएको थियो। सोही आदेशबमोजिम तत्कालीन मन्त्रिपरिषद्ले २६ साउन ०७९ मा गठन गरेको १० सदस्यीय विज्ञ समूहले देशभर अध्ययन गरेर निजगढमै पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल बनाउन उपयुक्त रहेको सुझावसहित प्रतिवेदन बुझाएको थियो।

बिहीबारको मन्त्रिपरिषद्ले विज्ञ समूहको प्रतिवेदन कार्यान्वयनका लागि तालुकदार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको हो। पर्यटन मन्त्रालयले नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)लाई निर्देशन दिएपछि विमानस्थल निर्माण प्रक्रिया अगाडि बढ्नेछ। 'विज्ञ समूहको प्रतिवेदनअनुसार काम अगाडि बढाउन मन्त्रिपरिषद् बाट मन्त्रालयलाई निर्देशन आएको छ,' क्यानका प्रवक्ता जगन्नाथ निरौलाले भने, 'अब मन्त्रालयबाट निर्देशन आउनेबित्तिकै क्यानले प्रक्रिया अगाडि बढाउँछ।' सर्वोच्च अदालतले यसअघिका निर्णय र काम सबै खारेज गरिदिएपछि फेरि शून्यबाटै काम सुरु गर्नुपर्ने हुन्छ। यसअघि विमानस्थल क्षेत्रलाई तारबार गर्ने, बकैया र पसाहा नदीको कटान नियन्त्रण, स्थानीयलाई मुआब्जा दिएर स्थानान्तरण गर्नेलगायतका कामहरू भइरहेका थिए। क्यानले ४५ सय मिटर लामो धावनमार्गसहितको डिजाइनसमेत तयार पारिसकेको थियो। 'सर्वोच्चले सबै कामहरू खारेज गरिसकेको हुँदा फेरि शून्यबाट अगाडि बढ्नुपर्छ,' निरौलाले भने, 'चार किल्ला छुट्याउने, वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गर्नेलगायतका कामहरू फेरि गर्नुपर्छ।'

विज्ञ समूहको सुझावपछि क्यानले विमानस्थलको डिजाइन गरिरहेको छ। चालू आर्थिक वर्षमा मुआब्जा वितरण, इआइए, चार किल्ला छुट्याउनेलगायत प्रारम्भिक कामका लागि निजगढलाई ३५ करोड रुपैयाँ विनियोजन गरिएको प्रवक्ता निरौलाले बताए।

सर्वोच्चले खारेज गरिदिए पनि सरकारले नीति तथा कार्यक्रम र बजेटमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई प्राथमिकतामा राख्दै आएको थियो। अर्थमन्त्री डा. प्रकाशशरण महतले बजेटमा इआइए तथा अन्य पूर्वतयारीका कामका लागि बजेट छुट्याएको र लगानीको मोडालिटी तय गरी निजगढ विमानस्थल निर्माण अगाडि बढाइने घोषणा गरेका थिए।

विज्ञ समूहले देशको दूरगामी विकास तथा आर्थिक समृद्धिका लागि बढ्दो हवाई ट्राफिक धान्न सक्ने पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक रहेको र त्यसका लागि बाराको निजगढ क्षेत्र नै सबैभन्दा उपयुक्त देखिएको निष्कर्ष निकालेको छ। पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थलका लागि उपयुक्त स्थान काठमाडौं-तराई द्रुतमार्ग (फास्ट ट्र्याक) र पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको पसाहा नदी र बकैया नदीबीचको करिब नौ हजार हेक्टर क्षेत्रफलभित्रको करिब चार हजार हेक्टर क्षेत्र उपयुक्त रहेको प्रतिवेदनमा उल्लेख छ।

करिब नौ हजार हेक्टर क्षेत्रफललाई विमानस्थल संरक्षण क्षेत्र घोषणा गरी विभिन्न चरणमा विमानस्थल निर्माण गर्ने गरी पहिलो चरणमा करिब चार हजार हेक्टर क्षेत्रफल मात्र उपयोग गर्न प्रतिवेदनमा सुझाव छ। यस्तै, बाँकी क्षेत्रमा भएका रूखहरूको संरक्षणलगायत नदी कटान रोकथाम तथा अन्य संरक्षण कार्य विमानस्थल व्यवस्थापकले गर्नुपर्ने पनि विज्ञ समूहको सुझाव छ। पहिलो चरणमा १५ सय हेक्टरको मात्र रूख काट्ने र बाँकी क्षेत्रमा दोस्रो चरण सुरु नभएसम्म रूख कटान नगर्न पनि सुझाव दिइएको छ।

भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आए पनि ४५ सय मिटरका दुईवटा धावनमार्गयुक्त अन्तर्राष्ट्रिय विमानस्थल देशमा आवश्यक रहेको विज्ञ समूहको ठहर छ। काठमाडौं र भैरहवा विमानस्थलमा तीन हजार मिटर र पोखरामा २५ सय मिटर लम्बाइका धावनमार्ग छन्। सुझावमा ठूला कार्गो विमानहरू अवतरण गर्न सक्ने विमानस्थल आवश्यक रहेको उल्लेख छ।

निजगढको परियोजना विकास र लगानीको ढाँचा तय गर्न लगानी बोर्डलाई जिम्मेवारी दिइएको कार्यकारी निर्देशक सुशील भट्टले बताए। प्रधानमन्त्रीको अध्यक्षतामा बसेको बोर्डको बैठकले राष्ट्रिय योजना आयोगका उपाध्यक्षको नेतृत्वमा समिति गठन गरेको छ।

### धरानको सम्भाव्यता अध्ययन गर्न समिति

सुनसरीको धरानमा प्रस्तावित विमानस्थल निर्माण अध्ययन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण क्यानले समिति गठन गरेको छ। पर्यटनमन्त्री सुदन किराँतीको निर्देशनमा क्यानले प्रबन्धक नलविक्रम थापाको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको हो। सदस्यमा क्यानका अर्का प्रबन्धक अनिल बस्नेत र वरिष्ठ अधिकृत विमल खनाल सदस्य रहेका छन्।

यसअघि धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले विमानस्थल निर्माण गर्न पहल गरिदिन भन्दै मन्त्री किराँतीलाई पत्र पठाएका थिए। धरानमा विमानस्थल बनाउन जग्गा खरिद गरे पनि दुई दशकसम्म विमानस्थल निर्माण कार्य अगाडि नबढेको भन्दै स्थानीयले पुरानै मूल्यमा जग्गा फिर्ता गर्न दबाब दिँदै आइरहेका छन्। उनीहरूले जग्गा फिर्ता दिलाउन भन्दै उपमहानगरमा पटक-पटक निवेदन दिइरहेको पनि मेयर साम्पाङले मन्त्री किराँतीलाई जानकारी गराएका थिए।

धरान उपमहानगरले पत्र पठाएपछि प्रारम्भिक अध्ययनका लागि समिति गठन गरेको क्यानका प्रवक्ता जगन्नाथ निरौलाले बताए। 'समितिले प्रतिवेदन बुझाएपछि धरान विमानस्थलका सम्बन्धमा छलफल हुन्छ, अहिले नै विमानस्थल निर्माणको प्रक्रिया अगाडि बढाइहालेको भन्ने होइन,' उनले भने, 'विगतमा पनि पटक-पटक धरान विमानस्थल निर्माणका लागि अध्ययन गर्न माग गरिँदै आएको थियो।'

अहिले मोरङको विराटनगरमा विमानस्थल सञ्चालनमा छ, जसको धमाधम स्तरोन्नतिको काम भइरहेको छ। विराटनगरबाट धरानको दूरी करिब ४० किलोमिटर मात्रै रहेको छ। यति छोटो दूरीमा अर्को विमानस्थल बनाउन लागेको भन्दै चौतर्फी आलोचना हुँदै आएपछि निर्माण अगाडि बढ्न सकेको छैन। फेरि अहिले मन्त्री किराँतीले हचुवाका भरमा धरान विमानस्थलको विस्तृत अध्ययन गराउन क्यानलाई दबाब दिएका छन्। अहिले नै निर्माण सम्पन्न भइसकेका विभिन्न २० विमानस्थलमा प्राविधिक जटिलता, जहाजको अभावलगायत विविध कारणले उडान हुन सकेको छैन।

### ■ १० ठाउँको अध्ययन गर्दा निजगढ उपयुक्त

यसअघि ०५१ सालमै सरकारी स्वामित्वको नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र र इराडको साझेदारी (नेपिकोन-इराड जेभी)ले देशका विभिन्न १० ठाउँको अध्ययन गरेर निगजढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न उपयुक्त हुने ठहर गरेको थियो। नेपिकोन-इराडले विराटनगर, बाराको निजगढ, सिमरा डुमरवाना, पथलैया, रत्नपुर, चितवनको शुक्रनगर, पोखरा, भैरहवा, नेपालगन्ज र दाङमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न अध्ययन गरेको थियो। नेपिकोन-इराडले भौगोलिक अवस्थिति, धरातलीय बनावट, हवाई क्षेत्र, धावनमार्गको आगमन तथा अवतरण गर्ने एयर रुटको अवस्था, मुख्य सहरहरूसँगको दूरी, हवाईमार्ग तथा हवाई क्षेत्र, सडकको पहुँच, जग्गा अधिग्रहण गर्ने खर्च, जमिनको उपलब्धता, जनघनत्व, जंगल क्षेत्रको घनत्व, नदी नियन्त्रण, निर्माण सामग्रीको उपलब्धता, पुनर्वास गर्नुपर्ने जनसंख्याजस्ता तत्त्वहरूका आधारमा छनोट गर्दा गढिमाई नगरपालिकाको उक्त ठाउँ सबैभन्दा उपयुक्त ठहर गरेको थियो।

# ६ महिनामा नौ हजारभन्दा बढी पर्यटकले मनाङ भ्रमण गरे

लमजुङमा **शान्ता कमली**

चक्रीय अन्नपूर्ण पदमार्गको मनाङमा पर्यटकको आगमन वृद्धि हुन थालेको छ। पदमार्गमा वैशाखदेखि असोजसम्म नौ हजार सात सय ५२ जना विदेशी पर्यटक मनाङ भित्रिएको अन्नपूर्ण संरक्षण क्षेत्र एक्याप मनाङले जनाएको छ। एक्यापका प्रमुख ढकबहादुर भुजेलका अनुसार आन्तरिक तथा बाह्य गरी नौ हजार सात सय ५२ जना पर्यटकले अन्नपूर्ण पदमार्गको भ्रमण गरेका छन्।

भुजेलका अनुसार असोज मसान्तसम्ममा मात्रै चार हजार तीन सय ५७ बाह्य पर्यटक मनाङ भित्रिएका छन्। वैशाखमा तीन हजार दुई सय ६६, जेठमा ६ सय ६१, असारमा दुई सय ५९, साउनमा दुई सय ९६, भदौमा नौ सय १३ बाह्य पर्यटक भित्रिएको तथ्यांकमा उल्लेख छ। एक्याप मनाङले आन्तरिक पर्यटकको भने तथ्यांक राखेको छैन। अहिले दसैं-तिहारको बिदा भएकाले मनाङमा दैनिकजसो पाँच सयभन्दा बढी आन्तरिक पर्यटक मनाङ पुग्ने गरेका छन्।

पर्यटक आगमन बढेसँगै पर्यटनमा उत्साह थपिएको पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले बताए। 'यो सिजन मनाङ घुम्नका लागि अनुकूल समय मानिन्छ। अहिले चाडबाड बिदा मनाउन समूह बनाएर आएका आन्तरिक र बाह्य पर्यटकले मनाङ भरिभराउ छ,' उनले भने।



लमजुङको सदरमुकाम बेँसीसहर अन्नपूर्ण पदयात्रा मार्गको प्रवेशद्वार मानिन्छ। त्यहाँबाट पर्यटक खुदी, भुलभुले, डादी, स्याँगे, जगत हुँदै मनाङ जिल्लाको ताल, बगरछाप, चामे हुँदै थोराङ्ला पास गरेर मुक्तिनाथ, जोमसोम, बेनी अथवा घोरेपानी भएर पोखरा निस्कन्छन्। पदयात्राका सौखिनका लागि जीवनको प्रतिष्ठासमेत बन्ने गरेको पाँच हजार चार सय १६ मिटरको थोराङ भञ्ज्याङ पार गर्दा आन्तरिक तथा बाह्य पर्यटकहरू आफूलाई भाग्यमानी ठान्छन्।

मनाङ क्षेत्रमा पदयात्री थोराङ्ला पास, लार्के पास, कालापास, विश्वकै अग्लो स्थानमा (४,९१९ मिटर) रहेको चित्ताकर्षक तिलिचो तालको अवलोकनका लागि आउने गर्छन्। अन्नपूर्ण पदमार्गमा सेप्टेम्बर, अक्टोबर र नोभेम्बर महिनामा अत्यधिक पर्यटक आउने गर्छन्। अन्नपूर्ण पदमार्गसँगै समुद्री सतहबाट सबैभन्दा बढी उचाइमा रहेको तिलिचो ताल पुग्ने पर्यटक पनि प्रशस्तै आउने गर्छन्।

**सानिमा बैंक लिमिटेड, शाखा कार्यालय सातदोबाटोका ऋणी तथा व्यक्तिगत जमानतकर्तालाई सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना**

तपसिलका ऋणीले यस बैकबाट लिएको कर्जाको बैकसँग गरेको सम्झौता बमोजिम बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र बैकमा सम्पर्क राखी सम्झौता बमोजिम बैकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्र्यौट गर्न गराउन हुन ऋणी तथा जमानी दिनु हुने लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ । यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैकलाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान, फछ्र्यौट नगरेमा कर्जाको सुरक्षणको लागि बैकमा धितो रहेको चल/अचल सम्पत्ति बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित ऐन कानून बमोजिम बैकले आफ्नो कब्जामा लिई वा नलिई लिलाम बिक्री गरि वा नेगोशेसन लगायत अन्य जुनसुकै तरिकाबाट बिक्री गरी बैकको लेना बाँकी सम्पूर्ण रकम असुल उपर गरिने छ र सो लिलाम बिक्रीबाट बैकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी, जमानी दिनेको घर घरानाको अन्य चल/अचल सम्पत्तिबाट कानून बमोजिम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसुचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरू तथा अन्य सम्बद्ध सबै पक्षलाई कालोसुचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

**तपसिलः**

| क्र.स. | ऋणीको नाम र ठेगाना : |
|---|---|
| १ | **ऋणी :** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १३७१२०/०७४/७५, स्थानीय व्यापार कायम भई मिति २०७४/०५/२३ मा दर्ता भएको ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. १४, स्थित श्री मोबाईल सेल्स ट्रेर्डस । |
| | **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| १ | सानु बहादुर पहरीको बुहारी, बालकृष्ण पहरीको श्रीमती, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने कृष्ण कुमारी पहरी । |
| २ | बालकृष्ण पहरीको बुहारी, रमेश पहरीको श्रीमती, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने पुनम पहरी (लिम्बु) । |
| ३ | बालकृष्ण पहरीको बुहारी, मुकेश पहरीको श्रीमती, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने सरिता सुनार । |
| ४ | सानु बहादुर पहरीका नाती, बालकृष्ण पहरीको छोरा, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने मुकेश पहरी । |
| ५ | संग्राम सिं पहरीको नाती, सानु बहादुर पहरीको छोरा, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने बालकृष्ण पहरी । |
| ६ | सानु बहादुर पहरीको नाती, बालकृष्ण पहरीको छोरा, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने रमेश पहरी । |
| २ | **ऋणी :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २२१०८२/०७६/०७७ कायम भई मिति २०७६/०४/२६ मा दर्ता भएको ललितपुर जिल्ला गोदावारी न.पा. वडा नं. ४, गोदावारी स्थित श्री होटेल तपेश्वर प्रा.लि. । |
| | **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| १ | सानु बहादुर पहरीको नाती, बालकृष्ण पहरीको छोरा, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने रमेश पहरी । |
| २ | बालकृष्ण पहरीको बुहारी, रमेश पहरीको श्रीमती, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने पुनम पहरी (लिम्बु) । |
| ३ | **ऋणी :** सानु बहादुर पहरीको नाती, बालकृष्ण पहरीको छोरा, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने रमेश पहरी - १ र संग्राम सिं पहरीको नाती, सानु बहादुर पहरीको छोरा ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने बालकृष्ण पहरी - १ समेत जना २ । |
| | **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना** |
| १ | सानु बहादुर पहरीको बुहारी, बालकृष्ण पहरीको श्रीमती, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने कृष्ण कुमारी पहरी । |
| २ | सानु बहादुर पहरीका नाती, बालकृष्ण पहरीको छोरा, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने मुकेश पहरी । |
| ३ | बालकृष्ण पहरीको बुहारी, रमेश पहरीको श्रीमती, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने पुनम पहरी (लिम्बु) । |
| ४ | बालकृष्ण पहरीको बुहारी, मुकेश पहरीको श्रीमती, ललितपुर जिल्ला, बडीखेल गा.वि.स. वडा नं. ७ बस्ने सरिता सुनार । |
| | **संस्थागत जमानतकर्ताको नाम, थर र ठेगाना :** |
| | नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १३७१२०/०७४/७५, स्थानीय व्यापार कायम भई मिति २०७४/०५/२३ मा दर्ता भएको ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. १४, स्थित श्री मोबाईल सेल्स ट्रेर्डस । |
| | **ऋणी १ र ३ को लागि रहेका धितो सुरक्षणको विवरण :** |
| १. | बालकृष्ण पहरीको नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, बडीखेल गा.वि.स/न.पा. वडा नं. ७ को किता नं. ४५० र ४५१ को ०-११-०-० र ०-१५-०-० (रो.आ.पै.दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| | **ऋणी १ को लागि रहेका धितो सुरक्षणको विवरण :** |
| १ | धनी सानिमा बैक लिमिटेड (ऋणी श्री मोबाईल सेल्स ट्रेर्डस) को नाममा बाग्मती अञ्चल, यातायात व्यवस्था कार्यालय, ललितपुरमा, दर्ता रहेका बा २१ च ५७८३ ईन्जिन नं. VFJ4L10183 च्यासिस नं. : MA1RC4VF2J2L49807 रहेको Mahindra Scorpio Pick Up DC मोडलको गाडी । |
| | **ऋणी २ को लागि रहेको धितो सुरक्षणको विवरण :** |
| १. | ऋणी श्री होटेल तपेश्वर प्रा.लि.को नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, बडीखेल गा.वि.स/न.पा वडा नं. ७ को कित्ता नं. ४४५ को १-२-०-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौं, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## बुटवलमा दीपावली महोत्सवको तयारी

**बुटवल**/ बुटवलमा दीपावली महोत्सवको तयारी सुरु भएको छ । दीपावलीको अवसर पारेर बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजनामा बुटवलको मुख्यबजार अमरपथ क्षेत्रमा तीन दिनसम्म महोत्सव गर्न लागिएको हो ।

कात्तिक २५ देखि २७ गतेसम्म हुने तीन दिने 'दीपावली महोत्सव-२०८०, बुटवल'को तयारीमा वाणिज्य संघ लागेको छ । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको बिहीबार संघ सचिवालयमा बसेको कार्यसमिति बैठकले दीपावली महोत्सव गर्ने निर्णयसहित तयारी समिति र मातहतका उपसमितिसमेत गठन गरिएको संघका महासचिव मुक्ति अधिकारीले जानकारी दिए ।

दीपावली महोत्सवका लागि बुटवल उपमहानगरपालिका संरक्षक तथा बुटवल उपमहानगरपालिका वडा नं ४, ५ र ६ प्रवर्द्धकका रूपमा रहेका छन् ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालको अध्यक्षतामा बसेको बैठकले संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरेलाई दीपावली महोत्सव व्यवस्थापन समितिको संयोजकको जिम्मेवारी प्रदान गरेको छ । उक्त समितिमा संघका पदाधिकारी, कार्यसमितिका सदस्य, तीनवटै वडाका एक-एकजना वडा सदस्य र कार्यक्रम सञ्चालन हुने क्षेत्रका टोल विकास संस्थाका अध्यक्ष, सदस्य तथा सदस्य सचिवका रूपमा महासचिव मुक्ति अधिकारी रहेका छन् ।

दीपावली महोत्सव सञ्चालनका लागि ६ वटा विभिन्न उपसमितिहरू गठन गरिएको छ । बुटवलको खस्किँदो व्यापारलाई प्रवर्द्धन गर्न र आर्थिक गतिविधिलाई थप चलायमान गराउनका लागि दीपावली महोत्सव गर्न लागिएको संघका अध्यक्ष अर्याललले बताए ।

## बैंकिङ क्षेत्रको स्रोत-साधनलाई पुनर्संरचना गर्नुपर्छ : गभर्नर

**काठमाडौं**/ नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले आर्थिक वृद्धिमा प्रत्यक्ष योगदान पुऱ्याउने क्षेत्रमा बैंकिङ क्षेत्रका स्रोत-साधनलाई पूर्ण रूपमा पुनर्संरचना गर्ने वेला आएको बताएका छन् । एसियन बैंकर्स एसोसिएसनको ३९औं वार्षिक सम्मेलनमा बोल्दै उनले यस्तो बताएका हुन् ।

राष्ट्र बैंकले विकास प्रवर्दन गर्ने क्षेत्रमा बैंक कर्जालाई पुनस्थापित गर्न साहसी कदम चालेको उनको भनाइ छ । उनले भने, 'हाम्रो बैंकिङ समुदायले हाम्रो लक्ष्यलाई अत्यधिक समर्थन गरेको छ । आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा गरेको छु ।'

कोभिडको महामारीबाट पुनरावृत्ति भइरहेका वेला विश्व बैंकिङ प्रणालीले विश्वव्यापी अनिश्चित वातावरणबाट बैंकिङ प्रणाली पनि अछुतो नरहेको उनको भनाइ छ । 'कोभिड-१९ को संकटका वेला पनि बलियो रहेको विश्वव्यापी वित्तीय प्रणालीले अहिले चुनौती सामना गरिरहेको छ,' उनले भने, 'उन्नत अर्थतन्त्रका केही बैंकले उथलपुथलको सामना गर्दा वर्षको सुरुबाटै लक्षणहरू देखापरेका थिए । तर, एसियाली बैंक त्यो अवधिमा उच्चस्तरको लचिलोपन देखाउन सक्षम भए ।

यद्यपि, कमजोरीहरू अझै कायमै छन् । बैंकिङ व्यवसाय प्रत्यक्ष रूपमा आर्थिक अवस्थासँग सम्बन्धित हुन्छ ।' मध्यपूर्वमा भखेरै बढ्दो इजरायल-हमास युद्ध र लामो समयसम्म रुस-युक्रेन संकटले मूल्य स्थिरता कायम राख्न चुनौती खडा गरेको उनले बताए । उनले भने, 'धेरै केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत कडाइ जारी राखेका छन् । जसले लामो समयसम्म उच्च ब्याजदरको सामना गर्नुपरेको देखिन्छ ।'

ब्याजदर लामो अवधिका लागि तुलनात्मक रूपमा उच्च रहने अवस्थामा स्वाभाविक रूपमा ऋणको माग घट्छ । उनले भने, 'ऋणको माग घट्नाले आर्थिक सुस्तताम योगदान दियो । अर्कातर्फ आर्थिक मन्दीले वित्तीय प्रणालीमा खराब कर्जा वृद्धि हुने संकेत गरेको छ । तसर्थ, एसियाली बैंकहरूले यी जोखिमलाई आत्मसात् गर्न र व्यवस्थापन गर्न सजग र सतर्क हुन आवश्यक छ ।'

गभर्नर अधिकारीले नेपाल पनि १० खर्ब डलरको अर्थतन्त्र बन्न सक्ने बताए । '१० वर्षयता हाम्रो अर्थतन्त्र औसत ४ प्रतिशतले मात्रै बढेको छ, तर ७२ सालको भूकम्पपछि तीन वर्ष लगातार वार्षिक आठ प्रतिशतले बढ्यो,' उनले भने, 'त्यसैले नेपालको अर्थतन्त्रले माथिल्लो तहको एकल अंककै वृद्धि गर्न सक्छ र ढिलो-चाँडो हामी १०औं खर्ब डलरको अर्थतन्त्र बन्न सक्छौं ।'

उनले कार्यक्रममा उपस्थित भएका विदेशी बैंकरलगायतलाई नेपालमा हाइड्रो, यातायातजस्ता क्षेत्रमा सम्भावना रहेकाले लगानी ल्याउन आग्रह गरे । 'सरकारले पनि लगानीमैत्री वातावरण बनाइरहेको छ, हामीले केही वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएका छौं,' उनले भने । यसका लागि मात्रै पनि ४५ अर्बबराबरको रकम चाहिने र लगानीको सम्भावना उच्च रहेको समेत बताए ।

## हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्न महासंघमा ग्रिनग्रोथ एडभाइजरी सर्भिस स्थापना



**काठमाडौं**/ हरित अर्थतन्त्रको प्रवर्द्धनमा काम गर्न नेपाल उद्योग वाणिज्य महासंघको सचिवालयमा ग्रिनग्रोथ एडभाइजरी सर्भिस स्थापना गरिएको छ । राष्ट्रिय सभाका दिगो विकास एवं सुशासन समितिका सभापति प्रकाश पन्थ, महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र अन्तर्राष्ट्रिय श्रम संगठनका देशीय निर्देशक नुमान ओजकानले संयुक्त रूपमा ग्रिनग्रोथ एडभाइजरी सर्भिस शुभारम्भ गरे ।

ग्रिनग्रोथ एडभाइजरी सर्भिस अन्तर्राष्ट्रिय श्रम संगठनको प्राविधिक सहयोगमा स्थापना भएको महासंघले जनाएको छ । यो एडभाइजरी सर्भिसमार्फत महासंघले आर्थिक वृद्धिलाई बढावा दिँदै वातावरणीय रूपमा दिगो अभ्यासहरू अपनाउन सक्रिय रूपमा वकालत गर्नेछ । यस्तै, औद्योगिक करिडोर, औद्योगिक क्षेत्र र उद्योग ग्रामहरूमा विशेष जोड दिएर रोजगारमूलक सीप विकास, हरित रोजगारी र न्यायोचित परिवर्तनमा केन्द्रित हुँदै केन्द्र, प्रदेश र स्थानीयस्तरमा सचेतना अभियान आयोजना गरिने बताइएको छ ।

समितिका सभापति पन्थीले महासंघले नेपाली उद्योग व्यवसायलाई हरित वृद्धिको अवधारणातर्फ लैजान थालनी गरेको प्रयासको सराहना गरे । महासंघका अध्यक्ष ढकालले नेपाली व्यवसाय र उद्योगहरूमा हरित वृद्धि अभ्यासहरू अँगाल्दा वातावरण र समाजलाई मात्र फाइदा नपुगी आर्थिक वृद्धि, बजार प्रतिस्पर्धा र दीर्घकालीन दिगोपनका लागि अवसरहरू पनि सिर्जना हुने दाबी गरे । उनले निजी क्षेत्रलाई यसतर्फ अभिप्रेरित गर्न आइएलओको सहयोगको प्रशंसा गरे ।

आइएलओका देशीय निर्देशक नुमानले नेपाली व्यवसाय र उद्योग क्षेत्रमा हरित वृद्धि अवधारणाको नेतृत्व र कार्यान्वयन गर्न र यसलाई देशभर प्रवर्द्धन गर्ने कार्यमा महासंघलाई आइएलओको सहयोग रहने बताए । महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले नेपाली निजी क्षेत्रको क्षमता विकास, जनशक्ति विकास, असल श्रम-सम्बन्ध विकासमा आइएलओको सहयोग सराहनीय रहेको बताए ।

## संघीय पर्यटन ऐनमा परिसंघको सुझाव



**काठमाडौं**/ नेपाल उद्योग परिसंघले संघीय पर्यटन ऐनका लागि सरकारलाई सुझाव पेस गरेको छ । परिसंघका उपाध्यक्ष राजबहादुर शाह नेतृत्वको टोलीले पर्यटनमन्त्री सुदन किराँतीलाई भेटेर सुझाव पेस गरेको हो । पर्यटनसँग सम्बन्धित संघ संस्थाहरूको समेत सहकार्यमा सुझाव तयार पारेको उनले बताए । मन्त्री किराँतीले संघीय पर्यटन ऐन तर्जुमा गर्न सरोकार वालालाई सुझाव दिन गरेको आग्रह गरेपछि परिसंघले एक दर्जनभन्दा बढी पर्यटनसम्बद्ध संघ र यस क्षेत्रका विज्ञहरुबाट समेत सुझाव लिएको थियो । परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले पर्यटन क्षेत्रबाट लाभ लिन अब बन्ने संघीय पर्यटन ऐन सहयोगी हुने विश्वास व्यक्त गरे ।

परिसंघका महानिर्देशक दीपकराज जोशीले नेपालको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक स्रोतलाई दिगो आर्थिक आय-आर्जनको माध्यम परिवर्तन गर्दै पर्यटनलाई रोजगारी सिर्जना एवं समग्र आर्थिक विकासका लागि सदुपयोग हुन सक्ने गरी संघीय पर्यटन ऐन ल्याउन पनि सुझाव दिए ।

संघीय पर्यटन ऐनले पर्यटन क्षेत्रलाई बृहत् रूपमा समेटी पर्यटकीय गतिविधि, सेवा, व्यवसाय तथा गन्तव्यको परिभाषाका लागि समेत सुझाव दिइएको छ । यस्तै, पर्यटन गतिविधि विस्तारको तीव्रताबाट गरिबी निवारणमा टेवा दिन सार्वजनिक-निजी साझेदारीको आवधारणा अवलम्बन गर्न, पर्यटकलाई गुणस्तरीय सेवा तथा सुरक्षा एवं व्यवसायीलाई लगानी सुरक्षाको प्रत्याभूति दिने, गुणस्तरीय पर्यटन विकासका लागि आवश्यक पूर्वाधार विकास एवं आवश्यक नियामकीय व्यवस्थामार्फत व्यवसाय तथा व्यवसायीहरूलाई दिगो विकासका लागि सहजीकरण गर्ने गरी ऐन तर्जुमा गर्न परिसंघले सुझाव दिएको छ ।

परिसंघ पर्यटन समिति सभापति पम्फा धमलाले अब बन्ने संघीय पर्यटन ऐनमा निजी क्षेत्रको तर्फबाट परिसंघले प्रस्तुत गरेको सुझाव ऐनमा समेटिने विश्वास व्यक्त गरिन् । परिसंघको सुझाव ग्रहण गर्दै मन्त्री किराँतीले संसद् सुरु हुनेबित्तिकै संसद्मा संघीय पर्यटन ऐनको विधेयक दर्ता गर्ने गरी काम गरिरहेको बताए ।


## म्याग्दी बचत तथा ऋण सहकारी संस्था लि.

गोंगबु, काठमाडौं, नेपाल, ४९६५१०५, ४९८०४६७

### १६औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यही मिति २०८० साल असोज २८ गते सम्पन्न यस म्याग्दी बचत तथा ऋण सहकारी संस्था लि. को संचालक समितिको बैठकको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा सम्पन्न हुने यस संस्थाको "१६औं वार्षिक साधारणसभा" मा तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी पारित गर्नु पर्ने भएकोले सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई उक्त साधारणसभामा उपस्थित हुनका लागि यो सूचना जारी गरिएको छ ।

**वार्षिक साधारणसभामा छलफल हुने प्रस्तावहरू:**

१. संचालक समितिकोतर्फबाट अध्यक्षद्धारा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. लेखा समितिकोतर्फबाट प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन सम्बन्धमा ।
३. आर्थिक वर्ष २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आर्थिक वर्ष २०७९/०८० को कोषबाट लाभांश वितरण सम्बन्धमा ।
५. आर्थिक वर्ष २०७९/०८० को कोषबाट पूँजी फिर्ताकोष वितरण सम्बन्धमा ।
६. आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र अनुमानित बजेट अनुमोदन सम्बन्धमा ।
७. आर्थिक वर्ष २०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारीश्रमिक सम्बन्धमा ।
८. संस्था संचालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा ।
९. संचालक समिति तथा लेखा समितिको निर्वाचन सम्बन्धमा ।
१०. सभाको निर्णय पुस्तिकामा दस्तखत गर्न संचालक र शेयर सदस्य छनौट गर्ने सम्बन्धमा ।
११. विविध ।

(**नोट** : संचालक समिति तथा लेखा समितिको निर्वाचन सम्बन्धी कार्यतालिका कार्यालयको सूचना पाटीमा ७ दिन अगाडि टाँस गरिनेछ तसर्थ उक्त निर्वाचनमा कुनै पनि पदमा उम्मेदवार हुन चाहने सदस्यहरुले सोहि सूचना बमोजिम गर्न गराउनु हुन सूचित गरिन्छ ।)

**कार्यक्रम हुने मिति, समय र स्थान**

**मिति** : २०८० मंसिर २३ गते शनिवार
**समय** : विहान ११.२५ बजे ।
**स्थान** : मण्डप ब्याङ्केट, सामाखुशी, काठमाडौं ।
**फोन** : ४०२००२६, मोवाईल : ९८४१२९५४६५

संचालक समितिको आज्ञाले,
.....
(कार्यकारी प्रमुख)
दिपबहादुर छन्त्याल



## सानिमा बैक लिमिटेड, शाखा कार्यालय भैरहवाका ऋणी तथा व्यक्तिगत जमानतकर्तालाई सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना

तपसिलका ऋणीले यस बैकबाट लिएको कर्जाको बैकसँग गरेको सम्झौता बमोजिम बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेको ले बैकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र बैकमा सम्पर्क राखी सम्झौता बमोजिम बैकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्यौंट गर्न गराउन हुन ऋणी तथा जमानी दिनु हुने लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ । यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैकलाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान, फछ्यौंट नगरेमा कर्जाको सुरक्षणको लागि बैकमा धितो रहेको चल/अचल सम्पत्ति बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित ऐन कानून बमोजिम बैकले आफ्नो कब्जामा लिई वा नलिई लिलाम बिक्री गरि वा नेगोशेसन लगायत अन्य जुनसुकै तरिकाबाट बिक्री गरी बैकको लेना बाँकी सम्पूर्ण रकम असुल उपर गरिने छ र सो लिलाम बिक्रीबाट बैकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी, जमानी दिनेको घर घरानाको अन्य चल/अचल सम्पत्तिबाट कानून बमोजिम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरू तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल:**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना:** |
| प्रेम बहादुर थापाको बुहारी, हरि बहादुर कार्कीको श्रीमती, रूपन्देही जिल्ला, हा. बनगाई गा.वि स/उ.म.न.पा वडा नं. ०४ बस्ने **श्रीमती डिल कुमारी कार्की** । |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना:** |
| प्रेम बहादुर थापाको नातिनी, हरि बहादुर कार्कीको छोरी, रूपन्देही जिल्ला, हा. बनगाई गा.वि स/उ.म.न.पा वडा नं. ०४ बस्ने **सुश्री इबिता कार्की** । |
| **धितो सुरक्षणको विवरण :** |
| १. श्रीमती डिल कुमारी कार्कीको नाममा मालपोत कार्यालय रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला, हाटि बनगाई गा.वि.स/न.पा. वडा नं. ५ को कित्ता नं. २१३३ र २१४२ को क्रमश ०-०-२ र ०-०-१३ (वि.क.घु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २ धनी सानिमा बैक लिमिटेड (ऋणी श्रीमती डिल कुमारी कार्की)को नाममा बागमती अञ्चल, यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता रहेको निम्न बमोजिमको Ford Ecosport Titanium 1.5 Dsl (2016) गाडी - |

| क्र.सं | सवारी नं | ईन्जिन नं | च्यासिस नं | बनेको साल |
|---|---|---|---|---|
| १ | बा १५ च ७१२० | GD25773 | MAJAXXMRKAGD25773 | २०१६ |

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## CHILIME HYDROPOWER COMPANY LIMITED

Maharajgung, Kapanmarga, Kathmandu

### Unaudited Financial Position as on 30th Aswin 2080 (Oct 17, 2023)

(Rs.'000)

| Particulars | 2080.06.30 (17.10.2023) | 2080.03.31 (16.07.2023) | 2079.06.30 (17.10.2022) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant, and Equipment | 1,712,445.02 | 1,729,471.25 | 1,687,388.11 |
| Capital Work in Progress | 625,700.54 | 564,607.12 | 413,716.88 |
| Investment in Associates | 6,509,969.90 | 6,424,809.90 | 5,954,465.90 |
| **Total Non-Current Assets** | **8,848,115.46** | **8,718,888.26** | **8,055,570.89** |
| **Current Assets** | | | |
| Inventory | 51,900.13 | 46,739.52 | 158,900.91 |
| Prepaid Insurance | 1,548.12 | 1,294.12 | 2,441.84 |
| Advances, Deposits, and Other Receivables | 881,927.30 | 772,981.07 | 132,401.17 |
| Trade Receivables | 262,027.26 | 134,352.75 | 266,414.31 |
| Investment in Term Deposits | 1,148,245.06 | 1,274,245.06 | 2,133,605.32 |
| Tax Assets (net) | - | 3,778.90 | - |
| Cash and Cash Equivalents | 14,210.97 | 95,681.19 | 102,928.56 |
| **Total Current Assets** | **2,359,858.84** | **2,329,072.60** | **2,796,692.11** |
| **Total Assets** | **11,207,974.29** | **11,047,960.87** | **10,852,263.00** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 7,258,179.28 | 7,258,179.28 | 6,751,794.68 |
| Retained Earnings | 3,508,341.99 | 3,301,672.38 | 3,626,877.45 |
| **Total Equity** | **10,766,521.27** | **10,559,851.65** | **10,378,672.13** |
| **Non-Current Liabilities** | | | |
| Defined Benefit Obligation | 143,052.52 | 143,052.52 | 142,804.91 |
| Deferred Tax Liabilities | 186,364.43 | 186,364.43 | 163,734.71 |
| **Total Non-Current Liabilities** | **329,416.95** | **329,416.95** | **306,539.62** |
| **Current Liabilities** | | | |
| Provisions | 23,640.95 | 22,519.04 | 23,779.29 |
| Corporate Social Responsibility | 19,507.15 | 17,419.58 | 17,162.62 |
| Trade and Other Payables | 68,887.96 | 118,753.64 | 84,213.13 |
| Tax Liabilities (Net) | - | - | 41,896.22 |
| **Total Current Liabilities** | **112,036.06** | **158,692.26** | **167,051.25** |
| **Total Equity and Liabilities** | **11,207,974.29** | **11,047,960.87** | **10,852,263.00** |

### Unaudited Profit & Loss Accounts from 1st Shrwan to 30th Aswin 2080 (17th July 2023 to 17th Oct 2023)

(Rs.'000)

| Particulars | FY 2080/081 (Up to Aswin) (2023/024) | FY 2080/081 (Up to Ashad) (2022/023) | FY 2079/080 (Up to Aswin) (2022/023) |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from the Sale of Electricity | 342,821.37 | 1,128,642.92 | 355,838.71 |
| **Expenses** | | | |
| Hydro Electric Plant Operating Expenses | (25,516.34) | (125,469.81) | (29,518.95) |
| Royalty | (47,533.55) | (134,790.59) | (57,683.87) |
| Administrative Expenses | (17,716.48) | (88,182.62) | (22,907.46) |
| Depreciation | (17,136.23) | (79,405.16) | (17,399.40) |
| **Operating Profit/ (Loss)** | **234,918.77** | **700,794.75** | **228,329.03** |
| Finance Income | 33,374.25 | 228,001.81 | 39,181.50 |
| Other Income | - | 8,599.07 | 27.82 |
| **Profit/(Loss) before Tax and Bonus** | **268,293.02** | **937,395.63** | **267,538.35** |
| Employee Bonus | (5,260.65) | (18,380.31) | (5,245.85) |
| **Profit/(Loss) before Tax** | **263,032.37** | **919,015.32** | **262,292.51** |
| **Less: Tax** | | | |
| Current Tax | (54,275.19) | (201,876.38) | (54,412.01) |
| Deferred Tax Income (Expense) | - | (22,629.72) | - |
| **Net Profit/ (Loss) for the Year** | **208,757.19** | **694,509.22** | **207,880.50** |
| 1% CSR Provision | (2,087.57) | (6,945.09) | (2,078.80) |
| **Total** | **206,669.61** | **687,564.13** | **205,801.69** |

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८०/०८१ को प्रथम त्रैमासिक प्रतिवेदन ।

१. **वित्तिय विवरण :**

प्रथम त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरु यसै साथ सम्लग्न गरिएको छ । प्रमुख वित्तिय सूचकहरु निम्नानुसार रहेका छन् :

प्रतिशेयर आम्दानी (रु) ११.३९ (वार्षिकीकरण गरेको) P/E Ratio ४१.४४, प्रतिशेयर नेटवर्थ (रु) १४८.३४, प्रतिशेयर कुल सम्पत्तिको मूल्य (रु) १२३.४५ र तरलता अनुपात २१.०६ रहेको ।

२. **व्यवस्थापकीय विश्लेषण :**

(क) गत आ.व. २०७९/०८० को अनुपातमा यस आ.व. २०८०/०८१ को आश्विन मसान्तसम्मको विद्युत विक्री रु १ करोड ३० लाख १७ हजार अर्थात ३.६६% ले कमी हुन गएको देखिन्छ । गत आ.व. को तुलनामा यस अवधिमा नेपाल विद्युत प्राधिकरणवाट कन्ट्रयाक्ट ईनर्जिको अतिरिक्ति (अधिक ईनर्जि) कम ईनर्जि माग भै आएकोले सोही अनुसार विद्युत विक्रिमा पनि प्रभाव पर्न गएको । विद्युत खरिद-विक्री संझौता गर्दाका वखत नेपाल विद्युत प्राधिकरण र यस कम्पनीवीच सम्पन्न Power Purchase Agreement (PPA) मा उल्लेख भए अनुसार मासिक रुपमा यस कम्पनिले ने.वि.प्रा. लाई उपलब्ध गराउनु पर्ने ईनर्जि भन्दा नेपाल विद्युत प्राधिकरणले थप विद्युत शक्ति माग गर्न सक्ने र यस प्रकार माग भै आएमा चिलिमे जलविद्युत केन्द्रले उपलब्ध गराउने परिपाटि रहेको । यसरी कन्ट्रयाक्ट ईनर्जि भन्दा बढी ईनर्जी उपलब्ध गराउन सकेको खण्डमा यस कम्पनीले अधिक विक्री भनी लेखांकन गर्ने गरेको । गत आ.व. को यसै अवधिको तुलनामा यस आ.व. मा व्याज आम्दानीतर्फ रु ५८ लाख ३५ हजार अर्थात १४.८८% ले न्युन हुन गएको । यस कम्पनिले चिलिमे-सेति जलविद्युत कम्पनीमा शेयर लगानी गरेको, चिलिमे टावरको ठेकेदारलाई भुक्तानी गर्दै आएको र आ.व. २०७८/०७९ का लागि घोषणा भएको नगद लाभांश वितरण गरेका कारण नगद मौज्दातमा कमी हुन जाँदा सोही अनुसार व्याज आम्दानी पनि न्युन हुँदै गएको । हालको नगद मौज्दातलाई लाभांश दिन, नयाँ आयोजनाको पहिचान एवं विकास, अध्ययन, नयाँ कम्पनीहरुमा लगानी, चिलिमे कर्पोरेट भवन निर्माण, कार्यालय सञ्चालनार्थ लगायतका कामहरुका लागि उपयोग गर्दै लगिने छ ।

सान्जेन जलविद्युत कम्पनी, मध्य भोटेकोशी जलविद्युत कम्पनी लि. र रसुवागढी हाइड्रोपावर कम्पनी लि. लाइ उपलब्ध गराइएको अल्पकालिन सापिट र केही व्याज वापतको रकम समेत रु ८१ करोड ७७ लाख अन्य चालू सम्पत्तिमा समावेश रहेको छ ।

यस आ.व. २०८०/०८१ मा गत आ.व. २०७९/०८० को तुलनामा समग्र खर्चमा १७.५७ प्रतिशतले घटाउन सफल भएकोले नाफामा सोही अनुसार वृद्धि भएको छ ।

(ख) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सदा रहिरहने ।

३. **कानुनी कार्वाही सम्वन्धी विवरण :**

चिलिमे टावर निर्णमाणका क्रममा सँधियारहरुले नक्शा पास वदर गरी पाउँ भनी सम्मानीत जिल्ला अदालत, काठमाडौमा दिएको मुद्दा विचाराधिन रहेको छ ।

४. **संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :**

(क) सेयरको वजार मूल्यमा असाधरण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरु भएका छैनन् । संस्थाले अपेक्षित नाफा आर्जन गर्न सफल भएको र आगामी दिनमा अझ बढी सफलता हासिल गर्ने कुरामा व्यबस्थापन पक्ष विश्वस्त रही सम्वन्धित लगानीकर्ताहरुलाई पनि विश्वस्त गराउन चाहन्छ ।

(ख) मिति २०७९/०९/२२ गतेको २६औं वर्षिक साधारण सभाले पारित गरे बमोजिम साधारण सभा भएको मितिमा सेयरधनी दर्ता कितावमा नाम दर्ता रहेका सेयरधनीहरुले पाउने गरी कम्पनीको चुक्ता पुँजीको ७.५ प्रतिशत नगद लाभांश तथा मुनाफा रकमबाट चुक्ता पुँजीको ७.५ प्रतिशत वोनश शेयर वितरण गर्ने प्रस्ताव पारित भए अनुसार शेयरधनीलाई घोषित प्रतिफल वितरण गर्ने कार्य जारी छ । वोनश शेयरलाई पूँजिकरण गरी वासलातमा देखाइएको छ । वोनश शेयर वितरणका लागि सम्वन्धित शेयरधनीको डिम्याट खातामा जम्मा गरिदिने योजना अनुरुप काम भई रहेको छ । वोनश शेयर डिम्याट गराउन नसकेका सेयरधनीहरुको हकमा शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत अभौतिकीकरण गराउन उच्चतम् प्रयास भैरहेको छ । हालसम्म पनि आफ्नो शेयर अभौतिकीकरण गराउन छुटेका शेयरधनीलाई यथाशिघ्र अभौतिकीकरण गराउन यसै प्रतिवेदन मार्फत अनुरोध पनि गरिन्छ ।

(ग) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण :

| सेयरको अधिकतम मूल्य (रू.) | सेयरको न्यूनतम मूल्य (रू.) | सेयरको अन्तिम मूल्य (रू.) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ५५५/- | ४६५/- | ४७२/- | ६१ | १०९३९ |

५. **समस्या र चुनौती :**

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निम्न शर्तहरुको अधिनमा रही प्रविधि हस्तान्तरण अनुदान प्राप्त गर्न ईच्छुक योग्यता पुगेका उद्यमीहरुले सूचना प्रकाशित मितिले ३० (तीस) दिन (२०८०/०८/२४) भित्र बागमती प्रदेशको प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि, २०७९ को अनुसूची २ मा तोकिएको ढाँचामा यस निर्देशनालय तथा सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा निवेदन पेश गर्नुहुन सवन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचना बमोजिम म्यादभित्र पर्न आएका निवेदनहरु घरेलु तथा साना उद्योग कार्यालयहरुले म्याद समाप्त मितिको भोलिपल्टै सिफारिस सहित यस निर्देशनालयमा आईपुग्नेगरी उपलब्ध गराइदिनुहुन समेत यसै सूचनाद्वारा अनुरोध छ ।

| क्र.सं. | कार्यक्रमको नाम | मापदण्ड |
|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्तिहरुद्वारा संचालित उद्योगलाई प्रविधि हस्तान्तरण सहयोग कार्यक्रम (उद्यमी र प्रदेश सरकारको लागत साझेदारीमा) | बागमती प्रदेशका १३ जिल्ला भित्र सचालनमा रहेको ईच्छुक, योग्यता पुगेका अपाङ्गता भएका व्यक्तिहरुद्वारा सन्चालित उद्यमहरु |

**शर्तहरु:**

(१) प्रस्ताव (निवेदन) प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि, २०७९ को अनुसूची १ बमोजिमको ढाँचामा हुनुपर्ने छ।

(२) प्रस्ताव साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः-
- (२.१) उद्योग दर्ता र नविकरण अध्यावधिक रहेको पुष्टयाईं गर्ने उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि,
- (२.२) स्थायी लेखा (PAN) वा मू.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपि,
- (२.३) गत आ.ब.२०७९/८० को कर चुक्ता पत्रको प्रतिलिपि,
- (२.४) उद्योग व्यवसायिक योजना (Scheme),
- (२.५) तालिम तथा अनुभवका प्रमाण पत्रका प्रतिलिपिहरु,
- (२.६) अपाङ्गताको परिचय पत्र र नेपाली नागरिकताको प्रतिलिपि,
- (२.७) यस अघि प्रविधि सहयोग कार्यक्रम उपलब्ध भएको भए सहयोग उपलब्ध भएको निकाय, कार्यक्रमको नाम र मिति,
- (२.८) अन्य पुष्टयाइका आवश्यक प्रमाणहरु,

(३) म्याद नाघि आएका, रित नपुगेका तथा यस अघि प्रविधि सहयोग लिइ ३ वर्ष अवधि पुरा नभएका निवेदनहरु कार्यक्रममा समावेश गराइने छैन ।

(४) प्रस्ताव (निवेदन) यस निर्देशनालय वा सम्बन्धित घरेलु तथा साना उद्योग कार्यलयहरुबाट उपलब्ध हुनेछ ।

(५) निवेदन दस्तुर वापतको रकम रु.१००।- (एक शय रुपैया) यस निर्देशनालयको कोड नं ३०७०१३२०१३ प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाको नाममा रहेको रा वा बैक हेटौंडाको राजस्व खाता नं १०००२०००१०००० मा जम्मा गरेको बैंक भाउचर निवेदनसाथ पेश गर्नु पर्नेछ ।

(६) प्राप्त हुनआएका निवेदन मुल्यांङकन समितिबाट मुल्याङकन पश्चात प्रकृया अगाडि बढाइनेछ ।

(७) यसमा उल्लेख नभएका विषयमा प्रचलित ऐन, नियम र प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि, २०७९ बमोजिम हुनेछ ।

**थप जानकारीका लागि यस निर्देशनालय तथा सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा सम्पर्क राखुहुन अनुरोध छ।**

निर्देशक

---

## Invitation for Bids

**Jiri Municipality**
**Office of the Municipal Executive**
**Jiri, Dolakha**
**Date of publication: 10/11/2023 10:00**

1. The Jiri Municipality has allocated funds towards the cost of Upgrading of jiri- haatdada mathillo sikri road ward no. (6 to 9) and intends to apply part of the funds to cover eligible pavement under the Contract for Upgrading of jiri- haatdada mathillo sikri road ward no. (6 to 9) (Contract No: JIRI.MUN.NCB. ROAD.JHMS.01-2080/81). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. Jiri Municipality, Dolakha invites electronic bids from eligible bidders for the construction of concrete pavement, gabion work, road soiling and new cutting under National Competitive Bidding-Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: Rs 39 million. Minimum Work experience of similar size and nature: Rs 10.4 million without VAT
3. Bidders are required to submit the bidding forms (Technical & Price Bid Separately) including Bid Security strictly as per the format given in the bidding document.
4. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit upon payment of a non-refundable fee of Nrs. 5000.0. till 10-12-2023 16:00 during office hours.
   the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank** : Prime Bank Ltd.
   **Name of the Office** : Jiri Municipality, Dolakha
   **Office Code no** : 80323401300
   **Office Account no** : 00801000000044000173
5. Pre-bid meeting shall be held at Jiri Municipality, Jiri, Dolakha Bagmati Province Nepal at 29-11-2023 14:00
6. electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 11-12-2023 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 11-12-2023 14:00 hours at the office of Jiri Municipality, Jiri Dolakha Bagmati province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 750000 which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit bid security amount is as follows:**
   **Name of the Bank: Prime Bank Limited Name of Office: Jiri Municipality**
   **Office Account no.: 00801000000043400150**
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission
9. Eligible Bidders may obtain further information at the office of: Jiri Municipality, Dolakha
   Telephone number:049-414002/3
   Email address: jirimunicipalityjiri@gmail.com
   Or,
   May visit PPMO website www.bolpatra.gov.np/egp

---

■ भूकम्पपीडितलाई भारतको सहयोग

# तेस्रो खेपमा पठायो ११ टन राहत




**बाँके**/ भारतले जाजरकोट र पश्चिम रुकुमका भूकम्पपीडितका लागि तेस्रो खेपमा ११ टन राहत सामग्री पठाएको छ।

यसअघि दुई खेप राहत पठाएको भारतले बिहीबार त्रिपाल, टारपोलिन सिट, कम्बल, स्लिपिङ ब्याग, अत्यावश्यक औषधि र चिकित्सा उपकरणसहितको ११ टन आपत्कालीन राहत सामग्री हस्तान्तरण गरेको हो । भारतीय दूतावासका प्रथम सचिव नवीन कुमारले बिहीबार साँझ राहत हस्तान्तरण गरेको बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिए। नेपालगन्ज विमानस्थलमा रहेको राहत जाजरकोट र रुकुम पश्चिममा पठाइनेछ।

प्रजिअ पोखरेलका अनुसार भारतले तेस्रो खेपमा २४ थान डूलो टेन्ट, १२ थान फिटिङ्स टेन्ट, २९ सय थान स्लिपिङ ब्याग, २८ सय थान ब्ल्यांकेट, ६० थान सानो खालको टेन्ट, ६० थान फिटिङ्स, सय किलो मेडिकल सप्लाई पठाएको छ। राहत सामग्रीमा ६ सय २५ थान प्लास्टिक टारपोलिन र त्रिपाल छन्। त्यसैगरी, हजार थान स्लिपिङ ब्याग, हजार थान कम्बल, डूलो साइजको टेन्ट ७० थान, टेन्टको एसेसरिज ३५ प्याकेट, औषधि तथा ४८ प्रकारका अन्य सामग्री रहेको भारतीय दूतावासले जनाएको छ।

## पूर्वप्रधानमन्त्री खनालद्वारा १४ लाखबराबरको राहत सामग्री हस्तान्तरण



**काठमाडौं**/ पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले भूकम्प प्रभावितका लागि १४ लाख मूल्यबराबरको राहत सामग्री हस्तान्तरण गरेका छन्। खनालले बिहीबार राहत सामग्री हस्तान्तरण गरेका हुन्।

राहत सामग्री लिएर युवा संघका प्रवक्ता सन्दीप राई नेतृत्वको टोली प्रभावित क्षेत्र जाजरकोट गएको छ। डिजिटल सोलार प्यानल २० थान, एन्टी मस्क्युटो किड्स २५२ थान, सेनिटरी प्याड पाँच सय थान, अक्सिजन कन्सन्ट्रेटर एक थान, अक्सिमिटर एक थान र विभिन्न औषधि, भोलेन्टियर हेलमेट सय थान लिएर प्रभावित क्षेत्र प्रस्थान गरेको राईले जानकारी दिए।

राहत सामग्री हस्तान्तरण गर्दै खनालले प्रभावित जनताले समयमै राहत पाउनुपर्नेमा जोड दिए। 'राहत नपाएर भूकम्पपीडित थप समस्यामा परेको समाचार आएका छन्। पीडितले सामान्य सेवा सुविधासमेत नपाउनु दुःखद कुरा हो। राहत र पुनर्निर्माणमा ढिलाइ हुनु आपत्तिजनक छ,' खनालले भने, 'यसबारेमा सरकार गम्भीर बनोस्।'

## धनगढी उपमहानगरले भूकम्प प्रभावितलाई पठायो सय क्विन्टल चामल

**धनगढी**/ जाजरकोट र पश्चिम रुकुमका भूकम्प प्रभावितका लागि धनगढी उपमहानगरपालिकाले राहत सामग्री पठाएको छ। उपमेयर कन्दकलाकुमारी रानाको नेतृत्वमा उपमहानगरका जनप्रतिनिधिको टोली राहत लिएर बिहीबार कर्णाली प्रदेश गएको छ।

कर्णाली प्रदेशको जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितका लागि उपमहानगरले ६ लाख ३५ हजार रुपैयाँबराबरको सय क्विन्टल चामल पठाएको हो। उक्त सामग्री उपमहानगरको टोलीले सुर्खेतमा कर्णाली प्रदेश सरकारलाई हस्तान्तरण गर्ने मेयर गोपाल हमालले बताए। उपमहानगरको बिहीबार बसेको २८औं कार्यपालिका बैठकले कर्णाली प्रदेशका भूकम्प प्रभावितका लागि राहत सामग्री पठाउने निर्णय गरेको थियो। बैठकले भूकम्पबाट ज्यान गुमाएकाको निधनप्रति शोक प्रस्तावसमेत पारित गरेको छ।

---

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## भेरी अस्पताल, नेपालगञ्ज

### बोलपत्र सम्बन्धी सूचना

**प्रथम प्रकाशित मितिः २०८०/०७/२४ गते**

यस अस्पतालको फार्मेसी विभागका लागी चालु आ.व. ०८०/८१ मा आवश्यक मेडिसिन तथा सर्जिकल सामग्रीहरु Itemwise बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त सप्लायर्स, बिक्रेता तथा व्यवसायीहरुले रितपुर्वकको बोलपत्र तपसिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिदका लागि तपसिलमा उल्लेखित दस्तुर रकम राष्ट्रिय वाणिजय बैंकमा रहेको को.ले.नि.का. बाँके को राजश्व खाता नं. १०००१००२०००१०००० (जम्मा गर्न पठाउने कार्यालयको नाममा भेरी अस्पताल र कार्यालय कोड नं ३७०००५७०२ तथा राजश्व शिर्षक नं. १४२२९) मा जम्मा गरि सक्कलै भौचर सहित निवेदन दिनु पर्नेछ । साथै, बोलपत्र सम्बन्धी बिस्तृत जानकारी (सूचनाका शर्तहरु) सिलबन्दी बोलपत्रमा संलग्न राखिएको व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

| सि. नं. | ठेक्का सूचना नं. | बिवरण | जमानत रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र दाखिला गर्ने अन्तिम दिन | बोलपत्र खुल्ने दिन |
|---|---|---|---|---|---|---|---|
| १ | BH/NCB/PMED/ 09/080/81 | Procurement of Medicnes for Hospital Pharmacy | 2844920/- | 10000/- | २०८०/०८/२३ कार्यालय समय भित्र | २०८०/०८/२४ १२ बजे भित्र | २०८०/०८/२४ २ बजे |
| २ | BH/NCB/PSURG /10/080/81 | Procurement of Surgical Items for Hospital Pharmacy | 226600/- | 3000/- | २०८०/०८/२३ कार्यालय समय भित्र | २०८०/०८/२४ १२ बजे भित्र | २०८०/०८/२४ २ बजे |

**प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट**

---

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure**

## Local Infrastructure Development Project Office

**Sudurpashchhim Province**
**Dhangadhi, Kailali**

### Invitation for Bids

**Date of First Publication: 2080/07/24 (10th Nov, 2023)**

Local Infrastructure Development Project Office (LIDPO), Dhangadhi invites electronic bids only from Nepalese eligible bidders for the Construction and Upgrading of Various Road works as follows Contract Identifications under National Competitive Bidding procedures. Eligible Bidders may download the bidding documents for e-submission from PPMO's Website http://www.bolpatra.gov.np/egp. Pre-bid meeting shall be held at LIDPO, Dhangadhi on **2080/08/12** at 13:00 Hrs. Electronic bids must be submitted through PPMO website on or before 12:00 Hrs on **2080/08/24**. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs on **2080/08/24** at LIDPO, Dhangadhi.

***Contract Identifications:***

***1) LIDPO/DHA/WORKS/NCB/01/080-81,***
***2) LIDPO/DHA/WORKS/NCB/02/080-81, and***
***3) LIDPO/DHA/WORKS/NCB/03/080-81***

**Office Chief**

# अध्यक्ष नेम्वाङविरुद्धको अविश्वासको प्रस्ताव असफल




**पोष्टराज अधिकारी** / नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष पंकजविक्रम नेम्वाङविरुद्धको अविश्वासको प्रस्ताव असफल भएको छ। हेर्दौंडामा भएको विशेष साधारणसभामा अविश्वासको प्रस्ताव दर्ता गर्ने पक्षले नै भोटिङ बहिष्कार गरेपछि नेम्वाङविरुद्धको प्रस्ताव असफल भएको हो। एन्फाको विशेष साधारणसभामा नेम्वाङविरुद्धको अविश्वासको प्रस्तावमा मतदान भएको थियो। एन्फाका ८७ मताधिकार पाएकामध्ये ५३ मात्र भोट खसेको थियो। नेम्वाङले आफ्नो पक्षमा ५२ भोट प्राप्त गरे।

> ८७ मताधिकारमध्ये ५२ भोट आफ्नो पक्षमा राख्न सफल भएपछि एन्फा अध्यक्ष नेम्वाङले पद रक्षा गरेका छन्

एक भोट बदर भएको थियो। मताधिकार पाएका दुईतिहाइले मात्र अध्यक्षसहित अरू सदस्यलाई बर्खास्त गर्न सक्ने विधानमा उल्लेख छ। मतदानका क्रममा असन्तुष्ट ३४ सदस्य सहभागी भएनन्। मतदानअघि दुई पक्षबीच तनाव उत्पन्न भएको थियो। विशेष साधारणसभामा अध्यक्ष नेम्वाङले बोलेपछि एन्फाकै पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पाले बोल्न खोजेका थिए। तर, त्यसपछि होहल्ला भयो। विशेष साधारणसभाको उद्घाटन सत्र नभई मतदान सुरु भएको थियो। शेर्पा पक्षले आफूहरूलाई बोल्न नदिएको र विधान मिचेको आरोप लगाउँदै मतदान बहिष्कार गरेको थियो।

३४ मताधिकार सदस्य साधारणसभाका लागि उपस्थित भए पनि भोटिङमा अनुपस्थित भएका थिए। आफूविरुद्धको अविश्वासको प्रस्ताव रक्षा गरेपछि नेम्वाङले सबै मिलेर फुटबल विकासमा लाग्नुपर्ने बताएका छन्।

### मिलेर फुटबल विकास गर्नुपर्ने

फुटबल इतिहासमा उनी पहिलो अध्यक्षका रूपमा अविश्वासको प्रस्ताव सामना गर्ने व्यक्ति बनेका छन्। 'एक वर्षमै अविश्वासको प्रस्ताव सामना गर्‍यौं, अब वैधानिक बाटो निस्किएको छ,' उनले भने, 'सबै मिलेर नेपाली फुटबलमा राम्रो गर्नुपर्छ।' उनले कहींकतै नभएको अविश्वास प्रस्तावको सामना गर्नुपरेको भन्दै दुःखेसो पोखेका थिए। यसैगरी पूर्वअध्यक्ष शेर्पाले अविश्वासको प्रस्तावको मतदानअघि आफूहरूलाई बोल्न नदिएको आरोप लगाएका छन्। 'अध्यक्षले प्रस्ताव राख्ने हामीलाई बोल्न दिनुभएन, दोस्रो नम्बरमा महासचिवको बर्खास्तीको प्रस्ताव हटाइयो, तेस्रो कुरा कार्यसमितिको बैठक हुँदा विधानको धारा २३ को ९ उल्लेख भएअनुसार जसउपर उजुरी परेको छ, कार्यसमितिको बैठकबाट हटेर वरिष्ठले कार्यसमितिको बैठक सञ्चालन गर्नुपर्नेमा त्यो पनि गर्न भएन,' शेर्पाले भने।

उनले विधि र विधानअनुसार चल्नका लागि जहिले पनि आवाज उठाउने काम गर्ने पनि बताएका छन्। 'हामीले पहिलेदेखि नै विशेष साधारणसभाको वैधानिकता नै छैन भनेका थियौं, कार्यसमिति बैठक राख्नुभयो, एकजना सदस्य खोजेर ११ जना पुऱ्याएर साधारणसभा तोकियो, यस्तो निर्णय आपत्कालीन बैठकले होइन नर्मल कार्यसमिति बैठक बोलाउनुपर्ने हो,' शेर्पाको भनाइ छ।

गत २५ भदौमा एन्फाका अध्यक्ष र महासचिव नेपाली फुटबललाई धराशयी बनाउन उद्यत रहेको र उनीहरू पदमा रहे नेपाली फुटबलको भविष्यमा नै क्षति पुग्ने भन्दै बर्खास्त गर्न माग गर्दै पत्र दर्ता गरिएको थियो। एन्फा केन्द्रीय समितिले अध्यक्षको एजेन्डा मात्र साधारणसभामा लाने निर्णय गरेको थियो। अध्यक्ष र महासचिवमाथि १९ आरोपसमेत लगाइएको थियो।

## खेल संक्षेप

### मुसीकोटमा प्रथम मेयर कप सुरु

**गुल्मी** / मुसीकोट प्रथम मेयर कप भलिबल प्रतियोगिता बिहीबारदेखि सुरु भएको छ। प्रतियोगिताको उद्घाटन लुम्बिनी प्रदेश सभा सदस्य डिल्लीराज भुसाललले उद्घाटन गरेका छन्। मुसीकोट नगरपालिका- ४ ग्वादीकाचौरमा २४ कात्तिकसम्म चल्ने मेयर कपमा मुसीकोट नगरपालिकासँगै गुल्मीका रेसुंगा, कालीगण्डकी, मदाने, चन्द्रकोट, मालिका र बाग्लुङ तमानखोला, निसी, बडीगाड र गल्कोट नगरपालिका सहभागी रहेको मुसीकोट नगर खेलकुद विकास समिति अध्यक्ष सन्दीप खत्रीले जानकारी दिए। विजेताले डेढ लाख र उपविजेताले एक लाख रुपैयाँ हात पार्नेछन्।

### पञ्चकन्या र तीनपोखरी फाइनलमा

**संखुवासभा** / मानेभञ्ज्याङमा चलिरहेको आठौं अरुणभ्याली फुटबल प्रतियोगिताको फाइनलमा पञ्चकन्या र तीनपोखरी पुगेका छन्। प्रतियोगिताको बिहीबार भएको सेफिफाइनलमा मिर्मिरे क्लबलाई हराउदै तीनपोखरीले टाइब्रेकरमा हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो। अर्को खेलमा खाँदबारी युथमाथि पञ्चकन्याले १-० को कठिन जित निकाल्यो। खाँदबारीले अन्तिम समयसम्म गोल फर्काउने प्रयास गरेको थियो। १२ टोलीले भाग लिएको प्रतियोगिताको विजेताले दुई लाख र उपविजेताले एक लाख रुपैयाँ पाउनेछन्।

# माहिकाको जोडी च्याम्पियन

**काठमाडौं** / अभिलाषा विष्ट र माहिका राणाको जोडीले तेस्रो वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिताको महिला डबल्समा बिहीबार स्वर्ण जितेको छ। सातदोबाटोस्थित टेनिस कोर्टमा बिहीबार भएको फाइनलमा माहिकाको जोडीले प्रकृति श्रेष्ठ र रायना शाहको जोडीलाई ६-३ र ६-१ को सोझो सेटमा पराजित गऱ्यो। भेट्टान ५५ वर्षमाथि पुरुष एकलमा विमलकुमार गुरुङ पहिलो भए। उनले फाइनलमा जीवन घिमिरेलाई ६-३ र ६-४ को सीधा सेटमा हराए। वीर गणेशमान सिंह फाउन्डेसन तथा वीर गणेशमान सिंह स्पोर्टस् कमिटीद्वारा संयुक्त आयोजित प्रतियोगिताको भेट्टान ३५ वर्षमाथि पुरुष डबल्समा सन्तोष खत्री र सुवास बस्नेतको जोडीले जितेन्द्र परियार र इलम दिक्षितको जोडीलाई ६-४ र ६-३ ले हराउँदै फाइनल स्थान पक्का गरे। जुनियरको पुरुष डबल्समा वृजेश अर्याल र शाश्वत बज्राचार्यको जोडी पहिलो भयो।




**सानिमा बैंक लिमिटेड शाखा कार्यालय घोराहीका ऋणी र व्यक्तिगत जमानतकर्ताहरूलाई सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना**

तपसिलका ऋणीले यस बैंकबाट लिएको कर्जाको बैकसँग गरेको सम्झौता बमोजिम बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र बैकमा सम्पर्क राखी सम्झौता बमोजिम बैकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्र्यौट गर्न गराउन हुन ऋणी तथा जमानी दिनु हुने लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ । यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैकलाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान, फछ्र्यौट नगरेमा कर्जाको सुरक्षणको लागि बैकमा धितो रहेको चल/अचल सम्पत्ति बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित ऐन कानून बमोजिम बैकले आफ्नो कब्जामा लिई वा नलिई लिलाम बिक्री गरि वा नेगोशेसन लगायत अन्य जुनसुकै तरिकाबाट बिक्री गरी बैकको लेना बाँकी सम्पूर्ण रकम असुल उपर गरिने छ र सो लिलाम बिक्रीबाट बैकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी, जमानी दिनेको घर घरानाको अन्य चल/अचल सम्पत्तिबाट कानून बमोजिम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरू तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

**तपसिलः**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| डिलु ओलीको नाती खलु ओलीको छोरा रोल्पा जिल्ला पाखापानी गा.बि.स/न.पा. वडा नं. ०२ बस्ने खुमलाल ओली । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| अर्जुन खत्रीकी छोरी खुमलाल वलीकी श्रीमती नुवाकोट जिल्ला शिवपुरी गा.पा./न.पा. वडा नं. ०१ बस्ने श्रीमती मिना कुमारी खत्री वली । |
| डिलु ओलीको नाती, खलु ओलीको छोरा, रोल्पा जिल्ला पाखापानी गा.बि.स/न.पा. वडा नं. ०२ बस्ने तुलसि ओली । |
| कृष्णबहादुर खत्रीकी छोरी, तुलसि ओलीकी श्रीमती, रोल्पा जिल्ला सुकिदह गा.पा./न.पा. वडा नं. ४ बस्ने श्रीमती डिला के.सी. । |
| **धितो सुरक्षणको विवरण :** |
| धनी सानिमा बैक लिमिटेड (श्री खुमलाल ओली) को नाममा यातायात व्यवस्था कार्यालय, तुलसिपुर दाङमा दर्ता रहेको निम्न बमोजिमको गाडी । |

| क्र.सं. | सवारी नं. | ईन्जिन नं. | च्यासिस नं. | बनेको वर्ष |
|---|---|---|---|---|
| १. | रा १ ख २७९९ | 12D63866702 | MAT448137M3R10706 | २०२१ |

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



**सानिमा बैंक लिमिटेड शाखा कार्यालय भैरहवाका ऋणी र व्यक्तिगत जमानतकर्ताहरूलाई सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना**

तपसिलका ऋणीले यस बैंकबाट लिएको कर्जाको बैकसँग गरेको सम्झौता बमोजिम बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र बैकमा सम्पर्क राखी सम्झौता बमोजिम बैकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्र्यौट गर्न गराउन हुन ऋणी तथा जमानी दिनु हुने लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ । यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैकलाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान, फछ्र्यौट नगरेमा कर्जाको सुरक्षणको लागि बैकमा धितो रहेको चल/अचल सम्पत्ति बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित ऐन कानून बमोजिम बैकले आफ्नो कब्जामा लिई वा नलिई लिलाम बिक्री गरि वा नेगोशेसन लगायत अन्य जुनसुकै तरिकाबाट बिक्री गरी बैकको लेना बाँकी सम्पूर्ण रकम असुल उपर गरिने छ र सो लिलाम बिक्रीबाट बैकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी, जमानी दिनेको घर घरानाको अन्य चल/अचल सम्पत्तिबाट कानून बमोजिम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरू तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिलः**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| बिल बहादुर परियारको छोरी, बिर बहादुर नेपालीको श्रीमती, रुपन्देही जिल्ला पर्रोहा गा.वि.स वडा नं. ०१ बस्ने **श्रीमती शान्ति कुमारी नेपाली ।** |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| १. कमान सिहंको नाति, कृष्ण बहादुर नेपालीको छोरा, रुपन्देही जिल्ला पर्रोहा गा.वि.स वडा नं. ०१ बस्ने **बिर बहादुर नेपाली ।** |
| २. कृष्ण बहादुर नेपालीको नाति, बिर बहादुर नेपालीको छोरा, रुपन्देही जिल्ला सैनामैना नगरपालिका वडा नं. ०४ बस्ने **अजय परियार ।** |
| ३. इन्द्रमान श्रेष्ठको छोरी, अजय परियारको श्रीमती, रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. १२ बस्ने **श्रीमती स्नेहा श्रेष्ठ ।** |
| **धितो सुरक्षणको विवरण :** |
| **श्रीमती शान्ति कुमारी नेपाली**को नाममा मालपोत कार्यलय रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ०३ को कित्ता नं ८० को २०३.१६ ब.मी क्षेत्रफलमा रहेको जग्गा सो जग्गामा बनेको घर र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



**Dakshinkali Municipality**
**Office of Municipal Executive**
Pharping, Kathmandu
Bagamati Province, Nepal

**Invitation for Electronic Re-Bid**

**First Date of Publication : 2080-06-10**
**Second Date of Publication : 2080-07-24**

Dakshinkali Municipality, Office of Municipal Executive invites electronic bids fromNepalese eligible bidders for the Procurement of supply and delivery of Surgical item in Dakshinkali Municipality under Sealed Quotation (SQ) procedures. For further information visit the public procurement website www.bolpatra.gov.np/egp and the Municipal office website www.dakshinkalimun.gov.np.

| Contract ID No. | Description of Works | Total Estimated Amt. (Exclusive of VAT) Nrs. | Bid Security Amt. (Nrs.) | Bid Validity Period | Bid Document Fee (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|
| DM/SQ/GOODS/ 2080-081/03 | Bima Sewa tatha Aadharvut (Nishulka) Surgical Samagri Kharid | 15,02,027.00 | 40,000.00 | 75 days | 1,000.00 | |

**- Chief Administrative Officer**



**बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन**
**दरभाउपत्र (e-bidding) आह्वानको सूचना**
**(प्रकाशित मिति २०८०/०७/२४)**

चालु आ.व. ०८०/०८१ मा यस अस्पतालको लागि आवश्यक पर्ने Non Woven (Fiber) Bag, Barcode, Dot Matrix Printer and Paper Related Goods लगायतका मालसामान दरभाउपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने भएकाले नियमानुसार योग्य तथा ईच्छुक सप्लायर्स/फर्म/कम्पनिहरुबाट दरभाउपत्रमा उल्लेखित शर्तहरुमा रहि सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम दरभाउपत्र (e-bidding Only ) आव्हान गरिएको सुचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ। यस सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मा गई यस अस्पतालको नामबाट विस्तृत विवरण हेर्न तथा डाउनलोड सकिने छ।

**कार्यकारी निर्देशक**



**दरौंदी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
बाँसबारी, काठमाडौं, फोन नं.: ०१-४३७७१३३

**कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८०/०७/२४ गते

यस सहकारीको तपशिलको ऋणी सदस्यले बाँसबारी कार्यालयबाट उपभोग गरेको साँवा, व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत सदस्यले तिर्न बुझाउन पर्ने कर्जाको साँवा, व्याज, हर्जना र अन्य दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा, व्याज र हर्जना समेत बुझाउनुहुन सम्बन्धित ऋणी, धितो जमानतकर्ता र जमानी कर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान नगरेमा ऋण लिदाँ यस सहकारी संस्थालाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस सहकारी संस्थाको सम्पूर्ण रकम असूल उपर नभएमा वा कथम कदाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी सदस्यको एकाघर संगोल परिवारको नाममा रहेको चल अचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरिलिने तथा ऋणी र जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

| ऋणि | जमानी |
|---|---|
| **नाम : सुदर्शन नेपाल**<br>बाबु : रुद्र प्रसाद नेपाल<br>बाजे : नन्दी केशर नेपाल<br>ना.प्र.नं. : ३२२५८<br>ठेगाना : नागर्जुन न.पा. वडा नं.२, सानोभन्याङ | नाम : लक्ष्मी नेपाल<br>बाबु : सानु मनोरथ दुलाल<br>बाजे : केदारनाथ दुलाल<br>ना.प्र.नं. : २५३०४७/२१६<br>ठेगाना : नागर्जुन न.पा. वडा नं.२, सानोभन्याङ |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षण धनीको विवरण**

सुदर्शन नेपालको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला भिमढुंगा गा.वि.स/नगरपालिका वडा नं. ९ को कित्ता नं. ३ को क्षेत्रफल १०-०-०-०/५०८७.४० व.मी. जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।



**Peoples Hydropower Company Ltd.**
Buddhanagar-10, Kathmandu Nepal
**Unaudited Statement of Financial Position**
**(For the Period of 1st Quarter as at Ashoj End 2080, Fiscal Year 2080/081)**

| Particulars | Current Quarter Ending (30 Ashoj, 2080) | Previous Quarter Ending (31 Ashad, 2080) | Previous Year Third Quarter Ending (30 Chaitra, 2079 |
|---|---|---|---|
| **ASSETS AND PROPERTIES** | | | |
| **Non-Current Assets** | | | |
| Gross Property, Plant & Equipment | 10,856,068,553.32 | 10,568,690,674.71 | 135,179,867.12 |
| Less: Accumulated Depreciation | (230,121,537.60) | (128,835,306.34) | (64,626,251.80) |
| **Net Property, Plant & Equipment** | **10,625,947,015.72** | **10,439,855,368.37** | **70,553,615.32** |
| **Project WIP** | - | - | **10,087,139,051.26** |
| **Total Non Current Assets** | - | - | **10,087,139,051.26** |
| **Investment** | **93,006,195.57** | **92,994,695.57** | **92,801,695.57** |
| **Current Assets** | | | |
| Cash & Bank Equivalents | 164,003,084.12 | 83,040,512.24 | 24,531,694.87 |
| Trade & Other Advances | 401,433,674.80 | 357,182,726.16 | 426,973,244.49 |
| Margin and Deposit | 9,575,918.01 | 9,606,339.96 | 15,534,992.72 |
| Total Current Assets | 575,012,676.93 | 449,829,578.36 | 467,039,932.08 |
| **Total Assets** | **11,293,965,888.22** | **10,982,679,642.30** | **10,717,534,294.23** |
| **EQUITY & LIABILITIES** | | | |
| **Equity** | | | |
| **Share Capital** | | | |
| **Total Share Capital** | **3,200,000,000.00** | **3,200,000,000.00** | **3,200,000,000.00** |
| Reserve & Surplus | (120,910,294.27) | (84,800,216.37) | |
| **Total Equity** | **3,079,089,705.73** | **3,115,199,783.63** | **3,200,000,000.00** |
| **Non-Current Liabilities** | | | |
| Term & BGL Loan | 7,680,266,474.90 | 7,346,939,279.70 | 7,102,478,512.98 |
| Current Liabilities | | | |
| Current Liabilities & Payables | 534,609,707.59 | 520,540,578.97 | 415,055,781.25 |
| **Total Current Liabilities** | **534,609,707.59** | **520,540,578.97** | **415,055,781.25** |
| **Total Equity & Liabilities** | **11,293,965,888.22** | **10,982,679,642.30** | **10,717,534,294.23** |

**INCOME STATEMENT**
(Period From 1st Shrawn 2080 to 30 Ashoj 2080)

| Particulars | Current Quarter Ending (30 Ashoj, 2080) | Previous Quarter Ending (31 Ashad, 2080) | Previous Year Third Quarter Ending (30 Chaitra, 2079 |
|---|---|---|---|
| Income From Power Sales | 101,433,200.00 | 108,380,988.00 | |
| Other Income | 4,340.00 | | |
| **Total Income** | **101,437,540.00** | **108,380,988.00** | - |
| Less: | | | |
| Direct Expenses | 16,913,371.94 | 30,262,444.70 | |
| **Operating Profit/(Loss)** | **84,524,168.06** | **78,118,543.30** | - |
| Less: | | | |
| Administrative Expenses | 5,961,668.56 | 4,411,419.23 | |
| Financial Cost | 13,386,346.15 | 97,067,000.54 | |
| Depreciation | 101,286,231.25 | 61,440,339.90 | |
| **Profit/(Loss) Before Tax** | **(36,110,077.90)** | **(84,800,216.37)** | - |
| Provision for Tax | - | - | - |
| **Profit / Loss up to Last Year** | **(84,800,216.37)** | | |
| **Net Profit/(Loss) Transferred to Reserve & Surplus** | **(120,910,294.27)** | **(84,800,216.37)** | - |

**Note:** " Note: The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूचि-१४, (नियम २६ को उप नियम (१) सँग सम्बन्धित)

**आ.ब. २०८०/२०८१ को प्रथम त्रैमासिकको अपरिष्कृत प्रतिवेदन**

१. **वित्तिय विवरणः**
क. आ.व. २०८०/०८१ को प्रथम त्रैमासिकको वासलात तथा नाफा नोक्सान हिसाव यसै साथ प्रकाशित गरिएको छ।
ख. उक्त वासलातको आधारमा कम्पनीको प्रमूख वित्तीय अनुपात निम्नानुसार छ।

| विवरण | यस त्रैमासिक | गत त्रैमासिक | गत वर्षको यस त्रैमासिक |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी | (३.७८) | (२.६५) | - |
| प्रतिशेयर नेटवर्थ | ९६.२२ | ९७.३५ | १००.०० |
| प्रतिशेयर कुल सम्पत्ती मूल्य | ३५२.९४ | ३४३.२१ | ३३४.९२ |
| मुल्य आम्दानी अनुपात | (६३.५२) | (१२६.४१) | - |
| तरलता अनुपात | १.०८ | ०.८६ | १.१३ |

२. **व्यवस्थापकीय विश्लेषणः**
क. यस पिपुल्स हाइड्रोपावर कम्पनी लि. ले सम्पन्न गरी उत्पादन शुरू गरेको सुपरदोर्दी जलविद्युत आयोजना 'ख' ५४ मे.वा. परियोजना २०८०/०२/०८ देखि व्यवसायिक उत्पादन शुरु भएको र Contingency Plan अन्तर्गत विद्युत विक्री भई राष्ट्रिय प्रसारण लाईनमा जोडिएकोले पूर्ण क्षमतामा सन्चालन हुन नपाएको अवस्था छ।
ख. कम्पनीको पूर्ण स्वामित्वमा रहेको ५७ मे.वा. को हिमचुली दोर्दी जलविद्युत आयोजना एण्ड हुने प्रकृयामा रहेको छ।
ग. निर्माण अवधि लम्बिन गएको विदेशी विनिमय दरमा भएको वृद्धि र व्याजदरमा भएको वृद्धिले गर्दा आयोजनाको लगत बढ्नगै कम्पनीलाई आर्थिक भार थपिएको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरणः**
यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध तथा कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन।

४. **संस्थाको शेयर कारोवार सम्बन्धी विवरणः**
धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमानुसार सामान्य प्रकृतिबाट नै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि. को वेवसाइट अनुसारः

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य रु. | ३३३.०० | अन्तिम मूल्य रु. | २४०.०० |
| न्यूनतम मूल्य रु. | २३२.१० | कारोवार दिन | ६१ |
| कारोवार संख्या | २५,९६२ | कारोवार शेयर कित्ता | ८६८,०२७ |

५. **समस्या र चुनौतीः**
यस कम्पनीबाट उत्पादित विद्युत ने.वि.प्रा. १३२ के.भि. किर्तिपुर सव स्टेसन हुदै मध्य मस्याङ्गदी जलविद्युत केन्द्रको द्यबथ मा जोडी आयोजना वाट उत्पादित विद्युत प्रसारण गरिएको छ। हाल २२० के.भि. को मस्याङ्गदी करिडोर निर्माण चरणमा रहेको र पूर्ण रुपमा संचालनमा नआएकोले आयोजनाबाट उत्पादित विद्युत ने.वि.प्रा. बाट वैकल्पिक व्यवस्था अनुसार खरिद गर्ने गरेको छ। Electromechanical मेशिनरीमा आउने प्राविधिक गडबढीले संचालनमा समस्या देखिने गरेको छ।

६. **संस्थागत सुशासनः**
संस्थागत सुशासनको लागि कम्पनीले पालना गर्नु पर्ने नीति, नियम पूर्ण रुपमा पालना गरेको छ।

७. **सत्य तथ्य सम्बन्धी प्रवन्ध संचालकको उद्घोषण :**
यस अवधिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा कम्पनीको तर्फबाट म उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई उचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचनाहरू तथा जानकारीहरू लुकाएको छैन।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
शुक्रबार २४ कात्तिक ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

# तीन क्रिकेट रंगशाला राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत निर्माण गरिने

## मूलपानी, विराटनगर र चितवनका रंगशालालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी सरकारले चार वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखेको छ

**नयाँ पत्रिका**

सरकारले तीनवटा क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवका आयोजनामा राखेर निर्माण अघि बढाउने निर्णय गरेको छ। मन्त्रिपरिषद्को बिहीबारको बैठकले मोरङको विराटनगर, काठमाडौंको मूलपानी र चितवनको गौतमबुद्ध भरतपुर क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अगाडि बढाउने निर्णय भएको हो। नेपालले दोस्रोपटक आइसिसी टी-२० विश्वकप क्रिकेटमा स्थान बनाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तीनवटा रंगशालालाई राष्ट्रिय गौरवको आयोजनामा राखेर निर्माण गर्ने घोषणा गरेका थिए।

मन्त्रिपरिषद्को निर्णयअनुसार तीनदेखि चार वर्षमा तीनवटै क्रिकेट रंगशाला तयार हुने युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले जानकारी दिएका छन्। मूलपानी र बैजनाथपुर रंगशाला राष्ट्रिय खेलकुद परिषद्को मातहतमा रहनेछ। मूलपानीको माथिल्लो मैदानले एकदिवसीय र टी-२० अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरिसकेको छ। यस मैदानमा एसिसी प्रिमियर कप तथा आइसिसी टी-२० विश्वकपअन्तर्गत एसिया छनोट खेल भएको थियो। यसै मैदानमा नेपालले युएईलाई पराजित गरी दश वर्षपछि विश्वकपमा स्थान पक्का गरेको थियो।

माथिल्लो मैदानमा अहिले ड्रेसिङ रुम, भिआइपी र भिभिआइपी ब्लक र दुईवटा सामान्य प्याभिलियन बनिसकेको छ। क्यानको केन्द्रीय कार्यालयसँगै जोडिएको माथिल्लो मैदानमा १५ करोड रुपैयाँ पछिल्लोपटक पारित भएको थियो। यसैगरी, चितवनको भरतपुरमा धुर्मुस सुन्तली फाउन्डेसनले बनाउन थालेको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला अलपत्र छ। गत २१ कात्तिकमा बागमती प्रदेश र चितवन महानगरपालिकाले गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला बनाउने सहमति भएको थियो।

जसमा बागमतीले ७० र चितवन महानगरपालिकाले ३० प्रतिशत लगानी गर्ने सम्झौता भएको छ। धुर्मुस फाउन्डेसनले गौतम बुद्ध रंगशाला निर्माणमा ५७ करोड ९२ लाख ८५ हजार ७३८ खर्च भएको जनाएको छ। जसमध्ये १८ करोड ४३ लाख ऋण छ। फाउन्डेसनले रंगशाला निर्माण अघि बढाउन नसकेपछि भरतपुर महानगरपालिकालाई गुहार मागेको थियो।



मूलपानीस्थित माथिल्लो क्रिकेट मैदान। फाइल तस्बिर

विराटनगर महानगरपालिका वडा नम्बर १९ स्थित बैजनाथपुरमा १५ बिघा पाँच कट्ठा क्षेत्रफलमा रहेको रंगशालामा डिपिआरको काम भइरहेको छ। डिपिआरका लागि चालू आर्थिक वर्षको बजेटमा तीन करोड रुपैयाँ विनियोजन गरिएको थियो। ०५४ मा सरकारले बहुउद्देश्यीय रंगशाला बनाउने घोषणा गरी बैजनाथपुरको जग्गा ०५५ मा अधिग्रहण गरेको थियो। अधिग्रहणपछि जग्गा गौचरन बनेको छ। यसै मैदानमा सार्ती राष्ट्रिय खेलकुदअन्तर्गत क्रिकेट आयोजना भएको थियो। सार्तीं राष्ट्रिय खेलकुद प्रतियोगितापछि यहाँ खासै काम भएको छैन।

■ आइसिसी एकदिवसीय विश्वकप क्रिकेट-२०२३

# सेमिफाइनल दौडमा न्युजिल्यान्ड बलियो

**एजेन्सी**

आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा न्युजिल्यान्डको सेमिफाइनल खेल्ने सम्भावना बलियो देखिएको छ। श्रीलंकालाई पाँच विकेटले हराउँदै न्युजिल्यान्डले अन्तिम चारको सम्भावना प्रबल बनाएको हो। बेंग्लोरमा पहिलो ब्याटिङ गरेको श्रीलंका ४६.४ ओभरमा १७१ रनमा अलआउट भयो। प्रत्युत्तरमा न्युजिल्यान्डले २३.२ ओभरमा पाँच विकेटको क्षतिमा १७२ रन बनायो। जितसँगै न्युजिल्यान्डले नौ खेलबाट १० अंक जोडेको छ।

अन्तिम चारको दौडमा न्युजिल्यान्डसँगै पाकिस्तान र अफगानिस्तान रहेका छन्। पाकिस्तान र अफगानिस्तानले आठ खेलबाट समान ८ अंक जोडेका छन्। रनरेटमा पाकिस्तान माथि छ। अब पाकिस्तानले अन्तिम चारको स्थान पक्का गर्न इंग्ल्यान्डविरुद्धको खेलमा विशाल अन्तरले जित निकाल्नुपर्छ। पाकिस्तान र अफगानिस्तान आ-आफ्नो अन्तिम खेलमा पराजित हुँदा न्युजिल्यान्ड सहजै सेमिफाइनलमा पुग्नेछ। दुवै टोलीले जित निकाल्दा समान १० अंक हुनेछ। यस्तो अवस्थामा रनरेट आधार बनाइनेछ। श्रीलंकामाथिको सानदार जितले न्युजिल्यान्डको रनरेट पाकिस्तान र अफगानिस्तानको भन्दा निकै बलियो छ।



### बलियो साझेदारी

श्रीलंकाविरुद्ध सहज लक्ष्य पछ्याएको न्युजिल्यान्डले ओपनिङ उत्कृष्ट पायो। डेभोन कोन्वे र रचिन रवीन्द्रले पहिलो विकेटका लागि १२.२ ओभरमा ८६ रन बनाए। डेभोनले ४२ बलमा नौ चौकाको सहयोगमा ४५ रन जोडे। इनिङ्सको १३.३ ओभरमा रवीन्द्र पनि आउट भए। उनले ६१ बलमा समान तीन चौका र छक्का प्रहार गरी ४२ रनको योगदान दिए। त्यसपछि मिचेलले ३१ बलमा पाँच चौका र दुई छक्का प्रहार गरी ४३ रन बटुले। श्रीलंकाका लागि एन्जेलो म्याथ्युजले २९ रन खर्चेर दुई विकेट हात पारे।

### बोल्टको कसिलो बलिङ

पहिलो ब्याटिङ गरेको श्रीलंकाले न्युजिल्यान्डका फास्ट बलर ट्रेन्ट बोल्टको घातक बलिङको सामना गर्न सकेन। बोल्टले १० ओभरमा तीन मेडन राखी ३७ रन खर्चेर श्रीलंकाका तीनजना मुख्य ब्याटसम्यानलाई आउट पारे। यसैगरी फर्गुसनले ३५ रन खर्चेर दुई विकेट लिए। मिचेल सान्टर र रवीन्द्रले समान दुई विकेट लिए। फितलो ब्याटिङ गरेको श्रीलंकाको इनिङ्समा ओपनर कुशल परेरालेे सर्वाधिक ५१ रन जोडे। उनले २८ बलमा नौ चौका र दुई छक्का प्रहार गरेका थिए। इनिङ्सको एक समय श्रीलंका १२८/९ को स्थितिमा थियो। महिस थिक्षणा र दिल्सान मदुसंकाले दशौं विकेटका लागि ४३ रनको साझेदारी गर्दै श्रीलंकाललाई १७१ रनको योगफलसम्म पुऱ्याए। महिसले ९१ बलमा ३८ र दिल्सानले ४८ बलमा १९ रन जोडे।

# त्रिभुवन आर्मी फाइनलमा



**वीरगन्ज**/ त्रिभुवन आर्मी क्लब प्रथम वीरगन्ज गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। बिहीबार भएको पहिलो सेमिफाइनलमा आर्मीले संकटा क्लबलाई १-० ले हराउँदै अन्तिम दुईमा स्थान पक्का गरेको हो। खेलको २२औं मिनेटमा आर्मीले एक मात्र गोल गरेको थियो। आर्मीका लागि रिपु बलोनले गरेको एक मात्र गोल निर्णायक बन्यो। आर्मीले सुरुदेखि नै संकटामाथि दबाब राखेको थियो। संकटाका खेलाडीले आर्मीविरुद्ध गोल फर्काउने निकै प्रयास गरेका थिए। तर, उत्कृष्ट फिनिसिङ गर्न नसक्दा संकटा सेमिफाइनलबाटै बाहिरियो।

खेलमा आर्मीका रिपु बलोनले म्यान अफ दी म्याच हुँदै १० हजार रुपैयाँ प्राप्त गरे। अब आर्मीले नेपाल पुलिससँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ। आयोजक भेट्रान सिटी क्लबलाई हराएर पुलिस फाइनलमा प्रवेश गरेको थियो। उपाधि भिडन्त शनिबार हुनेछ।

# महिला राष्ट्रिय टोलीको नयाँ कप्तान इन्दु

**नयाँ पत्रिका**

अलराउन्डर इन्दु बर्मा नेपाली राष्ट्रिय क्रिकेट टोलीकी नयाँ कप्तान बनेकी छिन्। नेपाल क्रिकेट संघ (क्यान)ले रुविना क्षेत्रीलाई हटाउँदै बर्मालाई हङकङमा हुने टी-२० सिरिजका लागि कप्तानीको जिम्मेवारी दिएको हो। बर्मा कप्तानी भएसँगै रुविनाको ११ वर्षदेखि महिला टोलीको कप्तानी समाप्त भएको छ। २०१२ मा रुविनाले पहिलोपटक कप्तानी सम्हालेकी थिइन्। उनले नेरी थापालाई विस्थापित गरेकी थिइन्। रुविनाले २००९ मा सिंगापुरविरुद्ध राष्ट्रिय टोलीबाट डेब्यु गरेकी थिइन्।

रुविनाले नेपालका लागि ४६ अन्तर्राष्ट्रिय टी-२० खेलमा ५०२ रन बनाएकी छिन्। उनले ३३ विकेट लिएकी छिन्। राष्ट्रिय छनोट समिति र क्रिकेट म्यानेजरको प्रस्तावअनुरूपै हङकङमा हुने सिरिजका लागि रुविनाको स्थानमा इन्दुलाई जिम्मेवारी दिइएको क्यानका सचिव तथा पूर्वकप्तान पारस खड्काले जनाएका छन्। 'सबै क्षेत्रबाट प्रस्ताव आएपछि बोर्ड बैठकले नयाँ कप्तानीका रूपमा इन्दुलाई चयन गरिएको हो,' खड्काले भने।

### २०१९ मा डेब्यु

नयाँ कप्तान इन्दुले २०१९ मा चीनविरुद्ध अन्तर्राष्ट्रिय टी-२० खेलमा डेब्यु गरेकी थिइन्। चार वर्ष अवधिमा उनी प्रभावशाली अलराउन्डरका रूपमा स्थापित भएकी छिन्। उनले अहिलेसम्म राष्ट्रिय टोलीबाट ४४ अन्तर्राष्ट्रिय टी-२० खेलमा ३७ इनिङ्स खेलेकी छिन्। यसक्रममा उनले एकपटक अर्धशतकीय इनिङ्स खेलिन्। उनले ४९३ रन बनाएकी छिन्। उनले टी-२० खेलमा २९ चौका प्रहार गरेकी छिन्। ब्याटिङसँगै बलिङमा समेत स्तरीय प्रदर्शन गर्न सक्ने इन्दुले २३ अन्तर्राष्ट्रिय विकेट हात पारेकी छिन्। उनले २३ इनिङ्समा ३.७४ को इकोनोमी रनरेटमा बलिङ गरेकी छिन्। यसै वर्ष मलेसियामा भएको सिरिजमा उनले बहराइनविरुद्ध उत्कृष्ट बलिङ प्रदर्शन गरेकी थिइन्।

### तेस्रो स्थानमा धेरै रन

इन्दुले पहिलोदेखि छैंटो स्थानसम्म ब्याटिङ गरेकी छिन्। उनले चारपटक ओपनिङ गर्दा समग्रमा २४ रन बनाइन्। तेस्रो स्थानमा रहँदै उनले सर्वाधिक रन बनाएकी छिन्। यस स्थानमा रही उनले २० अन्तर्राष्ट्रिय खेलमा २७० रन बनाइन्। यसैगरी चौथो स्थानमा रही ब्याटिङ गरी उनले १४८ रन जोडेकी छिन्।

### रावल उपकप्तान

हङकङमा अल स्टार्स टी-२० सिरिजका लागि बिन्दु रावललेे उपकप्तानीको जिम्मेवारी पाएकी छिन्। अल स्टार्स सिरिजपछि नेपाललेे ३९ कात्तिकदेखि ३ मंसिरसम्म हङकङमै हुने टी-२० सिरिजमा प्रतिस्पर्धा गर्नेछ। सो प्रतियोगितामा आयोजक हङकङसहित नेपाल, जापान र तान्जानिया रहेका छन्।

नेपाललेे पहिलो खेल २९ कात्तिकमा तान्जानियाविरुद्ध खेल्नेछ। त्यसपछि ३० कात्तिकमा आयोजक हङकङसँग प्रतिस्पर्धा गर्नेछ। समूहको अन्तिम खेल नेपाल र जापानबीचको खेल २ मंसिरमा हुनेछ। प्रतियोगिताको शीर्ष दुई टोलीबीच उपाधि भिडन्त हुनेछ। यसपटकको टोलीमा कञ्चन श्रेष्ठ, सोमु विष्ट र सोनी पाखिन नयाँ खेलाडी रहेका छन्।

### नेपाली टोली

इन्दु बर्मा (कप्तान), बिन्दु रावल (उपकप्तान), रुविना क्षेत्री, सीता रानामगर, अश्मिना कर्मचार्य, काजोल श्रेष्ठ, रोमा थापा, संगीता राई, सम्झना खड्का, खुसी डंगोल, पूजा महतो, कञ्चन श्रेष्ठ, सोमु विष्ट, सोनी पाखिन



## खेल संक्षेप

### एलजी अन्तिम चारमा

**कास्की**/ एलजी एसोसियसन र एन टु कफी सप पोखरामा चलिरहेको प्रथम खुल्ला लामाचौर कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। एलसी ब्रदर्श लामाचौरमा बिहीबार भएको पहिलो क्वाटरफाईनमा एलजीले गण्डकी स्पोर्ट्स क्लबलाई २-१ ले हराउँदै अन्तिम चारमा आफ्नो स्थान बनाएको हो। एलजीको जितमा अनिष तामाङ र अनुज भण्डारीले गोल गरेका थिए। अर्को खेलमा एन टुले ढिकुर पोखरी सञ्जाल नौडाँडालाई ३-१ ले पाखा लगाउँदै एन टु कफीले सेमिफाइनल स्थान पक्का गऱ्यो। एन टुका लागि कुल तामाङ, रोशन मगर र सिमोन तामाङले गोल गरेका थिए। बिहीबारको खेलसँगै अन्तिम चारको समिकरण तयार भएको छ।

### ड्रोग्बाले एनएसएल उद्घाटन गर्ने

**काठमाडौं**/ आइभरी कोस्ट तथा चेल्सीका पूर्वखेलाडी डिडिएर ड्रोग्बाले दोस्रो नेपाल सुपर लिग (एनएसएल)को उद्घाटन गर्ने भएका छन्। नेपाल स्पोर्टस् तथा इभेन्ट्स म्यानेजमेन्ट प्रालि (एनएसइएम)ले बिहीबार प्रतियोगिताको उद्घाटनका लागि विश्वचर्चित फुटबलर ड्रोग्बा नेपाल आउने जानकारी दिएको हो। ड्रोग्बा फाउन्डेसन र एनएसएल मिलेर जाजरकोटमा गएको भूकम्पपीडितका लागि २० लाख रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्नेसमेत जनाएको छ। 'ऐक्यबद्धता र समर्थनको भावस्वरूप, ड्रोग्बा फाउन्डेसन र एनएसएलले जाजरकोटमा भएको विनाशकारी भूकम्पपीडितलाई सहयोग गर्न प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा २० लाख रुपैयाँ उपलब्ध गराउने छ,' विज्ञप्तिमा भनिएको छ।




नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com